# खण्ड एक

## १. सिर्जजनात्मक लेखनसम्बन्धी प्राक्कथन

### १.१ सिर्जनात्मक लेखन नाम दर्ता, अध्ययन तथा लेखनविधि

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागको नेपाली स्नातकोत्तर तह, द्वितीय वर्ष, दसौँ पत्रको आंशिक आवश्यकता परिपूर्तिको मूल प्रयोजनका लागि यो सिर्जनापत्र प्रस्तुत गरिएको हो । झण्डै एकदशक अघिदेखि आफूभित्र रहेको सिर्जनासम्बन्धी उत्सुकतालाई पूर्वीय काव्यहेतु, प्रतिभा, व्युत्पत्ति र अभ्यासजस्ता तत्त्वहरूद्वारा सकेसम्म परिष्कार र परिमार्जन गरी काव्यसिर्जना प्रक्रियामा सफलता हासिल गर्न सकियोस् भन्ने उद्देश्यले यो 'अप्ठ्यारो जिन्दगी' (कवितासङ्ग्रह) तयार पारिएको हो । यस सङ्ग्रहका कविताहरू मुक्तछन्द अर्थात गद्यशैलीमा रहेका छन् । वि.सं. २०६२ सालमा यसै क्याम्पसमा नेपाली स्नातकोत्तर तहमा अध्ययन प्रारम्भ गरी वि.सं.२०६४ मा दोस्रो वर्षको अध्ययन पूरा गरिसकेपछि वि.सं. २०६५ चैत्र महिनामा उल्लिखित उद्देश्यको परिपूर्तिका लागि नाम दर्ता गराएको हुँ । सिर्जनात्मक लेखनका निम्ति नाम दर्ता भएअनुसार निम्न कार्यहरू सम्पन्न भएका छन्:

क) निर्धारित कक्षाहरूमा सिर्जनात्मक लेखनसम्बन्धी अध्ययन

ख) कवितापरिभाषा र सिद्धान्तसम्बन्धी पूर्वीय एवम् पाश्चात्य मान्यताका साथै नेपाली विद्वान्हरूको दृष्टिकोणसम्बन्धी अध्ययन

ग) कवितातत्त्वसम्बन्धी सैद्धान्तिक अध्ययन

घ) नेपाली कविताको विकासक्रमसम्बन्धी कालक्रमिक अध्ययन

ङ) पाँच आधुनिक कविका पन्ध्र प्रतिनिधि गद्यकविताको सामान्य अध्ययनविश्लेषण

च) मुक्त छन्द (गद्यलय) मा कविता लेखन र परिष्कार-परिमार्जनसहित मौलिक सिर्जना तथा शैली स्थापनाको प्रयास

छ) प्रस्तुत कवितासङ्ग्रहसम्बन्धी आत्मधारणाको प्रतिपादन ।

## १.२ निर्धारित कक्षाहरूमा सिर्जनात्मक लेखनसम्बन्धी अध्ययन

सिर्जना शब्दको व्युत्पत्ति 'सृज्' धातुमा 'अन्+आ' प्रत्यय लागेर बनेको हो । सृज्को अर्थ कुनै नयाँ कुराको उत्पादन वा रचना गर्नु हो । अन्+ आ प्रत्यय लागेपछि बनेको सिर्जना शब्दले कुनै वस्तुको आविष्कार गर्नु ,सृष्टि गर्नु वा रचना गर्नु भन्ने जनाउँछ । त्यसकारण सिर्जना कलासँग सम्बन्धित शब्द हो । सिर्जनाको तात्पर्य साहित्यसँग पनि सम्बन्धित छ । साहित्यसँग सम्बन्धित सिर्जना भन्नाले मनमा उब्जिएका वा स्फुरण भएका भाव वा अनुभूतिलाई भाषाका माध्यमबाट अभिव्यक्ति दिनु हो । साहित्यका विविध विधा सिर्जनाकै विभिन्न प्रकारहरू हुन् । साहित्य सिर्जनाका पनि आ**फ्नै** सिद्धान्त र विधिहरू हुन्छन् । सिर्जनात्मक लेखनसम्बन्धी सामान्य सिद्धान्त र विधिका बारेमा स्नातकोत्तर तह प्रथम र द्वितीय वर्षका पाठ्यक्रममा निर्धारित पाठ्यपुस्तक तथा सोहीबमोजिम निर्धारित कक्षागत अध्ययनबाटै जानकारी हासिल भएको हो । अध्ययनकै क्रममा पूर्वीय काव्यसिद्धान्तमा काव्यहेतुका तत्व मानिएका प्रतिभा, व्युत्पत्ति र अभ्यास विधिका बारेमा बोध भएको हो ।

व्युत्पत्तिअन्तर्गत भाषिक एवम् व्याकरणिक अवस्थादेखि प्राचीन पूर्वीय र पाश्चात्य काव्यशास्त्रीय चिन्तन, मूल्य, मान्यता, प्रवृत्ति तथा आजसम्मको काव्यहेतुको अर्को महत्त्वपूर्ण कारकतत्व अभ्यासका निमित्त पाठ्यक्रममा समाविष्ट सिर्जनविधिअन्तर्गत वाक्यपरिपाक अर्थात् शैली र काव्यपरिपाक अर्थात् काव्यको सम्पूर्ण परिष्कार र परिमार्जनमा ध्यान दिनुपर्ने वा अँगाल्नुपर्ने विधिबारे पनि सामान्यतया ज्ञान भयो ।

कवितासिर्जनाप्रक्रियामा हृदय र मस्तिष्क पक्षको सम्यक् सन्तुलन आवश्यक हुने हुँदा त्यसका निम्ति कल्पना, भाव अनि शिल्पशैली र शब्दसंयोजनको कला आवश्यक हुँदो रहेछ । काव्य सिर्जनाक्रममा सर्जकले अंगाल्ने सिर्जनाविधिअन्तर्गत आन्तरिक विधि पक्ष ( विषय, सामग्री, विधागतढाँचा, शैली र स्फुरण) तथा बाह्य विधिपक्ष (प्रथमलेखन, परिमार्जनक्रम र अन्तिम साफी) समेतका बारेमा यसै अवधिमा अध्ययन गरियो । एउटा सर्जकले आफू बाँचेको समयका प्रचलित मूल्य, मान्यता, चिन्तन र प्रवृत्तिगत विशेषता तथा त्यसमा आइरहेका परिवर्तनको सूक्ष्म आँकलन गर्नसक्ने सौन्दर्यचेतना, जीवनचेतना र कालचेतनाका लागि पनि साहित्यसम्बन्धी समालोचकीय सिद्धान्तहरूको अध्ययन गर्नुपर्ने हुँदो रहेछ । यही अध्ययनबाट आफूमा समालोचकीय दृष्टिचेतनाको विस्तार भएको अनुभव पनि मैले गरें. । यसअनुरूप प्रस्तुत कवितासङ्ग्रहको आत्मधारणाको प्रतिपादन गर्ने काम भयो ।

यसरी निर्धारित कक्षाहरूमा सिर्जनात्मक लेखनसम्बन्धी जेजति अध्ययन गरियो, यसबाट प्राप्त सैद्धान्तिक तथा प्रायोगिक ज्ञानका अतिरिक्त सिर्जनात्मक लेखनका आदरणीय निर्देशक सुधा त्रिपाठीज्यूसँगको बेलाबखतको अन्तरक्रिया र उहाँको सल्लाह, सुझाव र निर्देशनबाट पनि प्रस्तुत सिर्जनात्मक लेखनलाई अझै परिमार्जन र परिष्कार गर्ने काममा सहायता पुऱ्याएको छ ।

# खण्ड दुई

## २.१ कविताको परिभाषा र सिद्धान्तसम्बन्धी अध्ययन

सिर्जनात्मक लेखनसम्बन्धी निर्धारित कक्षाहरूमा गरिएको अध्ययनबाट नूतन-पुरातन, पूर्वीय-पाश्चात्य मूल्यमान्यता, प्रवृत्ति, वाद, सिद्धान्त र प्रणाली तथा परम्पराका सम्बन्धमा मोटामोटी ज्ञान प्राप्त भएअनुसार कविताको इतिहाससम्बन्धी सूक्ष्म अध्ययन गर्दै यसको सिद्धान्त र परिभाषासम्बन्धी चिन्तन प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### २.१.१ कविताको परिभाषाः ऐतिहासिक सन्दर्भ

कविता भाषाको कलात्मक स्वरूप हो । शब्द र चेतनाको संश्लेषण हो । जीवन र सौन्दर्यको कलात्मक अभिव्यञ्जना हो । मान्छेले जहिलेदेखि स्वतन्त्र ढङ्गले सोच्न, मनन गर्न र कल्पना गर्न सुरु गऱ्यो त्यही बेलादेखि उसले समाजका विश्लेषित अनुभूतिलाई आफ्नो अनुभूतिसग गांसेंर परिमार्जनको कसीमा राखी कविता सिर्जना गर्न थालेको हो । साहित्यका विविध विधामध्ये सबैभन्दा जेठो र कठिन साथै सबैभन्दा पढिने, लेखिने सशक्त साहित्यिक विधाका रूपमा कवितालाई लिइन्छ । यसको इतिहास मानवसृष्टिको क्रमसँगै प्रारम्भ भएको मान्न सकिन्छ । मानवइतिहासलाई हेर्दा धेरैपछि मात्र भाषाको लेख्य रूप (लिपि) को विकास भएको हो । मान्छेले आफ्ना दुःख, व्यथा, पीडा, रोदन, खुशी, उमङ्ग आदिलाई गीत गुञ्जनका माध्यमबाट अभिव्यक्त गर्ने परम्पराको थालनी भएको हो । लोकगाथाको यही ध्वन्यात्मक गीतिलय नै कविताको आदिम रूप थियो भन्न सकिन्छ । भाषामा लिपिको विकास भएपछि मात्र कविताको लेख्य रूपको विकास भएको हो ।

पूर्वीय संस्कृत साहित्यको पहिलो ग्रन्थका रूपमा ऋग्वेदलाई लिइन्छ । कविताको लेख्यरूपको प्रारम्भिक स्वरूप यसै ग्रन्थमा देख्न सकिन्छ । ऋग्वेद चारै वेदको मूल स्रोत हो र वैदिक साहित्यको काव्यात्मक अभिव्यक्ति पनि हो ।[१]

लोककथा र लोकगीतको आरम्भका रूपमा पनि ऋग्वेदका संवाद-सूक्तहरू देखापर्छन् ।[२] त्यसैले ऋग्वेद पूर्वीय काव्यको आरम्भिक रचना हो ।[३] काव्यात्मक उचाइका दृष्टिले

---

[१] गोपीकृष्ण शर्मा , **संस्कृत साहित्यको रूपरेखा**, काठमाडौं, अभिनव प्रकाशन, (२०५६), पृ.१६ ।

ऋग्वेदका उषः सूक्त र नासदीय सूक्त विशेष उल्लेखनीय छन् ।[४] भावपक्ष र शैलीपक्ष दुवै दृष्टिले यी सूक्तहरू उत्कृष्ट रचना हुन् र यिनमा कवित्वमूल्यको महत्त्वपूर्ण स्पर्श पाइन्छ ।[५] यसपछि प्राप्त वैदिकसंहिता, उपनिषद् र पुराणहरूमा पनि काव्यात्मक अभिव्यक्ति पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यमा मूल कवितात्मक अभिव्यक्ति बोकेको प्रथम काव्यकृति 'रामायण' लाई मानिन्छ भने दोस्रो काव्यकृतिका रूपमा 'महाभारत'लाई मानिएको छ । रामायण संस्कृत साहित्यकै 'आदि' र 'आर्ष' महाकाव्य हो । यसका रचनाकार बाल्मीकिलाई 'आदि महाकवि' को उच्च सम्मान प्रदान गरिएको पाइन्छ । रामायणपछि महाभारत महाकाव्यलाई पनि महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिन्छ । अझ महाभारतलाई संसारकै बृहत् र सर्वोच्च काव्यको रूपमा लिइन्छ । यसभन्दा पछि पनि संस्कृत काव्यपरम्परामा अश्वघोष, कालिदास, माघ, भारवि, श्रीहर्ष, पण्डितराज जगन्नाथजस्ता विद्वान् कविहरूको पूर्वीय काव्यजगत्मा महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

पूर्वीय साहित्य जगत्मा श्रव्य र दृश्य गरी साहित्यलाई दुई भागमा विभाजित गरिएको पाइन्छ र कवितालाई श्रव्य साहित्यका रूपमा राखिएको पाइन्छ । पाश्चात्य जगत्मा पनि लोकअभिव्यक्तिकै गीति पृष्ठाधारमा लोकगाथा र लोकचक्रका रूपमा काव्यिक इतिहास सुरु भएको मानिन्छ । लिपिको विकास भएपछि ती लोकगाथाहरू कविताका रूपमा लिपिबद्ध हुन थालेका हुन् । कवितासम्बन्धी पाश्चात्य चिन्तनको इतिहास खोतल्दाखेरि ई.पू. पन्ध्रौ शताब्दीदेखि आठौं शताब्दीतिरका होमर तथा हेसियडसम्म पुग्नुपर्ने हुन्छ । अपोलो वा सूर्यदेवाताप्रति अर्पित होमरका इलियड र ओडेसीलाई पाश्चात्य साहित्यजगत्का आदिम लिखित काव्यका रूपमा लिइन्छ । त्यसपछिका एस्किलस, सोफोक्लिज, युरिपाइडिज, अरिस्टोफेनस, सोक्रेटस हुँदै प्लेटो र अरिस्टोटलको समयदेखि नै काव्यचिन्तनपरम्पराको थालनी र विकास भएको पाइन्छ । पछि पाश्चात्य साहित्यमा होरेस, क्विन्टिलियन, दाँते, शेलिगर, जोन्सन, ड्राइडेन, लेसिङ, हेर्डर, शिलर, कान्ट, गेटे, हेगेल, सेमुअल टेलर, कलरिज, वर्डस्वर्थ, पिकक, सर टमसन, वाइरन, सेली, मैथ्यु आर्नोल्डजस्ता चिन्तकहरूका

[२] पूर्ववत् पृ.२८ ।

[३] पूर्ववत्, पृ.१८ ।

[४] पूर्ववत्, पृ. १६ ।

[५] पूर्ववत् पृ.१६ ।

कवितामान्यता र कविताप्रयोगले प्राचीन र आधुनिक कवितापरम्परामा नयाँनयाँ मोडहरू ल्याइदिएको देखिन्छ ।

कविता के हो ? यसको स्वरूप कस्तो हुन्छ ? भन्ने कुरामा पूर्व र पश्चिम दुवैतिर विगतदेखि वर्तमानसम्म पनि गम्भीर चिन्तनमनन र नयाँनयाँ प्रयोगको क्रम यथावत चलिरहेको छ । अहिले आएर कविता चिन्तनको परम्पराका सम्बन्धमा अनेकौं सम्प्रदाय, वाद र प्रणालीहरूको विकास भएको देखिन्छ । नयाँ-नयाँ कविता मान्यताको विकास भइरहेको छ । तर पनि कविताको ऐतिहासिकताका सन्दर्भमा पूर्वीय र पाश्चात्य दुवै काव्यपरम्पराको मूल उद्गम स्रोत लोकगाथाको कथ्यरूपको परम्परामा गएर टुङ्गिन्छ । पछिल्लो समयमा आएर यी दुईबीचमा देखापरेको भिन्नता भने कविताको रूपपक्ष र भावपक्षमध्ये कुन विषयलाई बढी महत्त्व दिने भन्ने नै हो । वास्तवमा भन्ने हो भने कविता न त बाहिरी रूपमात्रै हो, न त भित्री मर्ममात्रै हो । त्यसकारण कवितासम्बन्धी पूर्वीय र पाश्चात्य दुवै धारणालाई एकै ठाउँमा राखेपछि मात्र यसको चिनारीका सम्बन्धमा निष्कर्षमा पुग्न सकिन्छ । यसै मूल उद्देश्यका साथ कविताको परिभाषासम्बन्धी पूर्वीय तथा पाश्चात्य मान्यता तथा नेपाली कविहरूको कविताको परिभाषा र चिन्तनसहित निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### २.२.१.१ कविताको परिभाषासम्बन्धी पूर्वीय चिन्तन

वैदिक साहित्यकालमा सम्पूर्ण साहित्यलाई नै बुझाउन अत्यधिक मात्रामा काव्य शब्दको प्रयोग गरिएको पाइन्छ । कविलाई सर्वज्ञ र सर्वद्रष्टाको रूपमा लिइएको पाइन्छ ।[६] शुक्ल यजुर्वेदमा “कविर्मनीषी परिभूस्वयम्भू:”[७] का रूपमा लिइएको छ । ‘कुङ’ धातुमा ‘अच्’ प्रत्यय (इ) जोडेर बनेको कविको कार्य अर्थात् ‘कव् वर्णने’ धातुबाट निर्मित यो ‘काव्य’ शब्दको अर्थ खण्डकाव्यको तात्पर्यमा सीमित भए पनि यिनैका तात्विक संरचनाअन्तर्गत रचित लघु एवम् लघुतम् रूप नै कविता हो ।[८] जेसुकै भए पनि कविको सिर्जना नै कविता हो । वैदिक साहित्यमा कविलाई यसरी सर्वज्ञ र सर्वद्रष्टाको रूपमा लिइएको पाइन्छ । ‘तेने

---

[६] डा. हिमांशु थापा, **साहित्य परिचय,** सा.प्र.(तेस्रो सं. २०४७), पृ. ३३ ।

[७] प्रा. गोपालनिधि तिवारी, **विश्वसाहित्यको रूपरेखा**, ने.रा.प्र.प्र. (२०३०),पृ. ६३८ ।

[८] मधुसूदन गिरी, **आधार शिविर,** सिर्जनात्मक लेखनअन्तर्गत शोधपत्र, त्रि.वि. (२०४७) ।

ब्रह्म हृदाय आदिकवये' [ढ] भनेर श्रीमद्भागवत महापुराणमा परब्रह्म परमेश्वरलाई आदिकविका रूपमा लिइएको पाइन्छ । उनलाई चारै वेदका स्रष्टा मानिएको छ । त्यसपछि महर्षि वाल्मीकिलाई आदिकविका रूपमा मानिएको छ । कविताका सम्बन्धमा पूर्वमा श्रुति, स्मृति, वेद, उपनिषद्, पुराण हुँदै कहिले निरवच्छिन्न त कहिले विच्छिन्न चिन्तनको दीर्घपरम्पराअनुसार रस, ध्वनि, अलङ्कार, रीति, औचित्य, भावना, कल्पना, शैली आदि भावगत एवम् शिल्पगत अन्तर तथा बाह्य पक्ष, पक्षान्तर र तिनसँग सम्बन्धित परिभाषा चिन्तन प्रस्तुत गरिएको पाइन्छ ।[ञण] यसरी हेर्दै जाँदा परापूर्व कालमा कविता र कवि शब्दको अर्थ ज्यादै व्यापक भएको पाइन्छ । कालान्तरमा आएर समय र परिस्थितिअनुसार कविता र कविधर्मको स्वरूपमा व्यापक भिन्नता पाइयो । कविताका आफ्नै किसिमका मूल्य मान्यता, चिन्तन र सीमाहरू हुन्छन् । ती समय र परिस्थितिअनुसार भत्किन्छन् र तिनका ठाउँमा नयाँ मूल्य, मान्यता, चिन्तन र सीमाहरू स्थापित हुन्छन् । कविताको प्रचलन र भाषामा भएको भिन्नतालाई छुट्ट्याउन यसका आङ्गिक र आत्मिक पक्षका आधारमा यस क्षेत्रमा लागेका विभिन्न स्रष्टा र द्रष्टा विद्वान्हरूले परिभाषाका सम्बन्धमा विभिन्न मत अघि सारेका छन् । कविताको परिभाषाका सम्बन्धमा कसैले यसको हेतु र प्रयोजनलाई कसैले अलङ्कारलाई, कसैले गुणलाई, कसैले ध्वनिलाई कसैले रसलाई, कसैले रीतिलाई त कसैले वक्रोक्तिलाई र कसैले औचित्यलाई जोड दिएका छन् र यिनलाई नै प्रमुख तत्वका रूपमा स्वीकारेका छन् । साथै आ-आफ्नै ढङ्गले अर्थ्याउने प्रयास गरेका छन् । यसै गरी कुनै विद्वान्ले अभिधा त कसैले लक्षणा र व्यञ्जनामा अनि कसैले लयविधान, पदविन्यास, अर्थ, छन्दयोजना एवम् दोषमा जोड दिई आ-आफ्नै ढङ्गले परिभाषा दिई सम्प्रदाय बनाउने प्रयास गरेका छन् ।

पूर्वीय काव्यपरम्परामा चिन्तनको थालनी गर्ने प्रथम विद्वान् भरतमुनि हुन् भने छैटौं शताब्दीका आचार्य भामह कविताको परिभाषालाई औपचारिक रूप दिने प्रथम विद्वान् हुन् । कविता परिभाषाको यो क्रम सत्रौं शताब्दीका आचार्य जगन्नाथसम्म जीवित रहेको पाइन्छ । नाटकका क्षेत्रमा भरतमुनिले अघि सारेको काव्यचिन्तनले कविताका क्षेत्रमा समेत बल

---

[ढ] प्रा. गोपालनिधि तिवारी , **विश्वसाहित्यको रुपरेखा,** ने.रा.प्र.प्र. (२०३०)प, पृ. ६३८

[ञण] मधुसुधन गिरी, **आधारसिविर,** पूर्ववत् पृ. ५ ।

पुऱ्याएको देखिन्छ । त्यसकारण भरतमुनिलाई नै काव्यको आदि परिभाषाकार मानी अन्य चिन्तकहरूको काव्य परिभाषा र समीक्षासम्बन्धी मान्यता निम्नानुसार प्रस्तुत गरिएको छ :-

१. **आचार्य भरत-** कोमल तथा मनोहर पदयुक्त, गूढ शब्दार्थसहित, सुबोध, युक्तिसङ्गत, नृत्यमा प्रयोग गर्न सकिने विविध रस, मार्ग तथा सन्धियुक्त कृति सबैको योग्य हुन्छ । [११]

२. **आचार्य भामह-** शब्द र अर्थको सहभाव काव्य हो ।[१२]

३. **आचार्य दण्डी -** इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो । [१३]

४. **वामन-** काव्यको आत्मा रीति हो ।[१४]

५. **रुद्रट-** शब्द र अर्थ नै काव्य हो । [१५]

६. **आनन्दवर्धन-** काव्यको आत्मा ध्वनि हो ।[१६]

७. **कुन्तक-** शब्द र अर्थको सहभावयुक्त, वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचना बन्ध काव्य हो । [१७]

८. **कवि भोजराज-** दोषरहित, गुणसहित अलङ्कारहरूद्वारा सुसज्जित रसले युक्त रचना काव्य हो ।[१८]

९. **आचार्य मम्मट**- दोषरहित र गुणसहित शब्दार्थ कहीँकहीँ अलङ्काररहित भए पनि काव्य हो । [१९]

---

[११] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** ने.रा.प्र.प्र. (२०६०), पृ. ३ ।

[१२] **पूर्ववत्** पृ. ३ ।

[१३] **पूर्ववत्** पृ. ३ ।

[१४] **पूर्ववत्** पृ. ४ ।

[१५] **पूर्ववत्** पृ. ४ ।

[१६] **पूर्ववत्** पृ. ४ ।

[१७] **पूर्ववत्** पृ. ५ ।

[१८] **पूर्ववत्** पृ. ५ ।

[१९] **पूर्ववत्** पृ. ५ ।

१०. **आचार्य वाग्भट**- सुन्दर शब्द र अर्थले युक्त गुण, अलङ्कारले सिँगारिएको, रीति र रस स्पष्ट भएको रचना काव्य हो ।[२०]

११. **आचार्य विश्वनाथ** - रसात्मक वाक्य काव्य हो । [२१]

१२. **आचार्य जगन्नाथ**- रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो ।[२२]

यसरी काव्यसम्बन्धी पूर्वीय चिन्तकहरूका दृष्टिकोणलाई अध्ययन गर्दा दण्डी, भामह आदिले अलङ्कारलाई काव्यको केन्द्रीय तत्वका रूपमा, कुन्तकले वक्रोक्तिका रूपमा, वामनले रीतिका रूपमा, आनन्दवर्धनले ध्वनिका रूपमा भरतले रसका रूपमा स्वीकारेको पाइन्छ । यसै गरी कुन्तकले अर्थलाई, दण्डी, विश्वनाथ, जगन्नाथ आदिले शब्दलाई, भामह, रुद्रट, वामन आदिले काव्यका अन्य गुणका साथै शब्द र अर्थलाई पनि अनिवार्य तत्वका रूपमा मानेको पाइन्छ । यसरी हेर्दा पूर्वीय काव्यचिन्तनका परम्परामा रस, अलङ्कार, ध्वनि, गुण, रीति, वक्रोक्ति, औचित्य आदिलाई काव्यमा नभईकन नहुने प्रमुख तत्वका रूपमा लिने विभिन्न किसिमका सम्प्रदाय देखापरेका छन् र ती सम्प्रदायका विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले आ-आफ्नै सम्प्रदाय चिन्तनमा केन्द्रित भएर परिभाषा अघि सारेका छन् । यस्तो भए तापनि पूर्वीय काव्य चिन्तकहरूले शब्द र अर्थ तथा भावमा नै विशेष महत्त्व दिएर परिभाषा दिएका छन् ।

### २.२.१.२ कविता परिभाषासम्बन्धी पाश्चात्य चिन्तन

पूर्वमा जस्तै पश्चिममा पनि विभिन्न विद्वान्हरूले विभिन्न तरिकाबाट कवितालाई चिनाउने प्रयास गरेका छन् । पाश्चात्य साहित्यमा कवितालाई 'पोएट्री' वा 'पोएम' र कविलाई 'पोएट' भनेको पाइन्छ । 'पोएट' वा 'पोएट्री' यी दुवै शब्द ग्रीक भाषाको 'poem' शब्दबाट बनेका हुन् । 'पोएम' को अर्थ 'रच्नु' वा 'बनाउनु' हो । [२३]

---

[२०] **पूर्ववत्** पृ. ६ ।

[२१] **पूर्ववत्** पृ. ६ ।

[२२] **पूर्ववत्** पृ. ६ ।

[२३] डा. ईश्वर बराल र अन्य (सम्पा.) **नेपाली साहित्यकोश**, ने.रा.प्र.प्र. कमलादी, काठमाडौं (प्र.सं.२०५५)पृ.२०५ ।

पाश्चात्य अंग्रेजी साहित्यमा प्रयोग भएको 'पोएट' शब्द, जसले पहिले सामान्य अर्थमा साहित्यिक कलासँग सम्बद्ध कुनै पनि विधाका कृतिको रचयितालाई र विशेषार्थमा छन्दोबद्ध पद्यकारलाई बुझाउँथ्यो ।[२४]आधुनिककालमा भने यस धारणामा परिवर्तन आएको पाइन्छ । खास गरी बीसौं शताब्दीयताका प्रथम विश्वयुद्धोत्तर आधुनिक पद्य वा गद्य कविता रचयितालाई बुझाउँछ ।[२५] कविता चिन्तन र विकासको क्रममा पाश्चात्य साहित्यमा विभिन्न चिन्तन, मान्यता, वाद र प्रणालीहरू जन्मिएका पाइन्छन् । इ.पू. पन्ध्रौं शताब्दीदेखि इ.पू. आठौं शताब्दीसम्मको अवधितिर होमर र हेसियडबाट पाश्चात्य काव्यचिन्तनको परम्परा थालनी भएको पाइन्छ । काव्यप्रयोजनका दृष्टिले हेर्दा होमरको विचारमा काव्यले आनन्द वा आह्लाद दिनुपर्छ । यस्तो आह्लाद काव्यात्मक जादूले दिन्छ"[२६] भन्ने हो । त्यस्तै हेसियडका विचारमा काव्यको उद्देश्य दैवी सन्देशको शिक्षा दिनु हो अथवा काव्यको उद्देश्य आनन्द प्रदान गर्नु मात्र नभएर शिक्षा प्रदान गर्नु हो"।[२७] युरिपाइडिज किवितालाई आह्लाद वा आनन्दको सिर्जना ठान्थे "उदास-निराश स्वभावको कविले आफ्ना कवितामा त्यस आह्लादको सृष्टि राम्ररी गर्न सक्तैन" ।[२८] उनी 'सामाजिक नैतिक निर्देशलाई कलाको मानदण्ड मान्दछन् ।[२९]तर सोक्रेटस भने कवितालाई भिन्नै दृष्टिकोणले हेर्दछन् । उनी "उत्प्रेरित उत्तेजित अवस्थामा अथवा अर्धचेतका क्षणमा रचिने भएकाले मन र चेतना नियन्त्रणमा नभएका बेलाको उपलब्धि कला-साहित्यलाई मान्छन् । उनका दृष्टिमा कविता भनेको "उन्मादको क्षणको रचना[३०] हो । उनका चेला प्लेटोले आदर्श गणराज्यको परिकल्पना अघि सार्दै साहित्यले मानिसका आवेगको नियन्त्रणभन्दा बुद्धिविवेकलाई कमजोर तुल्याई आवेगलाई नै मलजल तथा उत्तेजना प्रदान गरी नैतिक रूपमा समाजलाई आदर्श विमुख तुल्याउने र परमसत्यभन्दा यसको छाया वा अनुकरणस्वरूप जीवनजगत्को अनुकरण

---

[२४] पुर्ववत, पृ.२०४ ।

[२५] पूर्ववत् ,पृष्ठ २०४ ।

[२६] अमि सुवेदी, **पाश्चाय काव्यसिद्धान्त**, ने.रा.प्र.प्र. (प्र.सं., २०३०), पृ.२ ।

[२७] **पूर्ववत्** ।

[२८] डा. वासुदेव त्रिपाठी, **पाश्चतात्य समालोचनाको सैद्धान्तिक परम्परा**, साझा प्रकाशन, पुलचोक, ललितपुर (पाँ.सं. २०५८)पृ.१० ।

[२९] **पूर्ववत्,** पृ.१२ ।

[३०] **पूर्ववत्,** पृ.१६ ।

गरी सत्यभन्दा दुईगुणा टाढा साहित्य रहने”[३१] दृष्टिकोणलाई प्रस्तुत गरेका छन् । यता प्लेटोकै शिष्य अरिस्टोटल भने साहित्यमा विश्लेषणात्मक, अनुगमनात्क र वैज्ञानिक पद्धति अपनाउनुपर्दछ भन्ने मान्यता अघि सार्दछन् । डा. वासुदेव त्रिपाठीका शब्दमा ‘अरिस्टोटल भाषाको माध्यमबाट प्रकृति वा जीवनजगत्को काल्पनिक वस्तुपरक पुनः सृजन नै साहित्य वा काव्य हो’[३२] भन्दछन् । लञ्जाइनसले “साहित्यमा प्रभावोत्पादकता एक चिन्तन गुण हो र काव्य वा कलामा यो शाश्वतता रहनु अनिवार्य छ”[३३]भन्ने धारणा अघि सारेका छन् । त्यस्तै फ्रन्सेली कवि दाँतेले ‘काव्यमा अलङ्करणयुक्त शब्दको प्रयोगलाई वाञ्छनीय’[३४]भनेका छन् । जोन मिल्टनले “महान् जनताको बीचमा सद्गुण र शिष्टता छर्न सक्नुपर्छ, उदात्त शैलीमा ईश्वरको गुणगान गर्नुपर्छ, विजयी सहिद र सन्तहरूको गीत गाउनुपर्छ, सच्चा राष्ट्रको विजयको गाथा क्राइष्टका शत्रुहरूको विरुद्धमा गाउनुपर्छ”[३५]भन्ने मान्यता काव्यका सन्दर्भमा अघि सारेका छन् । गेटेले “कविता केवल सीमित कुरा नभएर मानवजातिको एक सार्वभौमिक सम्पत्ति हो, जो सर्वव्यापी, त्रिकालदर्शी र अति व्यापक हुन्छ” [३६] भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

पाश्चात्य साहित्य जगत्का आदिचिन्तकहरूले कविताको बृहत् रूप महाकाव्यको स्वरूप, महत्त्व र विशेषताहरूका सम्बन्धमा अनेकौं चर्चा-परिचर्चाको क्रम शुरु गरेपछि आधुनिक कालसम्म कविताको स्वरूप र परिभाषा सम्बन्धमा विभिन्न वाद वा सम्प्रदाय नभए पनि कविताको प्रवृत्तिलाई लिएर विभिन्न वादहरू जन्मेका पाइन्छन् ।[३७] ऐतिहासिक विकासक्रमसँगै पछिल्लो चरणमा केही चिन्तकहरूले कवितासम्बन्धी अघि सारेका मान्यताहरू यस प्रकार छन्:

---

[३१] **पूर्ववत्,** पृ.२८ ।

[३२] **पूर्ववत्,** पृ.४८ ।

[३३]**अभि सुवेदी, पाश्चात्य काव्य-सिद्धान्त,** ने.रा.प्र.प्र्. (प्र.सं.२०३०/प.. ३५ ।

[३४] **पूर्ववत्,** पृ. ३८ ।

[३५] **पूर्ववत्,** पृ. ५६ ।

[३६] **पूर्ववत्,** पृ. ११० ।

[३७] डा. हिमांशु थापा, **साहित्य परिचय** ।

१. **फिलिप सिड्नी**-अनुकरणको कला नै कविता हो । [३८]

२. **विलियम वर्डस्वर्थ**-शान्त क्षणमा सञ्चित अनुभवहरूबाट उत्पन्न प्रबल मनोभावनाको स्वतः स्फूर्त प्रवाह कविता हो ।

३. **सेमुअल टेलर कलरिज**-विज्ञानजस्तो सत्यको नभएर आनन्दको अनुभूति गराउने तत्कालीन उद्देश्य भएको रचना कविता हो ।[३९]

४. **शेली** - कविता कल्पनाको अभिव्यक्ति हो ।[४०]

५. **म्याथ्यु आर्नोल्ड** - कविता जीवनको आलोचना जस्तै हो ।[४१]

६. **विलियम हेनरी हड्सन-** कविता कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या जस्तै हो ।

७. **एड्गर एलेन पो** -सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।

८. **टमस स्टर्न्स एलियट**- कविता मनोवेगका स्वच्छन्द प्रवाह एवम् व्यक्तित्वको अभिव्यञ्जना नभएर मनोवेग तथा व्यक्तित्वबाट पलायन हो ।

९. **विस्टन हग अडेन**- प्रचलित सामाजिक बोलीभन्दा निकै टाढिने अभिव्यक्तिको पद्धतिलाई कविता भनिन्छ ।

१०. **क्लड लेभाइस्ट्राउस**- गम्भीर निरूपणविना अनुवाद गर्न नसकिने अभिव्यक्तिको एउटा प्रकार कविता हो ।

यसरी होमरदेखि बीसौं शताब्दीको अन्त्यसम्मको काव्यचिन्तनपरम्परामा अनेकौं उत्प्रेरणाको प्रभाव परेको देखिन्छ । पाश्चात्य साहित्यको विकासक्रममा एउटा विचारले मात्र कवितालाई समेट्न सकेको छैन । अनुकरण सिद्धान्त, विरेचन सिद्धान्त, कलावाद, उदात्त सिद्धान्त हुँदै निर्वैयक्तिक र मानवीय संवेदनाको वस्तुगत समीकरण, मानवीय सहजानुभूति र अभिव्यञ्जनाका साथै शैलीविज्ञानलगायत अन्य कतिपय सैद्धान्तिक मान्यताहरूको जन्म र

---

[३८] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.९ ।

[३९] **पूर्ववत्**, पृ.९ ।

[४०] The expression of imanigination, **पूर्ववत**, प्र.११ ।

[४१] Poetry, as a criticism of life, **पूर्ववत्** पृ. ११ ।

त्यसका बारेमा व्यापक चर्चा भएको पाइन्छ । पाश्चात्य काव्यचिन्तन प्रवाह यथार्थवाद, बिम्बबाद, प्रतीकवाद र अमूर्तलेखनजस्ता विभिन्न आयाम पार गर्दै प्रयोगवाद र आजको समसामयिक धारासम्म वा उत्तरआधुनिकतासम्म आउन सफल भएको देखिन्छ । काव्यचिन्तनको यो परम्परा विभिन्न युग र धाराहरू हुँदै आजसम्म आइपुग्दा अति नै वैयक्तिक, विसंगतिपूर्ण, जटिलता एवं क्लिष्टताबाट प्रभावित भएको देखिन्छ ।

### २.२.१.३ कविताको परिभाषासम्बन्धी नेपाली विद्वान्हरूको दृष्टिकोण

पूर्वीय र पाश्चात्य जगत्का विद्वान्हरूले जसरी कवितासम्बन्धी आफ्ना मान्यताहरू अघि सारेका छन् त्यसैगरी नेपाली विद्वान्हरूले पनि कवितासम्बन्धी आफ्ना धारणा प्रस्तुत गरेका छन् । नेपाली कविताको विकासमा पूर्वीय तथा पाश्चात्य दुवै साहित्यिक सिद्धान्तको प्रभाव परेको कारणले यसै अनुरूप नेपाली कविताको रचना र काव्यचिन्तन प्रस्तुत भएको पाइन्छ । नेपाली विद्वान्हरूले यी दुई गोलार्द्धका साहित्य चिन्तनबाट अलग भएर आफ्ना मान्यतालाई अलग-अलग ढङ्गले प्रस्तुत गर्न सकेका छैनन् । नेपाली बृहत् शब्दकोशमा "कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्वःस्फूर्त भावनालाई लय वा छन्दमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो"[४२] भनिएको छ । यसबाहेक केही प्रसिद्ध नेपाली विद्वान्हरूको कवितासम्बन्धी धारणा यहाँ यसरी प्रस्तुत गरिएको छ :

१. **लेखनाथ पौड्याल** - अक्सर गरी मेरो कविता ... समाजसुधारकै निमित्त लेखिन्छन्.....मेरो कलमले नैतिकताको सीमा उल्लंघन गरेजस्तो लाग्दैन ।[४३]

२. **लक्ष्मीप्रसाद देवकोटा**-दर्शन भ्रम हो, कविता सत्य हो । जहाँ मानवका आँसुहरू प्राकृतिक भावनामा पग्लिन्छन् , त्यही नै कविता हो ।[४४]

३. **बालकृष्ण सम**- कविता भावनाको बौद्धिक कोमलता हो । [४५]

४. **सिद्धिचरण श्रेष्ठ** - मानसिक ग्रन्थी फुकाएर यथार्थताको झलक दिलाउनु कविता हो र यो उद्घाटन पनि हो ।[४६]

---

[४२] डा. वासुदेव त्रिपाठी र अन्य (सम्पा।), **बृहत् नेपाली शब्दकोश,** ने.रा.प्र.प्र., कमलादी (प्र.सं.वि.सं.२०४०)पृ.२१५ ।

[४३] उत्तम कुँवर, **स्रस्टा र सहित्य,** सा.प्र, ललितपुर (चौसं. २०५०), पृ.३३ ।

[४४] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसङ्ग्रह,** ललितपुर सा.प्र., पृ३६ ।

[४५] सिद्धिचरण श्रेष्ठ, **आगो र पानी**, भूमिका सा.प्र. (२०४०)

५. **पारसमणि प्रधान**

कवि कविता होस् कविता कवि होस्

कविता तब पो हुन्छ

शब्द थुपारीकन के हुन्छ ?

भाव भए पो हुन्छ ।[४७]

६. **केदारमान व्यथित** - तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।[४८]

७. **रामकृष्ण शर्मा** -कवि सर्वश्रेष्ठ सौन्दर्यविद् हुन्, ललितकलाका आदि समालोचक हुन् र सर्वोपरि कलाकार हुन् ।[४९]

८. **माधव घिमिरे**- शब्द र सङ्गीत तथा अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ त्यही कविता हो ।[५०]

९. **डा. दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा** कविता भावनात्मक वा बौद्धिक कथ्यको पद्यलयात्मक संरचना हो ।

'बौद्धिकताको स्पर्श र कल्पना चातुर्यका साथै ठोस बिम्बविधानबाट पाठकलाई केही हदसम्म विस्मात पार्ने अभिव्यक्ति नै कविता हो ।[५१]'भनेर नेपाली साहित्य कोशमा भनिएको छ । यसबाहेक पनि विभिन्न नेपाली चिन्तकहरूले आ-आफ्नै ढङ्गबाट र आ-आफ्नै शैलीमा कवितालाई परिभाषित गर्ने काम गरेका छन् । अहिले पनि विभिन्न विद्वान् तथा कविहरूबाट कवितालाई आ-आफ्नै पाराले शाब्दिक परिभाषामा बाँध्ने काम रोकिएको छैन ।

यसरी नेपाली विद्वान्हरूले कवितालाई चिनाउन आ-आफ्नो ढङ्गमा अभिमत अघि सारेको पाइन्छ । समयानुसार कविताको भाव, शैली, संरचना आदिमा परिवर्तन भइरहेको छ

---

[४६] सिद्धिचरण श्रेष्ठ, भूमिका, **उर्वशी**, रोयल नेपाल एकेडेमी, (प्र.सं.२०१७) ।

[४७] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** ने.रा.प्र.प्र. (प्र.सं.२०६०), पृ. १६ ।

[४८] **पुर्ववत्,** पृ. १६ ।

[४९] **पूर्ववत्,** पृ. १७ ।

[५०] **माधवप्रसाद घिमिरे, आफ्नो बाँसुरी आफ्नै गीत**, ललितपुर, सा.प्र. (२०५३), पृ. २५ ।

[५१] **सम्पादकमण्डल, नेपाली साहित्य कोश,** ने.रा.प्र.प्र, कमलादी, (प्.सं., २०५५), पृ. २०६ ।

। कविता लेखनमा नयाँनयाँ प्रयोग भइरहेको छ । यस्तो बेलामा कवितासम्बन्धी धारणा बनाउनु वा परिभाषामा बाँध्न खोज्नु निकै कठिन कार्य हो । यही कारणले अहिलेसम्म पनि कुनै विद्वान्ले कविताको पूर्ण परिभाषा दिन सकेका छैनन् । कविता व्यक्तिगत अनुभूति हो त्यसकारण कविता बुझाइमा व्यक्तिपिच्छे फरक पर्दछ । अझ कवितालाई विश्लेषित मानवीय अनुभूतिको संश्लेषित र कलाको उत्कृष्ट नमुनाका रूपमा लिन सकिन्छ ।

कविताको उद्गम र ऐतिहासिकतालाई खोतल्दै जाँदा कविताको बीज पूर्व तथा पश्चिम दुवैतिर लोकगीत, लोकगाथा, सूक्त, देवगीत, वीरगीत, प्रगीत सम्बन्धी समानता देखिन्छ । शब्द र अर्थ, शैली र भाव, रस र छन्द, अनुभूति र कल्पनाजस्ता काव्यमा हुनुपर्ने तत्व र प्रविधिका बारेमा पनि झण्डै-झण्डै समानता रहेको पाइन्छ । कविताका लघुतम् लघु, मध्यम, बृहत् र बृहत्तर वा बृहत्तमजस्ता रूपपक्ष वा उपविधागत वर्गीकरणमा कतिपय पक्षमा भिन्नता देखिए पनि धेरै समानता पनि पाइन्छ । अचेल प्रायः सबैतिर कविताको लघु वा लघुतम रूप सबैले अँगाल्दै गएको पाइन्छ । कविताको लघु वा लघुतम रूप नै मान्छेका मानसिक पक्षको सशक्त अभिव्यञ्जना गर्ने माध्यम बनेको हुँदा यसको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको छ ।

### २.२.२ कवितातत्वसम्बन्धी सैद्धान्तिक अध्ययन

कवितालाई अन्य विधाबाट अलग्याउनुपर्ने मूल कारण यसको अन्तरबाह्य संरचनाविधान नै हो । कवितामा भाषाको विशिष्ट प्रयोग हुन्छ । कवितासँग भाषाको भावगत वा रूपगत प्रतिफलसमेत गाँसिएको हुँदा यही आधारमा कवितातत्त्वको निरूपण गर्नुपर्ने हुन्छ । "साहित्यलाई अनेक कोणबाट हेर्न सकिएझैँ कवितालाई हेर्ने पनि तीनवटा मुख्य कोणहरू"[५२] उल्लेख भएको पाइन्छ :

१. जीवन र जगत्का बाह्य र आन्तरिक अनुभवस्वरूप विभिन्न सामग्री र त्यसको भावनात्मक परिणति,
२. भाषिक कथन र संरचनात्मक पद्धति,
३. विधागत रूपसंरचनाका केन्द्रीयतामा लय र बिम्बप्रतीक एवम् अन्य कलात्मक प्रविधि ।

[५२] डा. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, साझा प्रकाशन, पुलचोक, ललितपुर (वि.सं., २०५३), पृ, १६

यी तीन बुँदालाई मुख्य आधार बनाएर कविताको अन्तरबाह्य प्रायः सबै घटकको निरूपण गर्न सकिन्छ । कविताका मुख्य संरचक घटक वा तत्वका रूपमा भावविधान ( भावात्मक परिणति), भाषा, रूप (विधागत संरचना, कथनपद्धति र बिम्बालङ्कार आदि) तथा लयगत वैशिष्ट्य आदि देखापर्दछन् । कवितामा प्रयोग हुन सक्ने आख्यान वा नाट्यतत्वको पनि उपस्थितिमा कथानक, पात्रविधान, वातावरण, दृश्य, संवाद, मनोवाद आदि पनि कविताका सहकारी घटकका रूपमा आउने गरेका छन् ।

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित मुख्य पक्ष वा तत्व संरचक घटक तत्वको रूपमा हुने कुरा नेपाली कविता भाग ४ मा उललेख गरिएको छ :-[५३]

(क) शीर्षक

(ख) संरचना

(ग) भाषाशैली

(घ) लयविधान

(ङ) कथनपद्धति

(च) केन्द्रीय कथ्य-सन्दर्भ तथा भावविधान

(छ) बिम्बप्रतीक तथा अन्य सौन्दर्यविधान

(ज) व्यञ्जना

(झ) विधागत रूप तथा आयाम

यी सबै तत्त्वहरू कवितामा एकाकार भएर रहने हुनाले यिनै संघटक तत्त्वहरूको परिचय तल प्रस्तुत गरिएको छ :

### २.२.२.१ शीर्षक

कवितामा शीर्षक अपरिहार्य र केन्द्रीय तत्त्वका रूपमा लिइन्छ । यसले कृतिको बाह्य र आन्तरिक संरचनाका साथै भाषाशैलीले उल्लेख गरेको समग्र केन्द्रीय कथ्यभावलाई

---

[५३] डा.वासुदेव त्रिपाठी र अन्य (स..), **पूर्ववत्** पृ. १७ ।

बुझाउन समेत सहयोग गर्छ । यसले कविताको विचार र सारभूत भावलाई बुझाउने काम गर्छ । त्यसकारण शीर्षक कविताको नामकरण मात्र नभई सारभूत भावसूत्र पनि हो ।

एउटा सर्जक आद्योपान्त यही शीर्षकका माध्यमबाट कविता खेल्न सक्छ । पाठकले त्यही शीर्षकका माध्यमबाट कविताको केन्द्रसम्म पुग्ने जमर्को गर्छ । शीर्षक र केन्द्रीय कथ्यका बीच बाहिरी वा भित्री सङ्गति हुन नसक्नुलाई विडम्बनाका रूपमा लिन सकिन्छ ।[५४]

### २.२.२.२ **संरचना**

कविता भनेको एउटा निर्माण हो । प्रत्येक निर्माणको एउटा संरचना भएजस्तै कविताको पनि निश्चित संरचना हुन्छ । संरचनाका विभिन्न अवयवहरू हुन्छन् । कविता सावयव वस्तु होइन । कविताको संरचना जैविक अङ्ग रचना जस्तो भएकाले यसलाई कवितामा यन्त्रवत् राख्नु असान्दर्भिक ठहरिन्छ । एउटा सर्जकले आफू वरिपरिको परिवेश, जीवनजगत्सम्बन्धी विभिन्न प्रकारका अनुभूतिका रागात्मक अभिव्यक्ति दिँदा कविता बन्दछ । यसकारण कवितामा दुई प्रकारका संरचना पाइन्छन्:

(क) बाह्य संरचना अर्थात् बनोट पक्ष

(ख) आन्तरिक संरचना अर्थात् बुनोट पक्ष

संरचनाले निर्मित र अस्तित्वमा रहेको वस्तुलाई पृथक, मौलिक र विशिष्ट बनाउँछ । यसै कारणले संरचनालाई वस्तुको बनोट मानिएको हो । समालोचक मोहनराज शर्माले वस्तुको निर्माणतत्त्व वा रचनाघटकहरूको परस्पर सम्बन्धको समग्रतालाई संरचना [५५] मानेका छन् ।

संरचनालाई स्थुल र सूक्ष्म वा बनोट र बुनोट गरी बाँडेर हेर्न सकिन्छ । बनोटका आधारमा कविताको (क) आख्यानात्मक (ख) नाटकीय र (ग) प्रगीतात्मक गरी तीन संरचना हुन्छन् भने बुनोटका आधारमा कथनपद्धति, शब्दबिम्ब, अलङ्कार, प्रतीक, व्यञ्जना आदि लघु घटकको जैविक मिलन हुन्छ । त्यसकारण कविताको संरचनालाई यन्त्रवत् नभई जैविक संरचना समान मान्न सकिन्छ । अतः कविताको संरचना पक्षको जुन ढङ्गले परिभाषित गर्न

---

[५४] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत्, पृ. १७ ।

[५५] मोहनराज शर्मा , **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, ने.रा.प्र.प्र, कमलादी (प्र.सं., २०५५), पृ.९८ ।

खोजे पनि माथि उल्लेख गरेका संरचना ढाँचालाई दुई बेग्लाबेग्लै शीर्षकमा यसरी व्याख्या गर्न सकिन्छ:

**(क) बाह्य वा बनोट पक्ष**

कविताको आफ्नै आङ्गिक पक्ष हुन्छ, त्यो हो बाह्य संरचना । यसअन्तर्गत लयात्मक खण्ड, विश्राम, पङ्क्ति, श्लोक, अनुच्छेद र सर्गबन्धताको शृङ्खलित व्यवस्था[५६] अनिवार्य ठानिन्छन् । यसकारण बाह्य सरंचनामा भाषागत तथा शैलीगत संयोजनको आवश्यकता हुन्छ । कविताको लघुतम रूप स्वस्फूर्त हुन्छ । त्यसकारण यसबेला सबै तत्त्वको उल्लेख नहुन सक्छ तर कविताले जब लघु रूप लिन्छ त्यसबेला संरचनाको रूप देखिन्छ । कविताको लघुतम वा मुक्तक रूप एक झिल्को भएको कारणले यसमा ४ देखि ७ पङ्क्तिसम्म रहने मान्यता भए पनि प्रयोगमा १२ पङ्क्तिसम्म रहेको पाइन्छ । कविता लघुतम रूप हुँदै  लघु रूपमा प्रवेश गरेपछि यसको बाह्य संरचनामा पाउ वा चरण हुँदै श्लोक वा अनुच्छेद पार गरेर विस्तारित रूप लिँदै खण्डकाव्य र महाकाव्यसम्म आइपुग्दा यसले आख्यानको तन्तुसमेत पक्रिन्छ र यसमा सर्गबद्धता अनिवार्य भएर आउँछ । यसरी कविताको बाह्य संरचनामा भाषिक वा शैलीगत प्राप्ति, विधा-उपविधागत आयाम तथा शिल्पगत बनोट र ढाँचा पर्दछन् र आजकालका प्रयोगवादी कविताहरू क्लिष्ट, दुर्बोध्य, दुरुह हुनाको मुख्य कारण बाह्य आन्तरिक संरचना संयोजनमा देखिएको विशृङ्खलता नै हो । निष्कर्षमा भन्नुपर्दा मूलतः बाह्य संरचना लघु, मध्यम र बृहत् गरी तीन प्रकारका स्थूल आयामिक संरचनामा[५७] माथि उल्लिखित पक्षहरूसहितको आकार वा स्वरूप भन्ने बुझिन्छ ।

**(ख) आन्तरिक वा बुनोट पक्ष**

कवितामा बाह्य आङ्गिक संरचना पक्षसँगसँगै कविका आफ्ना भावना र कल्पनाजस्ता सूक्ष्म केन्द्रीय कथ्य वा विचार तत्त्वको पनि उपस्थिति रहन्छ । यही केन्द्रीय कथ्य, भावविचारको उठान, यात्रा र अन्तिम रागात्मक परिणति नै आन्तरिक संरचना हो ।

कथ्य भावविचारको यस विकासक्रमलाई कविताको आन्तरिक संरचनाले प्रकारन्तरद्वारा पुनरावृत्ति, सञ्चयन, द्वन्द्वात्मकता, समन्वय र खण्डखण्डका स्वतन्त्र

---

[५६] **नेपाली कविता भाग-४**, पृ.१८ ।

[५७] नरेन्द्र चापागाईं, **केही सिद्धान्त केही विश्लेषण** , सा.प्र. (प्र.सं. २०५१), पृ.२९ ।

साहचर्यजस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान हुने [५८] देखिन्छ । कविताका संरचना नागबेलीदार, खण्डीय तथा स्वतन्त्र साहचार्यात्मक[५९] समेत विभिन्न प्रकारका पाइन्छन् । जे भए पनि भावको सिलसिलाबद्ध संयोजनाद्वारा भावविचारका साथै लय तथा रूपतत्त्वलाई पनि गतिमय बनाउने काम आन्तरिक संरचना वा बुनोट तहबाट मात्र सम्भव र सहज हुन्छ ।

### २.२.२.३ भाषाशैली

कविताको शरीर भनेकै भाषाशैली हो । कविताको सृजना गर्ने अवस्थामा यसको प्रयोग हुन्छ । यसले स्रष्टाको भाव तथा विचारलाई अभिव्यक्त गर्दछ । कविताका सन्दर्भमा भाषाशैली लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, गतिशील हुनाका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ [६०] भन्ने बुझिन्छ । कवितालाई चिनाउने क्रममा स्रष्टाले आफ्नो अनुभूतिलाई अर्थ्याउन बहन गर्ने सामर्थ्य वर्ण, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदको तहबाट आफ्नो विशिष्टता प्रकट गर्दछ । निष्कर्षमा भन्नुपर्दा भाषाशैलीले कवितारूपी शरीरको बाह्य आवरणका रूपमा रही कविताको प्राणरूपी भित्री लयलाई चम्काउँछ ।

### २.२.२.४ लयविधान

कवितामा सङ्गीततत्त्वको उपस्थिति भएन भने खल्लो हुन जान्छ । कवितात्मक अभिव्यक्तिमा श्रुतिमधुरता, श्रुतिरम्यता तथा विधागत निजत्व प्रदान गर्ने अन्तर्साङ्गीतिकता नै लयविधान हो । सामान्य भाषा र कविताको भाषा छुट्ट्याउन सङ्गीतात्मकता र लयात्मकताको आवश्यकता पर्दछ । यसको अभावमा कविताको भाषा र सामान्य भाषा छुट्ट्याउन सकिन्न । कविता विधामा लय भन्नासाथ छन्द भनेर बुझिन्छ । लय वा छन्दमा वार्णिक, मात्रिक, वर्णमात्रिक, मुक्तलय-गद्यात्मक रूप पाइए तापनि मूलतः कवितामा निम्नलिखित दुई किसिमको लय पाइन्छ :

---

[५८] पूर्ववत्, नेपाली कविता भाग-४, पृ.१८ ।

[५९] पूर्ववत्, नेपाली कविता भाग-४, पृ.१८ ।

[६०] **खगेन्द्रप्रसाद लुइटेल, कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, ने.रा.प्र.प्र. कमलादी, काठमाडौं (प्र.सं., २०६०), पृ.१०७ ।

(क) आन्तरिक लय

(ख) बाह्य लय

आन्तरिक लयमा पङ्क्ति स्तरमा पाइने अनुप्रासीयता, पङ्क्ति-पङक्तिबीचका अनुप्रासीयता, अन्तःसङ्गीतको स्फुरण, प्रभाव आदि हुन्छ भने बाह्य लयमा गण र मात्राको मिलनद्वारा स्वतःस्र्फुत रूपमा आउने लयात्मकता पर्दछ । कवितामा बाह्यलयको भन्दा अन्तर्लयको भूमिका महत्त्वपूर्ण हुन्छ । यसले कवितालाई सजीव बनाउनुका साथै श्रुतिमधुर र कर्णप्रिय बनाउँछ । गद्यकवितामा लघुगुरु वा गणमात्राको नियमित आवृत्ति पुनरावृत्तिको निर्वाह आवश्यकता नभई अन्तः साङ्गीतिकता वा अन्तर्लयकै प्रबल भूमिका देखिने हुँदा कविताको उन्मुक्त रूपभित्र पनि लयात्मक नियमितताको उचित संयोजन गर्न सकिएमा राम्रो गद्यकविता सृजना हुन्छ । यस्तै गण मात्रा आदिको अनुशासनमा रहेर पद्यकविताको रचना गर्दा स्वतः स्फूर्त रूपमा लय त आउँछ तर भावात्मकताले महत्त्व पाएन भने सो रचना कविता हुन सक्दैन । यसकारण लयविधानलाई साङ्गीतिक गेयतासँग जोडेर हेर्दा यसले कवितामा साभतिक सौन्दर्य भर्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**२.२.२.५ कथनपद्धति**

कविता एउटा विशिष्ट लयात्मक भाषिक कथनपद्धति हो । यसै कुराबाट स्पष्ट हुन्छ- स्रष्टाले आफूले देखेभोगेका जीवनजगत्सम्बन्धी विविध अनुभव र अनुभूतिबाट विषयलाई पाठक स्रोता वा दर्शकसामु सम्बोधन गर्ने कला नै कथनपद्धति हो । सामान्यतया कथनपद्धतिका दुई भेद देखिन्छन्:

(क) कविप्रौढोक्ति

(ख) कविनिबद्ध प्रौढोक्ति

कविस्वयम्को प्रत्यक्ष कथन कविप्रौढोक्ति र कवि वा कथयिता निबद्ध कुनै वक्ता वा पात्रमार्फत् नाटकीकरणसमेत गरिएको कथन कविनिबद्ध प्रौढोक्ति हो । अतः कविप्रौढोक्ति आत्मपरक अभिव्यक्ति हो भने कविनिबद्ध प्रौढोक्ति आत्मपरक अभिव्यक्ति होइन । मुक्तक र फुटकर कवितामा सोझै कविकथन मुखरित हुन्छ । खण्डकाव्य हुँदै महाकाव्यसम्म पुग्दा भने आख्यानीकृत पद्धतिभित्र नाटकीकरण पनि हुने भएकाले यी विधामा सीधै कविकथन कम हुने गरेको पाइन्छ । सङ्क्षिप्तमा कथनपद्धति तीन प्रकारका हुन्छन् :

(क) लेखकीय कथन -प्रथम पुरुषात्मक, द्वितीय पुरुषात्मक, तृतीय पुरुषात्मक

(ख) आख्यानीकृत कथन

(ग) नाटकीकृत कथन

कथनपद्धतिको जेजस्तो रूप भए पनि कविताको भाषिक लयात्मक कथनकला र संरचनामा यसका महत्त्वपूर्ण भूमिका रहन्छ ।

### २.२.२.६ केन्द्रीय कथ्य सन्दर्भ तथा भावविधान

कविताका माध्यमबाट स्रष्टाले आफ्नो चेतनाबाट आर्जित आफ्नो वरिपरिका जीवन र जगत्का सम्पूर्ण अनुभव वा अनुभूतिलाई अभिव्यक्त गरिरहेको हुन्छ । कवितामा कविद्वारा अभिव्यक्त हुने जेजस्ता विषयवस्तुहरू छन्, तिनै कविताको कथ्य वा सन्दर्भतत्त्व हुन् । त्यसैकारणले कवितामा हुने केन्दीय कथ्य, कथ्यको सन्दर्भसामग्री, तिनको भावविधानलाई समग्रमा कविताको एउटा संघटक तत्त्वको रूपमा लिइन्छ ।

कवितामा केन्द्रीय कथ्य भन्नाले केन्द्रीय भाव भन्ने बुझिन्छ । यसको अभावमा कविता खोक्रो हुन्छ । त्यसैले भावरूपी कविताको आत्मा अनुभव र अनुभूतिको सुषुप्तावस्थाबाट कल्पनाको माध्यम हुँदै भाषिक अभिव्यक्तिमा उद्दिप्त हुँदा कविताको सृजना हुन्छ । कविताको सारतत्त्वको रूपमा रहने केन्द्रीय भाव स्रष्टाको व्युत्पति र अभ्यासद्वारा अझ कलात्मक बन्दछ । साथै आन्तरिक र बाह्य संरचना कलात्मक रूपान्तरण यही भावमा उनिनका लागि सन्दर्भसामग्रीका रूपमा जीवनको सम्पूर्ण विषयवस्तु, मानवीय चेतना नै ग्रहण गर्न सके जति अनुभव र अनुभूतिहरू प्रयुक्त हुन आउँछन् ।

### २.२.२.७ बिम्बप्रतीक तथा अन्य सौन्दर्यविधान

बिम्बलाई कविताको सर्वाधिक पहत्त्वपूर्ण तत्त्वका रूपमा लिन सकिन्छ । कविता जीवनको कलात्मक प्रतिबिम्ब हो । अतः कविता बिम्बमय हुनु आवश्यक छ । कविता लेख्नु भनेको बिम्बमाथि घोत्लिनु हो वा बिम्बको सृष्टि गर्नु हो । भन्ने मान्यता रहेको छ । बिम्बविना कविता लेख्न सकिँदैन । कवितामा बिम्ब जीवनको रूपमा आउँछ । बिम्ब भनेको शब्दहरूका माध्यमबाट प्रस्तुत एउटा चित्र वा प्रतिच्छाया हो जसले यथार्थलाई पुनः निर्माण गर्दछ । कुनै रचनामा मुख्य अर्थ (प्रस्तुत वा कथ्य अर्थ) को सहचर प्रतिच्छायाका रूपमा

आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ नै बिम्ब हो ।[६१] बिम्बले कवितामा सौन्दर्य अभिवृद्धि गर्दछ । बाह्य संरचनासँग पनि सम्बन्धित भएर यसले सौन्दर्य सम्बर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी कविताव्यापी बनेर सौन्दर्य अभिवृद्धिको महत्त्वपूर्ण भूमिका खेल्ने बिम्बहरूलाई रूपक, प्रतीक आदिको संज्ञा पनि दिने गरेको पाइन्छ । त्यसो त उपमा, रूपक आदि अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् ।

बिम्बविधानका सन्दर्भमा एज्रापाउण्डले 'जीवनमा धेरै ग्रन्थ तयार पार्नुभन्दा बिम्बको कुशल विधानकर्ता कता हो कता श्रेयस्कर हुन्छ' भनेका छन् ।[६२] यसैगरी समाज गुणका आधारमा दृश्य वा अदृश्य वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनु नै प्रतीक हो ।[६३]जब बिम्ब मूर्त रूपमा प्रकट हुन्छ त्यति बेला नै प्रतीकले जन्म लिन्छ । यसरी प्रतीकले एउटा निर्दिष्ट अर्थबोधतर्फ संकेत गर्दछ र बिम्बले चाहिँ मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा अभिव्यक्त गर्नका साथै शब्द र अर्थको नवीन सन्दर्भलाई पनि व्यक्त गर्दछ । यो नै बिम्ब र प्रतीकका बीचमा रहेको मूलभूत भिन्नता हो । प्रतीक सादृश्यमा होइन कि व्यङ्ग्यमा भर पर्दछ र व्यङ्ग्यको समतुल्य पनि हुन्छ । कवितामा प्रतीकले भाव तथा मानसिक चित्रलाई सजीवताका साथ उतारी विस्तृत अनुभूतिलाई समेटेको हुन्छ । प्रतीकात्मक कवितामा प्रयुक्त मिथकहरूले पनि कवितालाई आकर्षक, मनमोहक र आह्लादकारी बनाउनमा विशेष भूमिका खेल्दछ । मिथक आद्यरूपीय तथा बीज वा घटनाको झिल्को भएकाले कविता सर्जकले आफ्नो लक्ष्यअनुकूलको ऐतिहासिक वा समसामयिक मिथकको प्रयोग गरी कवितालाई उत्कृष्ट बनाउन सक्दछ । बिम्बविधान अलङ्कारको प्रविधि हो, यसले अर्थको पूरकका रूपमा काव्यलाई चम्काउँछ ।

### २.२.२.८ व्यञ्जना

प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका रूपमा झल्कन्छ त्यसलाई व्यञ्जना भनिन्छ । कवितामा अभिधा र लक्षणाशक्तिभन्दा पर पुगेर अर्थको व्यापार गर्ने शब्दशक्ति नै व्यञ्जना हो । यही व्यञ्जनापूर्ण र व्यङ्ग्यात्मक अभिव्यक्तिमा नै कविताको उच्चता र मार्मिकता लुकेको हुन्छ ।

---

[६१] **पूर्ववत, नेपाली कविता भाग-४** पृ. २० ।

[६२] शिब प्रधान, **वृहत् समालोचना**, गान्तोक प्रकाशन, सिक्किम (प्र.सं., २०५४), पृ.६५८ ।

[६३] पूर्ववत्, सम्पादकमण्डल, **वृहत् नेपाली शब्दकोश**, पृ.८७३ ।

व्यञ्जनाभन्दाबाहेक आएका दुई शब्दशक्ति मध्ये अभिधा शब्दले साक्षात् सङ्केत गरेको अर्थ बुझाउँछ भने लक्षणाले मुख्यार्थभन्दा भिन्न तर त्यसै शब्दार्थसित सम्बन्ध राख्ने अन्य अर्थ बुझाउने वा विशिष्ट अर्थ बुझाउने शब्दशक्ति भनेर बुझाउँछ ।

यसरी अभिधाले मुख्यार्थ र लक्षणाले लक्ष्यार्थ बुझाइसकेपछि पनि यी दुई शब्दशक्तिभन्दा भिन्दै विशेष अर्थ वा भित्री अर्थ बुझाउने शब्दशक्तिलाई व्यञ्जनाशक्ति भनिन्छ । [६४]कवितामा व्यञ्जना अर्थ शब्द, वाक्य वा प्रकरण तथा समग्रकथनबाट व्यक्त भएको हुन्छ । काव्यको मूल्य बढाउन तथा कलात्मक सौन्दर्य सिर्जना गर्नमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले शब्द र अर्थका सन्दर्भमा साहित्यिक अभिव्यक्तिका तीन शक्तिमध्ये व्यञ्जनाशक्तिलाई सर्वोच्चशक्ति मानिएको छ ।

### २.२.२.९ विधागत स्वरूप तथा आयाम

जीवनको लघुतम अनुभूतिदेखि लिएर सम्पूर्ण मानव जगत् र उसको इतिहास, संस्कृति विकास आदिको विस्तारलाई समेत लयात्मक भाषिक अभिव्यक्ति कविताले दिन्छ र यसको स्वरूपगत आयाममा विविधता रहेको हुन्छ ।

कविताकृतिको कथन या श्रवणकालको लमाइ नै कविताकृतिको आयाम हो यसै आयामका माध्यमबाट पाठक, स्रोता वा भावकको हृदयमा सघनता र गहिराइको बोध हुन्छ । कवितालाई विधागत आयामका दृष्टिले हेर्दा विशेष गरी पूर्वीय मान्यताअनुसार निम्नखालका उपविधामा विभाजन गर्न सकिन्छ :

(क) लघुतम-मुक्तक

(ख) लघु-फुटकर कविता

(ग) मध्यम- लघुकाव्य, खण्डकाव्य, कोषकाव्य वा लामो कविता

(घ) बृहत्-ललित महाकाव्य

(ङ) बृहत्तर/बृहत्तम-विकासशील महाकाव्य ।

अनुभूतिको अति सङ्क्षिप्त भावाभिव्यक्ति कविताको लघुतम रूप हो । यसअन्तर्गत स्फूटित, मुक्तक, लोकपद्य, स्तुति, सूक्ति, सायरीलगायत दुईचार हरफे कविता, हाइकु आदि

---

[६४] पूर्ववत्, नेपाली कविता भाग-४ पृ. २१ ।

पर्दछन् । यस्तो लघुतम रूपले हृदयलाई एकपटक चस्स पारी अलप हुन्छ । यसमा स्वल्प संवेद्यता र अनुभूतिको चूर्ण मात्र समावेश हुन्छ ।

लघुतमभन्दा सुसंयोजित र सुसंगठित केही विस्तृत कथ्य आयाम, कथनकाल र अनुभूतिको एक पललाई अभिव्यक्त गर्ने उपविधा लघुरूपअन्तर्गत पर्दछन् । यस्ता कविता लघुतम रूप र मध्यम रूपका बीचको आयाममा अटाउन सक्तछन् । एकभन्दा बढी श्लोक वा अनुच्छेद हुने यसअन्तर्गत फुटकर कविता, गीत, गजल, प्रगीत, सनेट आदि पर्दछन् । यस उपविधामा कथानक, पात्र, देशकाल र वातावरणमध्ये कुनै एकको प्रधानता र अरू गौण रहन्छन् ।

कविताको लघुभन्दा विस्तारित र बृहत्‌भन्दा सानो रूप मध्यम रूप हो । अनुभूति विस्तारित हुँदै जाँदा आख्यानको सबल उपस्थिति हुन्छ र यसको आयाममा आख्यानको पनि विस्तार हुन्छ । लघु र बृहत्‌बीचको संरचना यसमा हुन्छ । यसमा प्रबन्धात्मकताको पुष्टता हुन्छ । यसकारण यस मध्यम रूपले खण्डकाव्य सदृश संरचना आयामलाई सङ्केत गर्दछ । आजकाल आख्यानहीन वा आख्यानपूर्ण लामा कवितालाई यसैभित्र समावेश गरिएको पाइन्छ । यस रूपका कवितामा कोषकाव्य, लोककाव्य, शोककाव्य, व्यालेड (गाथा) आदि पनि पर्दछन् ।

जीवनजगत्‌को विराट आयाम र युगसमेत प्रतिबिम्बित भएको भावाभिव्यक्तिको विस्तृत रूपअन्तर्गत कविताको बृहत् र बृहत्तर रूप देखा पर्दछन् । स्वभावतः यसमा जीवनको मानचित्र प्रस्तुत हुन्छ । प्राचीन युगदेखिको मानवजाति, मानवसभ्यता, इतिहास, संस्कृति र संस्कार तथा पौराणिक विस्तृतता सर्गबद्ध बृहत् भाषिक संकथन संरचना कविताको यस रूपमा देख्न सकिन्छ । प्राचीन विकासशील आर्षमहाकाव्य र अहिले लेखिने गरेका कलात्मक महाकाव्यहरू यस अन्तर्गत पर्दछन् ।

यसरी अनुभूतिले विस्तृति पाउँदै जाँदा कविताले स्वयं निर्मित संरचनाबाट सचेत संरचनातर्फ, तरलताबाट वस्तुगततातर्फ, श्लोक वा अनुच्छेदबाट सर्गबद्धतातिर र आख्यानको चूर्णताबाट सुसंगठित आख्यानतर्फ कलात्मक स्वरूप प्राप्त गर्दै गएको देखिन्छ । मुक्तकभन्दा फुटकर, फुटकरभन्दा खण्डकाव्य (लामो कविता), खण्डकाव्यभन्दा महाकाव्यमा क्रमशः आयाम विस्तार हुँदै गएको देखिन्छ ।

## २.३ नेपाली कविताको विकासक्रमसमबन्धी कालक्रमिक अध्ययन

नेपाली कविताको विकासक्रमको कुरा गर्दा नेपाली भाषाको विकासक्रमको चर्चा पनि स्वाभाविक रूपले गर्नुपर्ने हुन्छ । नेपाली कविताको विकासक्रमसँग नेपाली भाषाको विकासक्रमको सम्बन्ध जोडिएको छ । यसर्थ नेपाली भाषाको उत्पत्ति र विकासको इतिहाससापेक्ष रूपमा नेपाली कविताको जन्म र इतिहास कोट्याउनु उपयुक्त हुने देखिन्छ ।

हालसम्मको खोज तथा अनुसन्धानले नेपाली भाषा संस्कृत, प्राकृत र खस अपभ्रंश हुँदै विक्रमको एघारौं शताब्दीतिर आर्यभाषाका रूपमा विकास भएको देखिन्छ । यस भाषाको सर्वप्राचीन लेख्यरूप वि.स. १०३८ को दुल्लुका दामुपालको शिलालेखलाई मानिन्छ । या भाषा तत्कालीन कर्णाली प्रदेश वा वर्तमान कर्णाली अञ्चलको सिंजा उपत्यकामा व्यवहृत थियो भन्ने कुरा पुष्टि भएको छ ।[६५] दुल्लुगढीमा राजा दामुपालद्वारा लेखाएको भनिएको शीलालेखपछि सम्वत् १३१२ को खस सम्राट अशोक चल्लको हुम्लाको रेलिङ गुम्बामा प्राप्त ताम्रपत्र नै नेपाली भाषाको हालसम्म प्राप्त प्रामाणिक सर्वप्राचीन नमूना हो । नेपाली भाषासँग नेपाली कविताको इतिहास हेर्दा सम्वत् १४५० तिरको राष्कोटी बडे राजा मलयबम्ब मल्लको वंशावलीमा गद्यकवितात्मक गुण छ भनी बालकृष्ण पोखेलले मानेका छन् । उनले यसलाई जेठो नेपाली कविता भनेका छन् । तर यसलाई पहिलो नेपाली कविता भन्न सकिने अवस्था छैन ।

उपर्युक्त सन्दर्भमा नेपाली कविताको विकासक्रमलाई दुई भागमा बाँडेर हेर्नुपर्ने देखिन्छ । विक्रमको १९ औं शताब्दीमा नेपाली कविताको लेख्यपरम्परा थालिनुअघि एघारौं शताब्दीदेखि अठारौं शताब्दीसम्मको समयावधि नेपाली कविताको पृष्ठभूमिको रूपमा देखापर्दछ । यो पृष्ठभूमिकाल लेख्य नेपाली कविताको पूर्वार्द्ध वा पूर्वपीठिका हो । जसलाई लोकधारा वा मौखिकधारा मान्न सकिन्छ । यसै पृष्ठभूमिलाई आधार बनाएर शिष्ट वा लेख्य नेपाली कवितायात्राले लगभग सवा दुईसय वर्ष (हालः २०६४ सालसम्म) पूरा गरिसकेको छ । यसलाई लेख्यधारा वा शिष्टधारा भन्ने गरिएको पाइन्छ । जे भए पनि नेपाली कविताको यात्रालाई पृष्ठभूमिकाल (लोकधारा, मौखिकधारा) र  लेख्य वा शिष्टधारा गरी दुई वर्गमा वर्गीकरण गरी सोही अनुरूप अध्ययन -विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

---

[६५] दुल्लु अभिलेख , दामुपाल, वि.सं. १०३८ ।

### २.३.१ पृष्ठभूमिकाल (लोकधारा र मौखिक धारा) का उपलब्धि र विशेषता

विक्रमको एघारौं शताब्दीदेखि अठारौं शताब्दीसम्मको अवधिलाई नेपाली कविताको मौखिक परम्पराको अवधि मानिएको पाइन्छ । यस अवधिमा नेपाली कविता लोकगीत वा लोकगाथा परम्पराकै रूपमा रहेको पाइन्छ । लोकगीत, लोककथा, लोकगाथा, उखान, गाउँखाने कथा आदिलाई लोकधारा परम्पराका अवधिमा देखापरेका कवितात्मक स्वरूप भएका सामग्रीका रूपमा लिइन्छ । यस्तै टुक्के गीत, द्विपदी कवित्त, गोडेगीत आदिले पनि कविताको लघु रूपको बान्की बोकेको देखिन्छ । यस समयका पुराना लोकसामग्रीमा देवगीत र वीरगीतको प्रवृत्ति र पछिल्ला लोकसामग्रीमा प्रेमगीत र सामाजिक गीतको प्रवृत्ति पाइनुलाई पृष्ठभूमिकालीन नेपाली कविताको भावधारा वा विषयवस्तुका रूपमा लिन सकिन्छ । यसै गरी कुनैकुनै गाथामा कविताको मझौला रूप अर्थात् लघुकाव्य वा खण्डकाव्यतर्फको आयाम विस्तारसमेत हुन खोजेको पाइन्छ तर कविताकै रूपमा अपेक्षित सामग्रीहरू भने तिनमा भेटिंदैनन् । कविताका सम्भावना मात्र संकेतित भएका पाइन्छन् ।

उपर्युक्त सन्दर्भमा पृष्ठभूमिकाल वा लोकधारा र मौखिक धारालाई पनि पूवार्द्ध र उत्तरार्द्ध दुई चरणमा वर्गीकरण गरी हेर्न सकिन्छ । एघारौंदेखि तेह्रौ शताब्दीसम्मको अवधिलाई पूवार्द्ध चरण र चौधौंदेखि अठारौं शताब्दीसम्मको अवधिलाई उत्तरार्द्ध चरण मानिन्छ । खस राजा जितारी मल्ल (सम्वत् १३४४-४६) को 'चैत" वा भारत, टोडेली भेगका राजा नाग मल्ल (सं.१४४४) को 'धमारी" मलय बम्ब मल्ल र मेदिनी मम्ब मल्लको लोकगीत (सं. १४५०), रिपु मल्लको 'चाँचरी" (सं. १४६०-६९) जस्ता उत्तरार्द्ध मौखिक परम्पराका सामग्रीहरू हुन् । जे भए पनि यस्तै कथन र श्रुतिपरम्पराबाट जीवित रहेका लोकसामग्रीबाट प्रभावित, प्रेरित र विकसित हुँदै उन्नइसौं शताब्दीदेखि नेपाली कविताको लेख्यपरम्परा प्रारम्भ भयो । त्यसैले नेपाली कवितालाई लेख्य रूपमा ल्याउनमा यी लोकसामग्रीहरूले पूर्वाधारको काम गरेका छन् ।

### २.३.२ लेख्य वा शिष्टधाराअन्तर्गत नेपाली कविताको कालक्रमिक अध्ययन

इतिहास चेतनाबाट अनुप्राणित अवधारणाबाट नै सामान्यतया साहित्यिक इतिहासको कालविभाजन हुन्छ । यही इतिहाससम्मत कालविभाजनको अवधारणाअनुसार नेपाली भाषामा लेख्य वा शिष्ट कवितापरम्परा सम्वत् १८२६ तिर सुवानन्द दासद्वारा लेखिएको र वीरगाथा समेटिएको 'पृथ्वीनारायण शाह' भन्ने कविताबाट प्रारम्भ भएको देखिन्छ । हुनत

उनीभन्दा पहिलेका सगुन, रिपु मल्लका चाँचरीलगायतका रचना फेला परेको तथ्य पनि स्परणयोग्य छ । वास्तवमा सुवानन्द दासलाई पहिलो कवि मान्नुअघि पृष्ठभूमिकालको उत्तरार्द्धदेखि नै साहित्येत्तर गद्यवाङ्मय रचनाको फाटफुट लेख्य रचना अस्तित्वमा रहेको देखिन आएकाले यस बारेमा थप अनुसन्धान हुन सके नेपाली कविताको लेख्य इतिहास अझै लम्बिने देखिन्छ ।

जे भए पनि उन्नाइसौं शताब्दीको दोस्रो चरणदेखि सुवानन्द दासबाट थालिएको शिष्ट वा लेख्य नेपाली कविताको इतिहास आजसम्म करिव सवा दुईसय वर्ष जति हुन आएको छ । यही सवा दुईसय वर्ष अवधिको नेपाली कविताको इतिहासलाई विभिन्न विद्वान्हरूले विभिन्न समयमा विभिन्न कोणबाट अध्ययनविश्लेषण गरी आ-आफ्नै किसिमले चरण विभाजन गरेको पाइन्छ । यस सम्बन्धमा कसैले कविताको उठान र प्रवृत्ति, कसैले कविता लेखनको समय, कसैले स्रष्टाको आधारमा त कसैले राजनीतिपरक कडीमा रहेर सन्दर्भको उठान गरेको देखिन्छ । यस सम्बन्धमा आजसम्म पनि कसैको मतैक्यता रहेको पाइँदैन । विभिन्न ग्रन्थमा उल्लेख गरिएका काल विभाजनसम्बन्धी मतमतान्तरमा यस किसिमको विभाजन रहेको भेटिन्छ ।

क) डा. दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्माले जुन युग विशेषमा जुन उत्प्रेरणा वा चेतना बढी छ, त्यसैका आधारमा कालविभाजन र नामकरण गर्ने जमर्को गरेका छन्:[६६]

१. आदिकाल वा वीरगाथाकाल:१८०१-१८७२ सम्म

२. पूर्वमध्यकाल वा भक्तिकाल: १८७३-१९३९ सम्म

३. उत्तरमध्यकाल वा शृङ्गारकाल: १९४०-१९७४ सम्म

४. प्राक्आधुनिककाल वा नव्यकाल : १९७५-२००७ सम्म

५. आधुनिककाल: २००८ देखि हालसम्म

२. डा तारानाथ शर्माले विभिन्न लेखक कविहरूका विभिन्न विषयका र विभिन्न समयमा लेखिएका कृतिहरूको अध्ययन गर्न सजिलो होस् तथा भाषाको प्रयोग, छन्द र शैली,

---

[६६] डा. दयाराम श्रेष्ठ सम्भव, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (द्वि.सं.२०४०), सा.प्र./पृ.२९

विषयवस्तु र समयको समेत विश्लेषण हुन सकोस् भन्ने दृष्टिकोणले[६७]पाँच युगमा विभाजन गरेका छन्:

१. भानुभक्तपूर्वयुग (प्रारम्भदेखि विक्रामब्द १८७१ सम्म)

२. भानुभक्तयुग (विक्रमाब्द १८७२-१९३९ सम्म)

३. मोतीरामयुग (विक्रमाब्द १९४०-१९७६ सम्म)

४. क्रान्तिपूर्वयुग (विक्रमाब्द १९७७-२००७ सम्म)

५. क्रान्तिउत्तरयुग (विक्रमाब्द २००७ देखि हालसम्म)

३. डा. बासुदेव त्रिपाठीले र सम्बन्धित स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रमले पनि इतिहाससम्मत प्रचलनलाई सामान्य अनुमोदन गरेको अवधारणा यसरी स्वीकारेको पाइन्छ:[६८]

१. प्राथमिककाल (१८२६-१९४० सम्म)

२. मध्यकाल (१९४१-१९७४ सम्म)

३. आधुनिककाल (१९७५ देखि हालसम्म)

यसबाहेक यज्ञराज सत्यालका अनुसार [६९] (क) आदिकाल/प्राथमिककाल (ख) माध्यमिककाल (ग) आधुनिककाल भनेर वर्गीकरण गरिएको छ (क) आरम्भिककाल (ख) प्राथमिककाल (ग) माध्यमिककाल (घ) आधुनिककाल

४. वि.सं. २०२२ मा भएको देशव्यापी साहित्य सम्मेलनले यसप्रकारको वर्गीकरण गरेको[७०] पाइन्छ-

१. प्रथम उत्थानः (क) अभिलेखकाल (ख) वीरस्तुतिकाल (ग) धार्मिककाल

२. द्वितीय उत्थानः (क) शृङ्गारकाल (ख) गद्य साहित्यको उत्थान र विविध विधाको प्रयोग

---

[६७] डा. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** (सङ्कल्प प्रकाशन, काठमाडौं दो सं.२०३९), पृ.५-६ ।

[६८] **पूर्ववत्, नेपाली कविता**, भाग-४, पृ. १०१ ।

[६९] **पूर्ववत् , कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** पृ. १६०।

[७०] केशवप्रसाद उपाध्याय, **विचार र व्याख्या**, ललितपुर, सा.प्र. (वि.सं. २०५०), पृ.२४ ।

३. तृतीय उत्थानः (क) आधुनिककाल (ख) अत्याधुनिककाल

५. भाषाविद् बालकृष्ण पोखरेलले यसरी काल विभाजन गरेका छन्:[७१]

१. प्राचीनकालः (क) आदियुग (ख) मुद्राराक्षसयुग

२. माध्यमिककालः (ग) पृथ्वीनारायणयुग (घ) अर्ज्यालयुग (ङ) भानुभक्तयुग (च) प्रथम अन्योलयुग

३. आधुनिककालः (छ) मोतीरामयुग (ज) लेखनाथयुग (झ) शारदायुग (ञ) युगवाणीयुग (ट) द्वितीय अन्योलयुग (ठ) पुनराविष्कारयुग

६. बासु रिमाल 'यात्री' का अनुसार[७२]

१. आदिकालः अज्ञात समयदेखि १७०० सम्म ।

२. अनुवादकाल : १७०१- १८२५ सम्म

३. वीरगाथाकालः १८२६-१८७२ सम्म

४. भक्तिकालः १८७३-१९१० सम्म

५. शृङ्गारकाल : १९११-१९७२ सम्म

६. आधुनिककालः १९७३ देखि हालसम्म

७. समालोचक ईश्वर बरालको वर्गीकरणको आधार यस्तो छ-[७३]

(क) प्राथमिककाल : १८३३-१९४० सम्म

(ख) माध्यमिकाल : १९४१-१९८५ सम्म

(ग) आधुनिककालः १९८६-२००७ सम्म

(घ) प्रजातन्त्रकाल : २००७-२०१८

(ङ) पञ्चायतकाल : २०१८ देखि यता

---

[७१] बालकृष्ण पोखरेल, **राष्ट्रभाषा**, सा.प्र.नवम् संस्क. (वि.सं.२०५०) ।

[७२] **पूर्ववत्, विचार र व्याख्या**, ललितपुर, सा.प्र. (वि.सं. २०५०), पृ. २-४ ।

[७३] **पूर्ववत्, कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं, ने.रा.प्र.प्र.(वि.सं.२०६०), पृ.,१६१ ।

ईश्वर बरालको यस्तो कालविभाजन २०४६ सालको जनआन्दोलनले पञ्चायत व्यवस्था अन्त्य भई बहुदलीय व्यवस्था सूत्रपात भएपछि अधुरै रहन गएको देखिन्छ ।

८. यसरी जे-जसरी कालविभाजनसम्बन्धी आफ्ना मतहरू प्रस्तुत गरिए तापनि बढी प्रचलित र मान्य रहेको काल विभाजनसम्बन्धी स्नातकोत्तर तहको नेपाली विषयको पाठ्यक्रममा नेपाली कविताको कालक्रमिक अध्ययनसम्बन्धी मत नै बलियो रहेको छ । यसअनुसारको कालविभाजन यस प्रकार छ :

१. प्राथमिककालीन नेपाली कविता (वि.सं. १८२६-१९४० सम्म)

२. माध्यमिककालीन नेपाली कविता (वि.सं.१९४१-१९७४ सम्म)

३. नेपाली कविताको आधुनिककाल (वि.सं. १९७५ देखि हालसम्म)

त्रि.वि को. पाठ्यक्रमद्वारा स्वीकृत यही कालविभाजनसम्बन्धी मतलाई स्वीकार्दै तल नेपाली कविताको कालक्रिमक अध्ययनसम्बन्धी सङक्षिप्त चर्चा गरिएको छ ।

### २.३.२.१ प्राथमिककालीन नेपाली कविता (वि.सं. १८२६-१९४०)

नेपाली कविताको प्राथमिककालको अवधि करिब १ सय १४ वर्षको मानिएको छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानको थालनीदेखि मोतीराम भट्टको उदयसम्मको अवधिलाई नेपाली कविताको प्राथमिककाल मानिन्छ । यस कालावधिलाई लेखोटकालका रूपमा पनि चित्रण गरिएको पाइन्छ । अध्ययनमा सरलता आओस् भन्ने उद्देश्यले प्रथमिककाललाई पूर्वार्द्ध (१८२६-१८७२) र उत्तरार्द्ध (१८७३-१९४०) का रूपमा बाँडिएको पाइन्छ । प्रवृत्तिगत रूपमा भने पूवार्द्धलाई वीरधारा र उत्तरार्द्धलाई भक्तिधारामा विभाजित गरिएको पाइन्छ ।

#### २.३.२.१.१ वीरधारा (वि.सं. १८२६-१८७२)

पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानदेखि सुगौली सन्धि (वि.स.१८७२) सम्मको समयावधिलाई नेपाली कविताको वीरधारा मानिन्छ । यो समय युद्ध, निर्माण र विस्तारको समय थियो । त्यसैले यस अवधिमा वीरता, सौर्य र सहासका साथै राजभक्ति र राष्ट्रियता झल्कने कविताको आवश्यकता थियो । पृथ्वनिारायण शाहपछि पनि नेपाल अधिराज्यको विस्तार उनका कान्छा छोरा बहादुर शाहबाट निरन्तर भइरह्यो । त्यसकारण यही समयमा कविहरूले कविताका माध्यमबाट राजाको वीरता, जनताको

राजभक्ति र देशप्रेमबाट प्रभावित भई वीरता र साहसको गायन गरेको पाइन्छ । यही वीरताको गायन नै यस समयको मूल प्रवृत्ति हो ।

हालसम्मको खोज अनुसन्धानअनुसार 'पृथ्वीनारायण' कविता लेख्ने सुवानन्द दास नै यस धाराका मूल प्रवर्तक हुन् । यस धाराका अन्य कविहरूमा शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधाबल्लभ, सुन्दरानन्द बाँडा आदि प्रमुख मानिन्छन् । यी मध्ये केन्द्रीय कविका रूपमा चाहिँ उदयानन्द अर्ज्याललाई मानिएको पाइन्छ ।[७४]

उच्च कवित्वभन्दा पनि वर्णन र विवरणको प्राधान्यता तथा हास्य, शृङ्गार र आध्यात्मिक तथा नैतिक विषयवस्तुको प्रयोग पाइनु यस कालका अन्य प्रवृत्ति हुन् ।

आफ्नो एकतिहाइ भूमि गुमाउनुपर्ने गरी नेपालले अंग्रेजसँग गरेको सुगौली सन्धिका कारणले नेपाली स्वाभिमानमा परेको चोटले जनमानसमा उत्पन्न पराजित मानसिकता, नैराश्यता र चिन्तासँगै यो धारा समाप्तप्रायः भएको देखिन्छ ।

### २.३.२.१.२ भक्तिधारा (१८७३-१९४० सम्म)

वीरधाराको समाप्तिसँगै प्राथमिककालीन नेपाली कविताको उत्तरार्द्ध प्रारम्भ भएको र भक्तिधाराको नामले चिनिन थालेको पाइन्छ । वि.सं. १८७२ मा अङ्ग्रेजसँग सुगौली सन्धि भएपछि अझ भीमसेन थापाको राजनीतिक अवसान भएपछि राजपरिवार र भाइभारदारहरूबीच भएको आन्तरिक कलह, सत्तालोलुपताका कारणले हिंसात्मक षड्यन्त्रजस्ता घटनाले नेपाली मानसिकतामा एकीकरणको समयमा जस्तो विजयोन्मादको गौरव रहेन । कुण्ठा र नैराशयबाट मुक्ति पाउन नेपाली कविहरूले शान्तरसले ओतप्रोत भक्तिभाव वा स्तुति, भजनकीर्तनतिर झुकाव राख्न पुगेको देखिन्छ । प्राथमिककालको उत्तरार्द्धको भक्तिधारालाई प्रवृत्तिगत दृष्टिले सगुण र निर्गुण भक्तिधारा गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ ।

### १. सगुण भक्तिधारा

सांसारिक मायामोहबाट टाढा रही आफ्ना आराध्यदेवप्रति लीन भई मुक्तिको खोजी गर्दै परमतत्त्वको दशअवतारमध्ये राम र कृष्णसँग सम्बन्धित लीला वा कथादिमा केन्द्रित

---

[७४] पूर्ववत्, नेपाली कविता, भाग-४, पृ. १०७ ।

भक्तिधारा सगुण भक्तिधारा हो । यसअन्तर्गत पनि कृष्णभक्तिधारा र रामभक्तिधारा गरी दुई उपधारा देखापर्छन् ।

**(क) कृष्णभक्तिधारा**

ईश्वरका साकार रूपमध्ये श्रीकृष्णलाई आराध्यदेव मानी त्यसैको कवितात्मक स्तुति गर्ने वा त्यससम्बन्धी आफ्ना भावनाहरू व्यक्त गर्ने प्रवृत्तिगत विशेषता यस धाराका कविमा रहेको पाइन्छ । यस धाराका प्रथम कवि इन्दिरसलाई मानिएको छ भने अन्य कविहरूमा विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल, हरिदास आदि हुन् । यस धाराका केन्द्रीय कविका रूपमा वसन्त शर्मालाई लिइएको पाइन्छ । यस समयमा शास्त्रीय छन्दका साथै लोकछन्दमा पनि कविता लेख्न थालिएको पाइन्छ ।

**(ख) रामभक्तिधारा**

ईश्वरका साकार रूपमध्ये श्रीरामलाई आधार वा आराध्यदेव मानी त्यसैको कवितात्मक स्तुति गर्ने वा त्यससम्बन्धी आफ्ना भावनाहरू व्यक्त गर्ने प्रवृत्तिगत विशेषता यस धाराका कविहरूमा पाइन्छ । यस धाराका प्रथम कवि रघुनाथ भट्ट (पोखऱ्याल) हुन् भने केन्द्रीय कविका रूपमा भानुभक्त आचार्यलाई मानिएको पाइन्छ ।

यस धाराका केन्द्रीय कवि मानिने भानुभक्त आचार्य नेपाली साहित्यका विशिष्ट प्रतिभाका रूपमा चिनिएका छन् । उनले वि.सं. १८८९-९० को अवधिमा अध्यात्म रामायणका सातै काण्ड नेपाली भाषामा अनुवाद गरेका थिए । यसबाहेक उनका वधूशिक्षा ( वि.सं. १९१९), प्रश्नोत्तर (वि.सं.१९१०), रामगीता (वि.सं.१९२६), भक्तमाला (वि.सं. १९१०) आदि कृति प्राप्त छन् । भानुभक्तको 'रामायण' रामभक्तिधाराको सर्वोतम् उपलब्धि मानिनाका साथै अनुवाद भएर पनि प्रशस्त मौलिकता भेटिएको पहिलो नेपाली महाकाव्य मानिएको पाइन्छ । यसरी भानुभक्तको कवित्वमा पूर्ववर्ती कविका भन्दा भाषिक शुद्धता, अभिव्यक्तिगत सरलता, शैलीगत परिष्कार, काव्यगत वैशिष्ट्य पाइन्छ ।

समष्टिमा भन्नुपर्दा नेपाली कवितामा संस्कृत तथा वर्णमात्रिक छन्दको प्रयोग हुनु, अनुवादका साथै मौलिक रचनाप्रवृत्ति बढ्नु, धर्मदर्शन र वेदान्तको आध्यात्मिक प्रभावमा कविता रचिनु तथा विभिन्न अलङ्कारको प्रयोग प्रारम्भ हुनु यस धाराका मूलभूत उपलब्धि

हुन् । शैवभक्ति, शाक्तभक्ति, बुद्धभक्ति आदि विभिन्न भए भक्तिका मार्गहरू पनि यस समयमा विशेष गरेर कृष्णभक्ति र रामभक्तिकै प्रधानता रहेको देखिन्छ ।

**२. निर्गुणभक्तिधारा**

नेपाली कविताको निर्गुण भक्तिधारालाई सन्तधारा पनि भनिन्छ । यस धाराका सबैजसो कविहरू जोसमनिसन्त भएकाले यसको नाम सन्तधारा राखिएको हो । जोसमनी शब्दको निर्माण जोतिर्मनि>ज्योतिष्मनि>जोसमनि हुँदै भएको देखिन्छ । निर्गुण ब्रह्मसम्बन्धी आध्यात्मिक चिन्तनलाई पक्रेर साङ्ख्य र वेदान्त हुँदै आध्यात्मिकतातर्फ उन्मुख सधुक्कडी परम्पराबाट प्रभावित कविहरूबाट नेपाली कवितामा निर्गुण भक्तिधारा प्रवाहित भएको पाइन्छ । सच्चिदानन्द ब्रह्मस्वरूप ईश्वरको दर्शन, भक्ति, योग तथा समाधिबाट मनभित्रै गर्न सकिने आध्यात्मिक चिन्तनलाई विषयवस्तु बनाई कविता लेख्ने यस धाराका केन्द्रीय कवि सन्त ज्ञान दिलदासलाई मानिन्छ । वि.सं. १९३४ मा रचित उनको ‘उदयलहरी’ कविता यस धाराको प्रतिनिधि कृतिका रूपमा मानिन्छ । अखड्दिलदास, अगम दिलदास, गोविन्ददास, सन्त शशीधर, आदि यस धाराका मुख्य कवि मानिन्छन् ।

ईश्वरसम्बन्धी नयाँ चिन्तनका साथ धार्मिक रुढिको विरोध गर्दै सामाजिक जागरणको उद्घोष बोकेका यस धाराका कविहरूबाट शुद्ध र झ्याउरे नेपाली भाषामा लहरी र संवाद छन्द मौलाउनु नेपाली कविताको माध्यमिककालीन यात्राको अग्रगामी सङ्केत मानिन्छ ।

निष्कर्षमा भन्दा वीररसबाट उठान भएको प्राथमिककालीन नेपाली कविता निराशाजनक परिस्थितिका कारण स्तुति, प्रसंशाले भरिएको भक्ति रचनातर्फ मोडिएको देखिए पनि समग्र प्राथमिककालीन साहित्य कविताप्रधान रहेको देखिन्छ । यसपछि नेपाली कविताले अर्को मोड लिएको पाइन्छ । जुन मोड युवककवि मोतीराम भट्टको आगमनबाट शुरु भएको माध्यमिकाल हो ।

**२.३.२.२ माध्यमिककाल (१९४१–१९७४)**

नेपाली कवितामा मोतीराम भट्टको आगमनदेखि माध्यमिककालको आरम्भ भएको मानिन्छ । यो क्रम ‘सूक्तिसिन्धु’ (वि.सं.१९७४) को प्रकाशनसम्म रहेको मानिन्छ । यसै समयमा छापाखानाको स्थापना भई पुस्तक प्रकाशनसमेत भएकाले यस अवधिलाई नेपाली कविताको मुद्रणकालका रूपमा पनि लिने गरिन्छ । शृङ्गारिक भाव बोकेका कविता यस

अवधिमा निकै शक्तिशाली रूपमा लेखिएका पाइन्छन् । यसैकारणले होला विद्वान्हरूले यस अवधिलाई शृङ्गारिकयुगका रूपमा लिएको  पाइन्छ ।

संस्कृतका शृङ्गारिक काव्य र हिन्दी, उर्दु, फारसी आदि भाषाका गजल र शृङ्गारिक नाट्य थिएटरको प्रभाव मोतीराम भट्टमा परेकै कारणले नेपाली साहित्यमा उनले शृङ्गारिकधारालाई भित्र्याएको पाइन्छ । वि.सं. १९४२ मा आफ्ना काका रणोद्विपको हत्या गरी वीर शमशेर सत्तामा आएपछि राणापरिवार भोगविलासमा लिप्त हुन पुग्यो । उनीहरूका महलमा आमोदप्रमोद, नाचगान, गीतसङ्गीत र अभिनयको वातावरण मौलाउन शुरु भयो । यही कारणले नेपाली काव्यमा शासकस्तुति र शृङ्गारिक प्रवृत्तिको थालनी हुन गयो । यस समयमा राणा शासकलाई खुसी पार्नका लागि नारीको नखशिखवर्णनका साथै रतिरागको अलाप कविहरूको प्रतिभा प्रकाशनको प्रमुख क्षेत्र बन्यो । माध्यमिककालको पूर्वार्द्ध चरणमा मोतीराम भट्ट र उनको मोतीमण्डलीको सक्रियतामा शृङ्गारिक भावधाराको नवप्रवृत्ति फस्टाएको पाइन्छ । मोतीराम भट्टको अवशानपछि सूक्तिसिन्धु (वि.सं.१९७४) को प्रकाशनपूर्वको समयावधिमा विभिन्न कविहरूले समस्यापूर्तिका साथै गजलपरम्परालाई हुर्काउँदै लोकछन्दमा शृङ्गारिकता मिश्रित अभिव्यक्ति तथा संस्कृत प्रभावित काव्यपरम्पराबाट आधुनिकता झल्काउने उल्लेखनीय प्रयास गरेको पाइन्छ । यसरी माध्यमिककाललाई पूर्वार्द्ध चरण (वि.सं.१९४१-१९६१) र उत्तरार्द्ध चरण (वि.सं.१९६२-१९७४) गरी दुई भागमा विभाजित गरी अध्ययन गर्न सकिन्छ ।

### २.३.२.२ पूर्वार्द्ध चरण (वि.सं.१९४१-१९६१)

यस चरणमा मोतीराम भट्टको केन्द्रीयतामा काठमाडौं तथा वाराणासीमा समेत मोतीमण्डलीको सामूहिक प्रयत्नद्वारा प्राथमिककालीन नेपाली कविताको स्तरीयताको उचाइ बढाई माध्यमिककालको उच्च सिँढी चढाउने काम भएको पाइन्छ । मोतीराम भट्ट सिङ्गो माध्यमिककालका केन्द्रीय प्रतिभा हुन् । उनकै कवित्व प्रतिभाले यस अवधिमा नेपाली कविता उर्बर बन्न पुगेको देखिन्छ । मोतीराम भट्टद्वारा लिखित 'पिकदूत' खण्डकाव्यले उनीसँग भएको निख्खर सौन्दर्यचेतना, प्रतिभा र कल्पनाशक्तिको दसीको पुष्टि भएको देखिन्छ । यो काल मोतीराम भट्टको अवशान (१९५३) पछि पनि १९६१ सम्म मोतीमण्डलीको सक्रियताका कारणले लम्बिएको पाइन्छ ।

यस कालका प्रमुख शृङ्गारिक कविहरूमा मोतीराम भट्ट, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, शिखरनाथ सुवेदी, गोपीनाथ लोहनी, तीर्थराज पाण्डे, दधिराज मरासिनी शम्भुप्रसाद ढुङ्गेल, कृष्णप्रसाद रेग्मी, पहलमान स्वाँर आदिको प्रमुख भूमिका रहेको पाइन्छ ।

नेपाली साहित्यमै पहिलोपल्ट माध्यमिककालमा जन्मिएको आन्दोलन 'मोतीमण्डली' को छुट्टै ऐतिहासिक महत्त्व छ । आफ्ना समकालीनलाई प्रोत्साहित गरेर साहित्यतर्फ संगठित गर्ने उद्देश्यले मोतीराम भट्टको सक्रियतामा १९३८ सालमा उनी बनारास पढ्न जाँदाखेरि यसको स्थापना भएको पाइन्छ । यस कविमण्डलीमा पद्मविलास, काशीनाथ, चेतनाथ आचार्य, तेजबहादुर राना, नरदेव पाण्डे, मरिचमानसिंह लगायत माथि उल्लेख भएका गोपीनाथ लोहनी र तीर्थराज पाण्डेहरू थिए ।[७५]

### २.३.२.३ उत्तरार्द्ध चरण -वि.सं. १९६२-१९७४)

मोतीराम भट्टको निधन भएको करिव एकदशक पछाडि संस्कृत शिक्षाबाट प्रभावित भएका विभिन्न युवाकविहरूको सङ्गालो 'कविता कल्पद्रूम (वि.स. १९६२) को प्रकाशन र 'सुन्दरी' (वि.सं.१९६३) पत्रिकाको प्रकाशनसँगै माध्यमिककालको शृङ्गारिक धाराले निरन्तरता पाएको पाईन्छ । यी कविहरूले संस्कृतनिष्ठ कविता शिल्पका शब्दालङ्कार र अर्थालङ्कारमा चमत्कार दिई माध्यमिककालीन शृङ्गारिक धाराको उत्तरार्द्ध चरणको सुरुवात गरेको पाइन्छ । यस अवधिमा गजल र समस्यापूर्तिको परम्परा झनै हुर्किएको पाइन्छ । आनन्दलहरी, प्रेमलहरी र सवाई आदि लोकछन्दमा शृङ्गारिक अभिव्यक्ति यस समयमा उल्लेख्य रहन गएको भेटिन्छ । यसै अवधिमा लेखनाथ पौड्याल, शम्भुप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्तजस्ता कविहरूले शिष्ट र संस्कृतनिष्ठ छन्दपरम्परामा भाषा, शैलीको परिष्कारसहित सहज र उच्च कवित्वशक्ति बोकेर पद्यात्मक रचनाका माध्यमबाट माध्यमिककालको आह्वान गरेको देखिन्छ ।

नेपाली साहित्यमा दोस्रो आन्दोलनका रूपमा मोतिमण्डलीपछि राममणि आ.दी. को नेतृत्वमा हलन्त बहिष्कार आन्दोलन भएको पाइन्छ । यसबाहेक पं. हेमराजद्वारा लेखिएको 'मध्यचन्द्रिका' व्याकरण (वि.सं. १९६९) को प्रकाशनले भाषिक एकरूपतामा उल्लेख्य सहयोग मिलेको पाइन्छ ।

---

[७५] गोविन्दराज भट्टराई, काव्यिक आन्दोलनको परिचय, ने.रा.प्र.प्र. (प्र.सं., २०४९), पृ. १४२ ।

यस कालका शृङ्गारिक गीति-कविता लेख्ने कविहरूमा हाजिरमान राई, रतननारायण, प्रतापसिंह राई, नरवीर तामाङ, सुन्दर सिह मुन्सी, आदि मुख्य रहेका देखिन्छन् । पौराणिक आख्यानलाई लयबद्ध गर्दै भानुभक्तीय परम्परा थाम्ने शिखरनाथ सुवेदी, होमनाथ खतिवडा, गोपीनाथ लोहनी, वैयाकरण नेपाल, कृष्णप्रसाद रेग्मी, रमाकान्त बराल, केदारनाथ खतिवडा आदि हुन् । माध्यमिककालीन उत्तरार्द्ध चरणको शृङ्गारिक धारामा सम्मिलित भई राम्रा कविताका माध्यामबाट आधुनिककालको नवयुगको सङ्केत गर्ने विशिष्ट कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे आदिलाई लिइन्छ । 'सूक्तिसिन्धु' ( वि.सं. १९७४) लाई माध्यमिककालको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । यही कारणले गर्दा यस अवधिमा शृङ्गारिकताले चरमोत्कर्षमा पुग्ने अवसर पाएको भेटिन्छ । त्यसपछि यो धारा पूर्ण रूपले शिथिल भई आधुनिककालको परिष्कारवादी भावधारा सूत्रपात हुन पुगेको देखिन्छ ।

निष्कर्षः शृङ्गार रसबाट सुरु भएको माध्यमिककालीन नेपाली कविता राणा शासकको भोगविलासका कारणले गर्दा प्रायः यही शृङ्गारिक धारामै गुज्रिएको पाइन्छ । शासकवर्गको स्तुतिमा रमाएका यस धाराका कविहरूले यस अवधिमा कविताका अलावा गजलमा पनि उत्तिकै प्राथमिकताका साथ कलम चलाएको पाइन्छ । स्तुति, प्रशंसा र शृङ्गारिकतामा अल्झिएको माध्यमिककाल 'सूक्तिसिन्धु' (१९७४) को प्रकाशन पछि शिथिल भएर आधुनिकतातर्फ मोडिएको पाइन्छ । माध्यमिककालको पूर्वार्द्ध चरणका प्रमुख कवि प्रतिभा मोतीराम भट्ट थिए भने उत्तरार्द्ध चरणका प्रमुख व्यत्तिःत्वका रूपमा कवि शम्भूप्रसाद ढुंगेललाई मान्नु पर्ने देखिन्छ । सम्पूर्ण माध्यमिककालका प्रमुख व्यक्तित्वचाहिँ मोतीराम भट्ट नै भएको अनुभव हुन्छ ।

### २.३.३ आधुनिककाल (१९७५ देखि हालसम्म)

नेपाली कविताको आधुनिककालका सन्दर्भमा विद्वान्हरूका बीचमा आधुनिककाल कुन समयविन्दुदेखि शुरु भएको हो भन्ने कुरामा थुप्रै मतभिन्नताहरू पाइन्छन् । त्यसकारण यहाँ यी मतमतान्तरमा अल्झिनुभन्दा त्रि.वि.नेपाली पाठ्यक्रम निर्धारण समितिले निर्धारण गरेको मतअनुसार 'सूक्तिसिन्धु' (वि.सं. १९७४) को प्रकाशनपछि नै आधुनिककालको शुरुवात भएको भन्ने मतलाई नै अघि सारेर यस अवधिमा देखापरेका विभिन्न मोड, उपमोड र तिनले नेपाली कवितामा पारेको प्रभावलाई कालक्रमिक रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

वि.सं. १९७५ देखि हालसम्मको करिब आठ दशक लामो समयावधिलाई नै नेपाली कविता विकासक्रमको आधुनिककाल मानिन्छ । यस समयावधिलाई पनि पूर्वार्द्ध र उत्तरार्द्ध गरी छुट्याउँदा लक्ष्मीप्रसाद देवकोटाको निधन नभएसम्मको अवधि (१९७५-२०१६) पूर्वार्द्ध र त्यसपछिको अर्थात् २०१७ सालपछि पाश्चात्य काव्यप्रवृत्ति र मूल्यलाई आत्मसात् गर्दै प्रयोगवादी धाराको सुरुवात भएदेखि हालसम्मको समयावधिलाई उत्तरार्द्ध मान्न सकिन्छ । विषयवस्तु, भाषाशैली र प्रवृत्तिगत विशेषता का आधारमा आधुनिक नेपाली कवितायात्रामा निम्न चार धारा देखापरेका छन्:

१. परिष्कारवादी धारा (वि.सं. १९७५-१९९० सम्म)

२. स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं. १९९१-२०१६ सम्म)

३. प्रयोगवादी धारा (वि.सं. २०१७-२०२९ सम्म)

४. समसामयिक धारा (वि.सं.२०३० देखि हालसम्म)

माथि उल्लेख गरिएका विभिन्न चरणमध्ये पूर्वार्द्धकालमा परिष्कारवादी, स्वच्छन्दतावादी र स्वच्छन्दतावादी-प्रगतिवादी धारा विकसित भएका छन् भने उत्तरार्द्धमा प्रयोगवादी धाराका साथै अनेकौं प्रवृत्तिगत विशेषताहरू समेटिएको समसामयिक धारा अद्यापि सक्रिय छ ।

### २.३.३.१ परिष्कारवादी धारा (वि.सं. १९७५-१९९० सम्म)

परिष्कारवादी धारालाई शास्त्रीय वा क्लासिकल धारा भनेर पनि चिनिन्छ आधुनिक नेपाली कविताको विकासक्रमको प्रथम चरणमा यो धारा उत्कर्षमा पुगेको देखिन्छ । केही विद्वानहरूले शास्त्रसम्मत् नियममा रही अघि बढ्न खोजेकाले यस धारालाई परिष्कारवादीको सट्टा शास्त्रीयतावादी धारा भनिनु उचित हुने मत अघि सारेको पाइनछ । काव्यशास्त्रले मार्गदर्शन गरेको शास्त्रीय नियम र परम्परालाई पाश्चात्य काव्यशास्त्रीय सैद्धान्तिक मान्यताको नजिकमा रहेर लेखनाथ पौड्यालले अझ परिष्कार, परिमार्जनको प्रयास गर्दै आध्यात्मिक, भौतिक आदि चिन्तनको अनुशीलन, भाव भाषा र लयमा सन्तुलनको सार्थक प्रयाससहित प्रवर्तन गरेको पाइन्छ । माध्यमिककालमा शृङ्गारिक भावधारालाई बोकेर कविता साधनामा कम्मर कसेका लेखनाथ पौड्यालले वि.सं. १९६९ मा प्रकाशित 'लालित्य' संयुक्त कवितासङ्ग्रहमा सङ्गृहीत 'कवि कवितालाप' शीर्षकको फुटकर कविताबाट नयाँ भावविधानको खोजी गरेका छन् । नवीन काव्ययुगको खोजी गर्दै लेखिएको यस कविताबाटै

लेखनाथले माध्यमिककालीन शृङ्गारिक धारालाई त्याग्दै नयाँ भावविधानको खोजीतर्फ उन्मुख हुने प्रतिबद्धता देखाएका हुन् । यही परम्परालाई अँगाल्दै १९७३ मा उनको 'ऋतुविचार' खण्डकाव्य, सोही वर्ष 'बुद्धिविनोद' र १९७६ मा 'सत्यकली संवाद' जस्ता कृति संस्कृतकाव्य सिद्धान्तको परम्परालाई आत्मसात् गर्दै र सचेततापूर्वक आध्यात्मिक, नैतिक चेतना र सामाजिक जागरण ल्याउने आदर्शवादी धारणालाई लेखनाथीय प्रवृत्ति बनाएर लेखनाथ पौड्यालले प्रतिष्ठापित गराए । वि.सं.२०१० सालमा प्रकाशित उनको 'तरुण-तपसी' नव्यकाव्यले त उनको सम्पूर्ण जीवनदर्शनको झल्को दिन्छ । यही कारणले यस धाराको केन्द्रीय प्रवृत्ति लेखनाथीय काव्यप्रवृत्ति नै हो । त्यसैले यस युगलाई कतिपय विद्वान्ले लेखनाथीय युगसमेत भनेको पाइन्छ ।

लेखनाथ पौड्यालपछि देखापरेका यस धाराका अन्य सशक्त कवि प्रतिभाहरूमा सोमनाथ सिग्द्याल, धरणीधर कोइराला र बालकृष्ण सम प्रमुख मानिन्छन् । 'जागजाग' कविता वि.सं.१९७५ मा लेखेर धरणीधर कोइरालाले जातीय जागरणको उच्च स्वर घन्काएका थिए । यसपछि सोमनाथ सिग्द्यालको 'आदर्शराघव'(वि.सं.२००५) परिष्कारवादी धाराको महत्त्वपूर्ण उपलब्धी हो । पूर्वीय काव्यशास्त्रका धुरन्धर विद्वान् सोमनाथ सिग्द्यालले आफ्नो पाण्डित्यपूर्ण कालीगढी शिल्पशैलीलाई यही महाकाव्यका माध्यमबाट प्रस्तुत गरेका छन् ।

भौतिक र आध्यात्मिक चेतनालाई दार्शनिकतामा ढालेर आफ्नो दृष्टिकोण परिष्कारवादी काव्यधाराका माध्यमबाट प्रस्तुत गर्ने बालकृष्ण समले यस धारालाई अझ उचाइतिर लाने काम गरेका छन् । यसै अवधिमा लेखिएका उनका फुटकर कविताहरको सङ्ग्रह बालकृष्ण समका कविता (२०३८) 'आगो र पानी' (खण्डकाव्य, २०११) र चिसो चुह्लो महाकाव्य (२०१५) जस्ता कृति यस धाराका उल्लेखनीय उपलब्धि हुन् । महानन्द सामकोटाका मनलहरी (१९८०), अपुङ्गो (२००७) र विशाल नेपाल (२००८) जस्ता कृतिले धरणीधर कोइरालाले जस्तै जातीय स्वरलाई उराल्ने काम गरेका छन् । अर्का कवि माधवप्रसाद घिमिरेले परिष्कारवादी र स्वच्छन्दतावादी धारको देसाँधमा रहेर लोकलय र छन्दमा सामाजिक सन्दर्भ प्रस्तुत गर्दै देशप्रेम र प्रकृतिप्रेमको हार्दिकतालाई सुसेलेको पाइन्छ ।

यसरी लेखनाथ पौड्यालबाट शुरु भएको परिष्कारवादी आधुनिक काव्यधारालाई धरणीधर कोइराला, बालकृष्ण सम, महानन्द सापकोटा, माधवप्रसाद घिमिरे, भवानीप्रसाद खतिवडा आदि स्रष्टाबाट अझैं उचाइमा पुऱ्याएको पाइन्छ । स्वच्छन्दतावादी काव्यधाराका

प्रवर्तक मानिने लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमालले पनि परिष्कारवादी धारालाई विस्थापित गर्दै स्वच्छन्दतावादी धाराको आह्वान गरेको पाइन्छ ।

परिष्कारवादी काव्यधाराका अन्य कविहरू कृष्णप्रसाद घिमिरे, भरतराज मन्थलीय, हेमचन्द्र पोखरेल, भरतराज पन्त, अगमसिंह राई, साम्वभक्त शर्मा सुवेदी, देवीदत्त पराजुली, झपटबहादुर राणा, बदरीनाथ भट्टराई, जगन्नाथ गुरागाई, पारसपणि प्रधान आदि उल्लेखनीय मानिन्छन् ।

यस धारालाई नेपालबाहिरबाट उल्लेखनीय योगदान पु¥याउने स्रष्टाहरू माथि उल्लेख भएका महानन्द सापकोटा, धरणीधर कोइराला, पारसमणि प्रधान आदि हुन् भने आसामबाट हरिनारायण, भीमप्रसाद उपाध्याय, नित्यानन्द तिमसिना, पुष्प उपाध्याय आदि प्रमुख छन् । यसै गरी सिक्किमबाट शिवनाथ मिश्र, तुलसीबहादुर क्षेत्री, अगमसिंह तामाङ, रामदत्तलाल ठाकुर आदि प्रमुख मानिन्छन् । यस धाराको मूल्य र मान्यताअनुसार कविता लेख्ने क्रम अहिले पनि चलिरहेकाले यसको अन्त्य अझै भएको छैन ।

यसरी परिष्कारवादी धाराले नेपाली काव्यलाई माध्यमिककालबाट आधुनिकताको गोरेटो हिँडाउने महत्त्वपूर्ण काम गरेको छ । लेखनाथ पौड्यालको केन्द्रीयतामा सोमनाथ सिग्द्याल र बालकृष्ण समले यस धारालाई अझ उचाइमा लगे भने भाषागत परिष्कार पनि यसै समयमा भएको पाइन्छ । लक्ष्मीप्रसाद देवकेटा र सिद्धिचरण श्रेष्ठको आगमनसँगै परिष्कारवादी धारालाई छाडेर स्वच्छन्दतावादी धारातिर नेपाली कविताको इतिहास अघि बढेको पाइन्छ ।

### २.३.३.२ स्वच्छन्दतावादी–प्रगतिवादी धारा (वि.सं. १९९१–२०१६)

वि.सं. १९९१ मा 'शारदा' पत्रिकाको प्रकाशन भएपछि नेपाली काव्यफाँटमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको आगमन हुन्छ र यो आगमनसँगै नेपाली कवितामा स्वच्छन्दतावादी धाराको सुरुवात भएको मानिन्छ । अन्तर्राष्ट्रिय प्रभावग्रहणका साथ आएका लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठले परिष्कारवादी धारालाई विस्थापित गर्दै स्वच्छन्दतावादी धाराको प्रवर्तन गर्न पुगे । वि.सं. १९९१ देखि २०१६ सम्म आफ्नो वर्चस्व जमाउन सफल यस धाराको पूर्वार्द्धको चरण १९९१ देखि २००३ सम्म करिब १२ वर्षको अवधि विशुद्ध स्वच्छन्दतावादी देखिन्छ भने २००४ देखि २०१६ सम्म करिब १२

वर्षको अवधिमा भने अझ फराकिलो बन्दै स्वच्छन्दावादी-प्रगतिवादी धारामा रूपान्तरण भएको पाइन्छ ।

उन्नाइसौं शताब्दीमा भारतका हिन्दी तथा बङ्गाली साहित्यमा अङ्ग्रेजी रोमान्टिक कविताको प्रभाव पर्‍यो । त्यही प्रभाव स्वच्छन्दतावाद, छायावाद, रहस्यवाद आदि नयाँ प्रवृत्तिमा परिणत भयो र त्यसको प्रभाव नेपालमा स्वच्छन्दतावादका रूपमा भित्रियो । अझ भन्नुपर्दा आफ्नै देशका अग्रज कविहरू शम्भुप्रसाद ढुङ्गेल र मोतीराम भट्टमा पाइएको झिनो स्वच्छन्दतावाद र लेखनाथ पौड्यालमा पाइएको प्रकृतिप्रेम तथा मानवतावादको प्रभावसमेत बटुली आफ्ना वैयक्तिक अनुभूति, कल्पना, विचारलाई स्वच्छन्द र नवीन ढङ्गले अभिव्यक्ति गर्ने परम्परा अघि बढेको पाइन्छ । यस समयमा यान्त्रिक जडता र दासताको विरोध अनि स्वतन्त्रता, क्रान्तिचेत, मानवतावाद, भविष्यप्रतिको स्वप्निल कल्पना, देशप्रेम, प्रकृतिप्रेम, व्यङ्ग्यचेतना, आध्यात्मिक पुनर्जागरणको प्रवृत्तिलाई सशक्त रूपमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठले अगाडि बढाएका  छन् । यस धारालाई साथ दिने अन्य कविहरूमा युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, भवानी भिक्षु केदारमान व्यथित, गोपालसिंह नेपाली, गोमा, प्रेमराजेश्वरी, अगमसिंह गिरी आदि हुन् ।

वि.सं. २००४ देखि लक्ष्मीप्रसाद देवकोटाको अवसान हुनुअघिको समयसम्म प्रगतिवादी भावधाराको बेजोड विकास भएको कारणले यस धारालाई स्वच्छन्दतावादी धाराकै सहवर्ती रूपमा लिइन्छ । नेपालमा वि.सं. १९९७ मा सहिदकाण्ड मच्चिएपछि र भारतमा वि.सं. २००४ मा स्वतन्त्रता आएपछि नेपाली कवितामा क्रान्तिचेत उत्कर्षमा पुगेको पाइन्छ । त्यसैकारणले यस समयावधिमा स्वच्छन्दतावादी र प्रगतिवादी भावधाराको संयोजन भएको पाइन्छ । यस समयका कवितामा अन्याय, अत्याचार, शोषणजन्य विकृति, विसंगतिप्रति विद्रोह, सामाजिक, आर्थिक विषमताको विरोध अनि नवीन सामाजिक र न्यायिक जीवनको चाहना उन्मुक्त ढंगबाट पोखिएको पाइन्छ । यही प्रवृत्तिलाई ग्रहण गर्दै लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, धर्मराज थापा, गोकुलप्रसाद जोशी, भूपि शेरचन, विजय मल्ल आदि सक्रिय रूपमा देखापरेका पाइन्छन् ।

स्वच्छन्दतावादी तथा प्रगतिवादी धाराका प्रवर्तक र केन्द्रीय प्रतिभाका रूपमा लक्ष्मीप्रसाद देवकोटालाई लिन सकिन्छ भने यसको सहप्रवर्तकका रूपमा सिद्धिचरण श्रेष्ठलाई लिइन्छ । देवकोटाका मुनामदन (खण्डकाव्य), शाकुन्तल (महाकाव्य), पुतली-

कवितासङ्ग्रह) लगायतका काव्यकृतिले स्वच्छन्दतावादी प्रगतिवादी भावधारालाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान दिएका छन् । त्यस्तै सिद्धिचरण श्रेष्ठका फुटकर कविता तथा खण्डकाव्यहरू पनि उत्तिकै महत्त्वपूर्ण मानिन्छन् । स्वच्छन्दतावादी-प्रगतिवादी धारामा उल्लेख्य योगदान पुऱ्याउने अन्य कविहरूमा लक्ष्मीनन्दन चालिसे, भवदेव पन्त, भीमदर्शन रोका, ऋषभदेव शर्मा, जनार्दन सम, म वी.वि.शाह, श्यामदास वैष्णव, फणीन्द्रराज खेताला, वसन्तकुमार शर्मा, माधवलाल कर्माचार्य, उमानाथ शास्त्री, मोदनाथ प्रश्रित, लक्ष्मण लोहनी, नीरविक्रम प्यासी, हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, गोकुलप्रसाद जोशी, देवीप्रसाद किसान, पारिजात, ध्रुव दवाडी आदि प्रमुख मानिन्छन् ।

देशबाहिर आसामबाट हरिभक्त कटुवाल, दार्जिलिङ्गबाट अगमसिंह गिरी, गुमानसिंह चाम्लिङ्ग, नरबहादुर दाहाल, शिवकुमार राई, वीरेन्द्र सुब्बा आदि प्रमुख कविहरू हुन् ।

स्वच्छन्दतावादी प्रगतिवादी भावधारामा अहिलेको समसामयिक धारामा सक्रिय कविहरू पूर्णविराम, विमल निभा, ऋषिराम शर्मा, आहुति, ईश्वरचन्द्र ज्ञवाली, श्यामल, मीनबहादुर विष्ट, कुन्ता शर्मा, मोहन दुवाल, बलभद्र भारती, अग्निशिखा, हीरा आकाश, यज्ञबहादुर डाँगी, गोविन्द वर्तमान, राजकुमार के.सी. हरिगोविन्द लुइँटेल, स्नेह सायमि, मातृका पोखेल, अमर गिरी जस्ता कविहरू उल्लेख्य छन् ।

निष्कर्षः यस समयावधिमा स्वच्छन्दतावादी -प्रगतिवादी धारामा कविताको लघु रूपदेखि वृहत् रूपसम्म भ्याङ्गिएको पाइन्छ साथै रिमालद्वारा गद्य कविताको प्रवर्तन पनि यसै कालमै भएको पाइन्छ । यस समयावधिमा यस धाराको प्रर्वक्ता लयगत धारागत तथा वर्णमात्रिक, मात्रिक, लोकछन्द तथा गद्यकविता चारै क्षेत्रमा सशक्त विकास भएको पाइन्छ ।

### २.३.३.३ प्रयोगवादी धारा (वि.सं.२०१७–२०२९)

आधुनिक नेपाली कविताको तेस्रो चरणको नामले पनि चिनिने प्रयोगवादी धारा महाकवि देवकोटाको अवसान र २०१७ सालको राजनैतिक घटनापछि प्रारम्भ भएको मानिन्छ । प्रयोगवादी धारा २०२९ सालसम्म रहेको पाइन्छ । उन्नाईसौं शताब्दीमा पाश्चात्य साहित्यमा भएको रोमान्टिक आन्दोलनपश्चात, विश्वसाहित्यमा देखापरेको प्रतीकवाद, बिम्बवाद, अतियर्थाथवाद, विसङ्गतिवाद, अस्तित्ववाद, घनत्ववाद, यौनवाद आदि अनेकन नयाँ साहित्यिक चिन्तन र प्रयोगहरूको समष्टि नाम नै प्रयोगवाद हो । यो वाद अङ्ग्रेजी, हिन्दी, बङ्गाली आदि हुँदै नेपाली साहित्यमा भित्रिन पुगेको देखिन्छ । 'प्रगति' (२०१२),

‘इन्द्रेणी’ (२०१२) आदि पत्रिकाहरूबाट विजाङ्कुरित भई ‘रूपरेखा’ (२०१७) को प्रकाशनसँगै नेपाली कवितामा प्रयोगवादको थालनी र विस्तार भएको देखिन्छ । रूपरेखाको दोस्रो अङ्कमा प्रकाशित मोहन कोइरालाको ‘घाइते युग’ कविताबाट नेपाली कवितामा भित्रिएको यस धाराले प्रतीकवाद, विसङ्गतिवाद, अतियथार्थवाद तथा अमूर्त र अवचेतन लेखनलाई नवीन प्रयोग र पृथक शैलीमा अभिव्यक्त गर्न थालेबाटै प्रयोगवादी नाम पाएको हो । कवितात्मक अभिव्यक्तिका दृष्टिले यस लेखनले धेरैजसो अमूर्त चित्रकलाबाट प्रेरणा लियो र अवचेतन मनका तत्क्षण अनुभूतिलाई विशृङ्खल र विसङ्गत रूपमा पोख्ने चेष्टा गऱ्यो । [७६]

तत्कालीन राजनैतिक परिवर्तनको प्रभावभन्दा अन्तर्राष्ट्रिय साहित्यिक चिन्तनको प्रभाव र परिवेशबाट नेपाली कवितालेखन परम्परामा जीवनलाई प्रायः बीभत्स, विद्रुप, विसङ्गत, निस्सार र व्यर्थ ठानेर शृङ्खलाविहीन विसङ्गत अवचेतन लेखनको क्लिष्टता र दुर्वोध्यतालाई भित्र्याएकै कारणले यस धाराका कविताको चिनारी बन्न पुगेको देखिन्छ । प्रयोगवादी कवितालेखनले परम्परागत लेखन, विषयवस्तु, भाषाशैली, रचनाविधान, अर्थद्योतन आदिलाई अपर्याप्त ठानी अस्वीकार गरेको पाइन्छ । त्यसका ठाउँमा अप्रयुक्तजस्तो लाग्ने नयाँ विशृङ्खलित भाषिक प्रयोगबाट अर्थद्योतनको नयाँ प्रयास यस धाराका कविहरूले गरेको पाइन्छ । यसैबाट प्रयोगवादी लेखनको स्वरूप पनि प्रकट हुन्छ ।

यसरी सिङ्गो प्रयोगवादी लेखनको संरचना खजमजिएको, अस्तव्यस्तजस्तो देखिए पनि बौद्धिकताको प्रयोगसहित सुन्दर प्रतीक, बिम्ब र मिथकको संयोजना भएको देखिन्छ । यस धाराका कवितामा अवचेतन लेखनको प्रवाह, भाषिक प्रस्तुति, गद्य सङ्गीतको नवबान्की जस्ता प्रवृत्ति पाइने हुँदा नेपाली कविताको क्षेत्रमा यस धारालाई महत्त्वपूर्ण प्राप्तिका रूपमा लिनुपर्ने हुन्छ ।

२०१७ सालदेखि २०२९ सालसम्म लम्बिएको यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन् । रूपरेखा पत्रिकाको प्रकाशनसँगै प्रयोगवादी शैली लिएर देखापरेका कवि मोहन कोइरालाले ‘घाइते युग ’ पछि पनि फुटकर तथा लामा कवितामार्फत यस धारालाई अझ नयाँ गति दिएको पाइन्छ । यही समयावधिमा प्रयोगवादभित्रै भिन्न रूप लिएर २०२० सालमा दार्जिलिङबाट ‘आयामेली आन्दोलन’ सुरु भयो । परम्परागत कवितालेखन, चिन्तन र मान्यताभन्दा फरक र भिन्न मान्यता र घोषणासहित जीवनलाई सबै पक्षबाट हेरिनुपर्ने,

[७६] वासुदेव त्रिपाठी र अन्य (सम्पा), पूर्ववत्, पृ.१२८ ।

चेप्टो मात्र जीवन होइन, त्यो त फोटो हुन्छ, सबै दिशाबाट मात्र जीवनलाई छाम्न, नाप्न र बुझ्न सकिन्छ भन्ने आग्रहसहित लम्बाइ, चौडाइ र गहिराइको समग्र आयाम पहिल्याउनुपर्ने मान्यता नै आयामेली आन्दोलनको विशेषता हो । जीवनलाई अर्थ्याउन समग्रता वा सम्पूर्णता, घनत्व र वस्तुता जस्ता मूलभूत दार्शनिक मान्यतासहित पौराणिक, पाश्चात्य बिम्ब, आद्य बिम्ब, प्रतीकको प्रयोग गरी विशृङ्खल, भग्न र अमूर्त लेखनशैलीबाट छुट्टै पहिचान बनाउन सफल भएकाले आयामेली कवितालेखनलाई पनि प्रयोगवादी कवितालेखनकै सेरोफेरोमा राख्न सकिन्छ ।

कविताको सम्प्रेषणीयता, बिम्बात्मक र प्रतीकात्मक साथै अन्य प्रवृत्तिका दृष्टिले भिन्न पहिचान र निजत्वसहित प्रयोगवादी धाराका उल्लेखनीय स्रष्टाहरूका रूपमा मोहन कोइराला, आयामेली आन्दोलनका प्रवर्तकहरूमध्ये ईश्वरवल्लभ र वैरागी काइँलासहित तुलसी दिवस, पारिजात, कृष्णभक्त श्रेष्ठ, पुष्कर लोहनी, मदन रेग्मी, द्वारिका श्रेष्ठ, जगदीश शमशेर राणा, उपेन्द्र श्रेष्ठ, कुन्दन शर्मा, कृष्णप्रसाद श्रेष्ठ, रत्नशमशेर थापा आदि देखापर्छन् भने प्रयोगवाद र स्वच्छन्दतावादको दोसाँधमा रहेर कविता लेख्ने कविहरूमा कालीप्रसाद रिजाल, रमेश धिताल, पोषण पाण्डे, मोहनहिमांशू थापा, बासु शशी आदिलाई लिन सकिन्छ । यही प्रयोगवादी धाराकै समयावधिमा अन्य समानान्तर धाराहरू पनि देखापरेका छन् । जसमा भूपी शेरचनको अत्यन्त विशिष्ट भूमिका रहेको छ ।

यही प्रयोगवादी कविता धाराकै समयावधिमा परिष्कारवादी स्वछन्दतावादी तथा प्रगतिवादी धाराबाट प्रेरित विभिन्न गद्य र पद्यकविहरू पनि देखापरेका छन् । यस अवधिमा देखापरेका स्वच्छन्दतावादी कविहरू कञ्चन पुडासैनी, कृष्णप्रसाद ज्ञवाली, कृष्णप्रसाद पराजुली, भानुभक्त पोखरेल, वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदी, गणेश विषम, देवीप्रसाद सुवेदी आदि उल्लेखनीय प्रतिभाका रूपमा पर्दछन् । यस अवधिमा परिष्कारवाद र स्वच्छन्दतावादको दोसाँधका पद्यकविहरू टीकाराम रेग्मी, मुकुन्दशरण उपाध्याय, हरिहर शास्त्री, घटराज भट्टराई, लाटो साथी, भरतराज ‘मन्थलीय’ आदि उल्लेख्य प्रतिभा हुन् । यसै गरी यसै समयावधिमा देखापरेका उल्लेख्य प्रगतिवादी कविहरू आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, जनकप्रसाद हुमागाईं, भवानी घिमिरे, नारायणप्रसाद शर्मा, मञ्जुल, रामचन्द्र भट्टराई, दिल साहनी आदि हुन् ।

यही समयावधिमा हाँस्यव्यङ्ग्य कविता समानान्तर धाराका रूपमा देखापरेको छ । यस समयावधिमा देखापरेका उल्लेख्य कविहरू दाताराम शर्मा, वासुदेव लुइटेल, भैरव

अर्याल, ध्रुवकृष्ण दीप आदि हुन् । यस धारामा रहेर अहिले पनि कविता सिर्जना भइरहेको पाइन्छ ।

यही समयावधिमा गीतिकविता पनि प्रयोगवादी धाराकै समानन्तर धाराका रूपमा देखापरेको छ । यस समयका उल्लेख्य प्रतिभाहरू लीलासिंह कर्मा, किरण खरेल, प्रेमविनोद नन्दन, प्रदीप रिमाल, राममान तृषित, छिन्नलता, रवीन्द्र शाह, भीम विराग, नगेन्द्र थापा, शरण प्रधान, दैवज्ञराज न्यौपाने, गणेश रसिक, हिरण्य भोजपुरे, अम्बर गुरुङ, गोपाल योञ्जन, भैरवनाथ रिमाल ‘कदम’, अलि मियाँ, नीरविक्रम ‘प्यासी’, राजेन्द्र थापा, क्षेत्रप्रताप अधिकारी आदि हुन् ।

यही समयावधिमा बालकविता समानान्तर धाराका रूपमा निकै फस्टाएको पाइन्छ । यस समयावधिमा बालकविताका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने कविहरू माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, भानुभक्त पोखरेल, वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, रामबाबु सुवेदी, जनकप्रसाद हुमागाईं, भरतराज ‘मन्थलीय’ आदि हुन् । यसै गरी अन्य विभिन्न कविहरूले अन्य विभिन्न किसिमका समानान्तर भावधारामा रहेर कलम चलाएको पाइन्छ ।

निष्कर्षः आधुनिक नेपाली कविताको तेस्रो चरणका नामले पनि परिचित प्रयोगवादी धारा मूलतः २०१७ सालको राजनैतिक परिवर्तन र ‘रूपरेखा’ (२०१७) पत्रिकाको प्रकाशनपछि देखापरेको र यसले २०२९ सालसम्म निरन्तरता पाएको पाइन्छ । यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइरालाका साथै आयामेली आन्दोलनका प्रवर्तकले पनि यसै धारामा भिन्न पहिचानसहित कविता लेखेको पाइन्छ । यसै धारामा रहेर समसामयिक धाराका कविहरूले पनि नवप्रयोगसहित अद्यापि कविता लेखिरहेका छन् ।

### २.३.३.४ समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)

प्रयोगवादी कविताधाराको मुख्य अवधिपछि वि.सं. २०३० देखि समसामयिक कविताधाराको प्रारम्भ हुन्छ । नयाँनयाँ प्रवृत्तिहरूसहित अनेकौं युवाकविहरूको सक्रियतामा नवातिनव सम्भावनाहरूको खोजीसँगै यो धारा निरन्तर अघि  बढिरहेको छ ।

प्रयोगवादी धाराले ल्याएको दुर्बोध्यता र क्लिष्टतालाई छोड्दै लय, कथनपद्धति एवं संरचनाप्रति सचेत भएर स्रोता तथा पाठकबीचको दूरीलाई नजिक पार्ने उद्देश्यले कविताको भाषाशैली, भावविचार, बिम्बप्रतीक एवं भाषिक संप्रेषणीयतामा जोड दिंदै नयाँ शैली र

संरचनाको विकास गरी अन्तर्राष्ट्रिय साहित्यिक आन्दोलनको समेत प्रभाव ग्रहण गर्दै, सबैले बुझ्ने, अर्थिने र समसामयिक विकृति, विसङ्गतिसमेत उद्‌घाटन गर्नुपर्ने मान्यता राख्दै आधुनिक नेपाली कवितापरम्परामा समसामयिक धाराको आगमन भएको छ ।

२०३० सालपछि आधुनिक नेपाली कवितामा 'सडक कविता क्रान्ति' (२०३६) जस्ता अनेकन आन्दोलन भए र यी आन्दोलनले आधुनिक नेपाली कविता विधाको समसामयिक धारामा अनेक मोड र उपमोड ल्याएको पाइन्छ । यस समयावधिमा गोजिका (लघुपत्रिका) आन्दोलन, हवाईपत्र प्रकाशन, मुक्तक, लेखन, आदि क्षेत्रमा धेरै युवासाहित्यकारहरू आकर्षित भएको पाइन्छ । अति प्रयोगधर्मी कवितालेखनलाई अस्वीकार गर्दै समकालीन राजनैतिक, सामाजिक, आर्थिक सन्दर्भलाई मूल विषयका रूपमा  स्वीकार गर्नु नै समसामयिक धाराको मुख्य पहिचान हुन पुगेको देखिन्छ । यो धारा व्यक्तिकेन्द्रीयतामा नअल्झिएर सामूहिक, केन्द्रीयतामा अघि बढेकोले स-साना शाखा धारा भन्न मिल्ने भिन्नभिन्न कविताप्रवृत्तिहरू पनि नदेखिएका होइनन् । यस्ता प्रवृतिहरू आज पनि देखिइरहेका छन् । समसामयिक धाराका सन्दर्भमा कालगत पहिचान, समयसिमाङ्कन, धारागत चिनारी र समष्टिमा नामाङ्कन कार्यमै अस्पष्टता देखिइ रहेको छ र अनेकौं मतमतान्तरहरू देखिएका छन् । समसामयिक नेपाली कविताको प्रवृत्तिगत मोडको निश्चित समयविन्दुका आधारमा समकालीन कविता धारालाई (क) सडक कविता क्रान्तिपूर्व (२०३०-२०३५), सडक कविता क्रान्तिउत्तर (२०३६-२०४६) र राष्ट्रिय जनआन्दोलनपश्चात (२०४६ यता) गरी ३ खण्डमा विभाजन गरेर कालगत रेखाङ्कन गर्न सकिन्छ ।[७७]

शैली र संरचनागत विविधता, विषयवस्तुगत विविधता, अन्तर्राष्ट्रिय प्रभावको बाहुल्यता जस्ता अनेकौं विशेषता बनाएको र बोकेको समसामयिक धारालाई समालोचक मोहनराज शर्माले आदर्शवादभन्दा यथार्थवादतिर बढी उन्मुख भएको सङ्केत गरेका छन् । यथार्थवादकै दृष्टिले २०३६ सालको विद्यार्थी आन्दोलन र २०४६ सालपछिका कविताले विविध प्रवृत्तिगत आयाम बोकेका भए पनि मूल धार चाहिँ यथार्थवादी चिन्तनमै बगेको देखिन्छ ।

[७७] मधुसूदन गिरी, (कार्यपत्र) समकालीन नेपाली कविताको रेखाङ्कन बिम्बाङ्कन र, अभियान साहित्य प्रतिष्ठान , वि.सं.२०५७ ।

वि.सं. २०३० पछि पनि विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबाट प्रभावित भएर समसामयिक कविताधारामा पृथक् शिल्प सौन्दर्य र सार्वभौम मानवीय अस्तित्व तथा विसङ्गतिबोधको महशूस गर्दै नयाँ गति दिने प्रयास पनि यस धारामा भएको पाइन्छ तर त्यो सङ्ख्या एकदमै न्यून रहेको छ ।

वि.सं.२०३० सालपछि विविध धारा, उपधारा र प्रवृत्तिअन्तर्गत मीनबहादुर विष्ट, दिनेश अधिकारी, विमल निभा, कृष्णभूषण बल, अशेष मल्ल, श्यामल, सरुभक्त, विष्णविभु घिमिरे, विश्वविहोहन श्रेष्ठ, अविनाश श्रेष्ठ, पूर्णविराम, बम देवान, गोपाल पराजुली, कृष्ण प्रधान, कृष्ण जोशी, विनोद अश्रुमाली, विजय बजियम, दुवसु क्षेत्री, नरेन्द्रबहादुर श्रेष्ठ, शिव अधिकारी, फणीन्द्र नेपाल, कर्णाद महर्षि, प्रमोद प्रधान, तीर्थ श्रेष्ठ, गोविन्द वर्तमान, नरेश शाक्य, बुँद राना, केदार न्यौपाने, महेश प्रसाइँ, दिव्य गिरी, गोविन्द गिरी 'प्रेरणा', हरि अधिकारी, ज्ञानुवाकर पौडेल, लव गाउँले, गगन विरही, कृष्ण सेन 'इच्छुक', नवीन आचार्य, नकुल सिलवाल, पुरुषोत्तम सुवेदी, प्रह्लाद पोखरेल, मोहन दुवाल, विक्रम सुब्बा, रमेश तुफान, ललिजन रावल, राजकुमार के.सी. विधान आचार्य, जीवनाथ धमला, लोकेन्द्र शाह, शारदा शर्मा, ईश्वरचन्द्र ज्ञवाली, मित्रलाल पज्ञानी, वियोगी बुढाथोकी, उदय निरौला, मनरूप नेप्च्युन, अमर गिरी, ध्रुव मधिकर्मी, धीरेन्द्र मल्ल, विवश पोखरेल आदि कविहरू आधुनिक नेपाली कविता फाँटमा देखापरे पनि थोरै कविले मात्र आफ्नो निजत्व दिन सफल भएको देखिन्छ । त्यसै गरी आहुति, अमृतलाल श्रेष्ठ, नवराज कार्की, शुभ श्रेष्ठ, प्रेम कैदी, जसराज किराँती, राजव, ओम शर्मा, काजी रोशन, हीरा आकाश, नरेन्द्रराज पौडेल, सरला विष्ट, महेश्वर न्यौपाने, मोहन बन्जाडे, गोविन्द सुमन, बीपी गोर्खाली, विवश पोखरेल, सीता पाण्डे, नरेन्द्रराज प्रसाइँ, इन्दिरा प्रसाइँ, उषा शेरचन, कृष्ण पाखिन, केशव आचार्य, प्रकट पंगेनी, 'शिव', राजेन्द्र शलभ, जैनेन्द्र जीवन, भीष्म काफ्ले, विश्व शाक्य, शेलेन्द्रप्रकाश नेपाल, श्रीहरि फुँयाल, शंकर थपलियामध्येका अधिकांश कविहरूले काव्यसाधना गरिरहेका छन् ।

तीसको दशकयता चालीसको दशकको पूर्वार्द्धबाट आधुनिक नेपाली कविताका फाँटमा विप्लव ढकाल, श्रवण मुकारुङ, राजेन्द्र पराजुली, खुमनारायण पौडेल, मुकुल दाहाल, भूपाल राई, विमल मौकाजी, भीष्म उप्रेती, रमेश क्षितिज, भावेश भुमरी, रमेश श्रेष्ठ, मोमिला, अनिल पौडेल, बलभद्र भारती, लालगोपाल सुवेदी,प्रतीक ढकाल, रोसन शेरचन,

महेश रेग्मी, रामप्रसाद ज्ञवाली, देवी नेपाल, एस्पी कोइराला आदि युवा कविहरूले नवीन शिल्पसौन्दर्य र वस्तुविन्यासमा गहकिलो र उल्लेखनीय प्रभाव छाड्न सफल देखिन्छन् । त्यसैगरी चालीसको दशकको उत्तरार्द्धदेखि कविता लेखनमा लागे पनि पचासको दशकको सुरुदेखि नै प्रखर र उल्लेखनीय रूपमा नवीन शैली र कलाको प्रभाव छाड्दै अरुणा वैद्य, प्रभा भट्टराई, गोबर्द्धन पूजा, युमा, आर. एम् डङ्गोल, भूपिन व्याकुल, पूर्ण इन्फादा, शशी लमुम्बू, रासा, टङ्क उप्रेती, नम्रता गुरागाईं, प्रोल्लास सिन्धुलीय, नेत्र एटम, प्रमोद स्नेही, गायत्री विष्ट, सुस्मिता नेपाल, विवश वस्ती, रामेश्वर राउत 'मातृदास', दीपक लोहनी, मणि लोहनी, चंकी श्रेष्ठ, होमराज आचार्य, राजन मुकारुङ, ठाकुर बेल्बासे, विमला तुम्खेवा, हाङयुग अज्ञात, उपेन्द्र सुब्बा, स्वप्नील स्मृति, धर्मेन्द्र विक्रम नेम्वाङ, शिव प्रणत, बाल आवारा, कृसु क्षेत्री, गीता कार्की, सुरेश हाचेकाली, नारायण श्रेष्ठ, पदम गौतम, खड्ग सेन ओली, बुद्धिसागर चपाई, स्वागत नेपाल, रमेश सागर, प्रकाश सिलवाल, अमोघ काफ्ले, अनमोलमणि पौडेल, सरस्वती लालचन, मनु मञ्जिल, झमक घिमिरे, राजकुमार वानियाँ, साम्ब ढकाल,देवान किराँती, मनोज न्यौपाने आदि कविकवयित्री देखापरेका छन् । यसका साथै पचासको दशकको उत्तरार्द्धदेखि लेख्ने आरम्भ गरेका थुप्रै कविहरू पनि काव्यसाधनामा सक्रियतापूर्वक लागेका छन् ।

जे भए तापनि समसामयिक धाराअन्तर्गत आजका कविहरू परम्पराको विरोध गर्दै नयाँ प्रयोग र लेखनमा निर्बाध रूपमा स्वतन्त्रता अपनाउँदै शैलीगत, वैचारिक नवीनताको खोजी गर्दै कविता लेखनमा सक्रिय रहेको देखिन्छ ।

निष्कर्षः क्लिष्ट र दुर्बोध्य कवितालेखन परम्परालाई अस्वीकार गर्दै र नयाँ मानवीय मूल्यमान्यताको खोजीमा समसामयिक धाराका कविहरू कवितासाधनामा लागिरहेका छन् । वि.सं.२०३० देखि हालसम्म आधुनिक नेपाली कविताको समसामयिक धारामा विभिन्न किसिमका मोड, उपमोडका साथै प्रवृत्तिहरू देखापरेका छन् । जुन अहिलेसम्म आइपुग्दा अझ नयाँनयाँ प्रयोगका साथ अघि बढिरहेको देखिन्छ ।

## २.४ पाँच आधुनिक नेपाली कविका पन्ध्र प्रतिनिधि गद्यकविताको अध्ययन/विश्लेषण

सिर्जना र समालोचना दुवै कार्यका लागि निर्धारित सैद्धान्तिक मान्यता एवं पूर्वकार्यको ज्ञान नितान्त आवश्यक हुन्छ । प्रस्तुत सिर्जनाकार्यमा पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्तको अध्ययनका आधारमा आधुनिक नेपाली कविताका विभिन्न धारा-

उपधाराको प्रतिनिधित्व गर्ने पाँचजना कविहरू र उनीहरूका रचनाप्रक्रियाको अध्ययन तथा विश्लेषण गरिएको छ ।

नेपाली कविताको आधुनिक कालयात्रामा सर्वप्रथम गद्यकविता लेखनको शुभारम्भ गर्ने कवि गोपालप्रसाद रिमालको एउटा छुट्टै र विशिष्ट योगदान रहेको छ । उनले नै नेपाली कवितालाई शास्त्रीय छन्दको परम्परागत बन्धनबाट मुक्त गरेर अन्तर्वस्तु र शिल्पको कुशल संयोजनका साथ गद्यकविताको नयाँ इतिहास कोरेका हुन् । नारीप्रति सहानुभूति र क्रान्तिचेतनाको प्रस्तुतीका दृष्टिले पनि उनका कविताहरू निकै सशक्त रूपमा रहेका पाइन्छन् । उनका कविताहरूले कतै स्वच्छन्दतावाद र कतै यथार्थवादको प्रतिनिधित्व गरेका छन् । यस परिच्छेदमा उनको 'आमाको सपना' नामक कवितासङ्ग्रहमा समेटिएका 'कविको गान', 'जङ्गी निशान हाम्रो' र 'होस' कविताको सङ्क्षिप्त समीक्षा गर्ने कार्य भएको छ ।

नेपाली साहित्यमा अत्यन्त उच्च र विशिष्ट योगदान पुऱ्याउने नारीहस्ताक्षर पारिजातका कविताहरूको पनि आफ्नै सौन्दर्यचेतना र जीवनचेतना रहेको छ । प्रारम्भमा अस्तित्ववादी चिन्तनबाट प्रेरित हुँदै राल्फा समूहमा पनि सक्रिय रहेकी पारिजात पछि प्रगतिवादतर्फ समर्पित भएकी हुन् । यस अध्ययनमा उनको 'आकाङ्क्षा' कवितासङ्ग्रहबाट 'छल', 'मृत्युको अँगालोमा' र 'टाढाटाढा जान चाहन्छु म आफ्नै सपना र विपनादेखि' नामक तीनवटा कविताहरूको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

प्रगतिवादी धाराका अर्का सशक्त कवि मञ्जुलका कविताहरूले पनि नेपाली कविताको आधुनिक कालप्रवाहमा एउटा छुट्टै र विशिष्ट आयाम थपेका छन् । प्रारम्भमा उनी पनि राल्फा समूहमा क्रियाशील थिए । पछि उनका कविताहरूले नेपाली जनजीवनका विविध र बहुआयामिक पक्षहरूलाई अत्यन्त सूक्ष्म रूपमा चित्रण गरेको पाइन्छ । सामाजिक संचेतनाका स्वरहरूलाई समेटेका उनका कविताहरूले मानवीय मूल्य र मान्यतालाई पनि कलात्मक उच्चताका साथ प्रस्तुत गरेका छन् । कविताहरूको अध्ययन विश्लेषणका क्रममा यहाँ उनको 'मञ्जुलका नयाँ कविता' नामक सङ्ग्रहबाट 'मेरी आमा', 'मेरो साथी गाउँ भएछ' र 'विदाइ गीत' शीर्षकका तीनवटा कविताहरूको समीक्षा गरिएको छ ।

त्यसैगरी प्रगतिवादी चिन्तनधाराप्रति समर्पित र प्रतिबद्ध भएर कविता लेखनमा क्रियाशील कवि विमल निभाका कवितालाई पनि यस परिच्छेदमा अध्ययन गर्ने जमर्को गरिएको छ । सामाजिक तथा राजनीतिक विकृतिविसङ्गतिहरूप्रति कठोर व्यङ्ग्य गर्दै सरल र

चोटिला कविता लेख्ने कवि निभाको दोस्रोसङ्ग्रहबाट 'एउटा बाहुला नभएको बुसर्ट' 'पिठ्युँ', 'एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ' नामक तीनवटा कवितालाई यस अध्ययनमा समेटिएको छ ।

यसै क्रममा समसामयिक धाराका चर्चित र सक्रिय कवि पुरुषोत्तम सुवेदीका कविताहरूको अध्ययन-विश्लेषण गर्ने कार्य पनि यस परिच्छेदमा भएको छ । कवि सुवेदी पनि प्रगतिवादी धाराका कवि हुन् र उनले पनि सामाजिक विकृति-विसङ्गतिहरूप्रति प्रहार गर्दै वर्तमान समाजको यथार्थलाई कवितामा कुशल शिल्पका साथ प्रस्तुत गरेका छन् । यहाँ उनको पहिलो कवितासङ्ग्रह 'आतङ्कगन्ध' बाट 'युद्ध' र 'समय' तथा दोस्रो सङ्ग्रह 'एक्लो बिजेता' बाट 'सडक सपनाको कल्पित शिलालेखमा' नामक तीनवटा कविताहरूको सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिएको छ ।

माथि उल्लेख गरिएका पाँचजना कविका उत्कृष्ट तीन-तीनवटा कविता गरी जम्मा पन्ध्र प्रतिनिधिमूलक कविताको अध्ययन-विश्लेषणको प्रयास यस परिच्छेदमा गरिएको छ । यी कविहरूका कविता परिशिष्टमा समाविष्ट छन् भने कवि र कविताहरूको सूची यस प्रकार छ :

| **क्र.सं.** | **कविको नाम** | **वाद/धारा** | **कविताको शीर्षक** | **कविता स्रोत** |
|---|---|---|---|---|
| १ | गोपालप्रसाद रिमाल | स्वच्छन्दतावादी<br>यथार्थवादी | १. कविको गान<br>२. जङ्गी निशान हाम्रो<br>३. होस | 'आमाको सपना' (कवितासङ्ग्रह) |
| २ | पारिजात | अस्तित्ववादी<br>विसङ्गतिवादी<br>प्रगतिवादी | १. छल<br>२. मृत्युको अँगालोमा<br>३. टाढाटाढा जान चाहन्छु म आफ्नै सपना र विपनादेखि | 'आकांक्षा', (कवितासङ्ग्रह) |
| ३ | मञ्जुल | यथार्थवादी<br>प्रगतिवादी | १. मेरी आमा<br>२. मेरो साथी गाउँ भएछ<br>३. विदाई गीत | 'मञ्जुलका नयाँ कविता', (कवितासङ्ग्रह) |
| ४ | विमल निभा | प्रगतिवादी | १. एउटा बाहुला नभएको बुसर्ट<br>२. पिठ्युँ<br>३. एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ | 'एउटा बाहुला नभएको बुसर्ट' ( कवितासङ्ग्रह) |
| ५ | पुरुषोत्तम सुवेदी | यथार्थवादी<br>प्रगतिवादी | १. युद्ध<br>२. समय | 'आतङ्कगन्ध' (कवितासङ्ग्रह) र |

| | | | | |
|---|---|---|---|---|
| | | | ३ सडक सपनाको कल्पित शिलालेखमा | 'एक्लो विजेता' (कवितासङ्ग्रह) |

## २.४.१ गोपालप्रसाद रिमाल

गोपालप्रसाद रिमालको जन्म वि.सं.१९७५ सालमा काठमाडौंमा भएको हो । रिमाल गद्यकविताका शीर्षस्थ कवि हुन् र उनले नै पहिलो पटक नेपालीमा गद्यकविताको प्रयोग गरेका हुन् । छन्दकवितापरम्पराका विरोधी भए पनि गीतप्रेमी रिमाल लयका भने विरोधी थिएनन् । उनका विचारमा गद्य र पद्य दुवैमा गीत र अन्तर्लय हुन्छ । तर गद्यमा शब्दको लयभन्दा अर्थको लय बढी हुन्छ । तसर्थ गद्यमय गीत उनका लागि प्रिय थियो । त्यसैले गद्यकविता र गीतिकविता उनको लेखनको मूल क्षेत्र बनेको पाइन्छ । उनको 'कविको गान' नामक कविता नेपाली कवितापरम्परामा प्रथम गद्यकविता मानिन्छ । ।

'शारदा' पत्रिकामा वि.सं. १९९२ मा प्रकाशित 'प्रति' कविताबाट कवि रिमालको कवितायात्रा सुरु भएको हो । उनको २७ वर्षे काव्यजीवनलाई निम्नानुसार तीन चरणमा विभाजन गरिन्छ :

१ प्रथम चरण (वि.सं. १९९२-१९९९, (रोमान्सेली भावसाधनाको प्रहर),

२ द्वितीय चरण (वि.सं.२०००-२००६, क्रान्तिचेत र प्रगतिवादी भावसाधनाको प्रहर)

३ तृतीय चरण (वि.सं.२००७-२०३१ व्यङ्ग्यात्मक भावसाधनाको प्रहर)

### १. प्रथम चरण

शारदाकालीन अग्रणी कविद्वय लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठ क्रान्तिमुखी र रोमान्सेली भावचेतना लिएर आएका थिए । मूलतः यिनै कविको प्रभावमा कवि रिमालको कविव्यक्तित्वको जन्म भएको थियो । तत्कालीन समयमा नेपाली कविता रोमान्सेली प्रकृतिकेन्द्रित स्वरले गुञ्जित थियो । यस स्थितिमा कवि रिमालका कविता प्रकृतिको गायनका साथ प्रस्तुत हुन थालेको पाइन्छ । यस चरणका उनका कवितामा, 'प्रति' 'कविको गान' 'पिंजडाको क्यानरी' 'बौलाहासँग' 'कुर्लिनघाट', 'रजतजयन्ती', 'मृत्यु', 'आँसु' आदि रहेका छन् ।

## २. द्वितीय चरण

प्रकृतिको गानपछि कवि रिमाल वि.सं.२००६ कार्तिकमा 'आमाको सपना' कविताका साथ रोमान्सेली भावसाधनाबाट क्रान्ति एवं प्रगतिवादी भावसाधनामा अकस्मात प्रवेश गर्दछन् । यसले एकातिर उनको कवि जीवनमा आएको मोडलाई दर्शाउँछ भने अर्कातिर यो कविता स्वयंमा उनको समग्र लेखनको विशिष्ट प्राप्तिका रूपमा पनि स्थापित भएको छ । यस कविताले कवि रिमाललाई क्रान्तिकारी कविताका शीर्षस्थ कविव्यक्तित्वको सम्मान प्रदान गरेको छ । हुनत  कविको क्रान्तिचेतना अकस्मात प्रकट भएको होइन । यो उनको मानसपटलमा भएको विद्रोहको क्रमिक विकासपछिको परिणाम हो । वि.सं. १९९७ मा सहिदकाण्ड घटित भएपछि किंकर्तव्यविमुढ भएका कवि भौतारिन पुग्दछन् । वि.सं. १९९९ मा स्वदेश फर्केपछि उनी गहिरो मनोद्वन्द्वमा पर्दछन् र सोच्न थाल्दछन् या त 'पिंजडाको क्यानरी' झैँ दालभात खाएर जिन्दगी सिध्याउनेतिर लाग्नुपर्‍यो या नियति बदल्न क्रान्तिमा प्रदेश गर्नुपर्‍यो । आँशु मात्र बगाएर त्यसले देश बन्दैन । आँशु निराशाको प्रतिफल होइन भन्ने ठानेर उनी उत्साहित बन्दछन् । उनी गीताका ज्ञाता भएकाले गीताको उपदेश 'यदायदा हि धर्मश्य ग्लानिर्भवति भारतः अभ्युत्थानमधर्मश्य तदात्मानम् सृजाम्यहम्' ले उनलाई क्रान्तिको विजयमाथि असिम विश्वास उत्पन्न गराउँछ । यसर्थ रिमालको कविव्यक्तित्व क्रान्तिपुरुषका रूपमा पुनर्जन्म लिएर 'आमाको सपना'का रूपमा अभिव्यक्त हुन्छ । यसरी रोमान्टिक नायक क्रान्तिनायकमा परिणत हुन्छन् । रिमालका लागि प्रेम र क्रान्ति पर्यायवाची हुन पुग्दछन् । यस चरणका उनका कविता प्रतीकात्मक छन् जसमा छायावादी शैलीको सामान्य प्रभाव पनि भेटिन्छ ।

यस चरणका उनका कवितामा 'यो के ? (२००१), 'दन्त्यकथा' (२००२), 'सपनामा' (२००३-२००७), 'आमाको वेदाना', (२००३-२००७), 'सान्त्वना' (२००३-२००४), 'म भन्न सक्तिनँ' (२००४) आदि प्रमुख छन् । यसबाहेक 'नारी' (२००२),'तिमी र म', 'जङ्गी निशान हाम्रो' (२००३), 'एक युगमा एक दिन एकचोटी आउँछ' (२००४) 'परिवर्तन' (२००६) यस समयका अन्य रचना हुन् । उनको 'समय' कविता आन्दोलनको प्रख्यात गीत हो । रिमाल राष्ट्रिय गीतकारका रूपमा पनि यही चरणमा प्रख्यात भए । 'म गर्छु देश सेवा' 'बखत भयो, यही हो बेला' यसै समयका गीत हुन् ।

**३. तृतीय चरण** यस चरणमा रिमालको कविव्यक्तित्व विक्षिप्त बन्न पुगेको पाइन्छ । यस चरणका उनका कविताहरूमा व्यङ्ग्य र विद्रोहको भाव बढी प्रबल रहेको देखिन्छ ।

मानिसमा हुने प्रतिभा जन्मजात वरदान हो । तथापि यसलाई प्रकट गर्न प्रेरणा र प्रभावको आवश्कता हुन्छ । रिमालले पनि गद्यकविता रचनाका लागि अमेरिकी कवि 'वाल्ट ह्विटम्यान', हिन्दी कवि सूर्यकान्त त्रिपाठी 'निराला' आदिबाट प्रभाव लिएका हुन् । उनले काव्यरचनाकै निम्ति भने 'शारदा'बाट प्रेरणा पाएका हुन् । गोविन्दबहादुर मल्ल 'गोठाले' एवं विजय मल्लसँग उनको गहिरो मित्रता थियो । कवि सिद्धिचरण उनका छिमेकी थिए । यस्तो परिवेशले उनलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्न निकै प्रेरित गरेको थियो । यसरी आफ्ना समकालीन साहित्यकारहरूसँग साहित्यिक विषयको विचार आदानप्रदान गर्दै खासगरी कविता र नाटकका क्षेत्रमा क्रान्तिकारी मोड ल्याउन कवि रिमाल सफल भएका पाइन्छन् ।

रिमालका कवितामा शिल्पविधान एवं भावविधानका क्षेत्रमा समकालीन र अग्रज साहित्यकारहरूको प्रभाव परेको देखिन्छ । 'पिंजडाको क्यानरी' लेखनाथको 'पिजडाको सुगा' बाट प्रभावित छ । देवकोटाका 'प्रति' र 'गाइन् तिनले घँसिया गीत'को प्रभाव रिमालको 'प्रति' कवितामा स्पष्ट पाउन सकिन्छ । त्यस्तै समको 'बौलाहाले' सँग रिमालको 'बौलाहासँग' कविता केही प्रभावित छ । प्रेमराजेश्वरीको प्रभाव पनि रिमालको 'दुई गीत' मा पाइन्छ । उनका 'कुर्लिनघाट' र 'दन्त्यकथामा' गोपाल सिंह नेपालीका 'नाविक' र 'राजारानी' को सामान्य प्रभाव परेको पाइन्छ ।

रिमालको भावजगत्मा मूलतः ४ तत्त्वको प्रबलता छ । नारी, प्रकृति, देश, क्रान्ति । उनले कवितामा छन्दको बन्धनलाई तोडे पनि कवितामा गद्यात्मक अन्तर्लय आफ्नै किसिमले दिएका छन् । उनको अभिव्यक्ति लयात्मक छ । उनले गद्यकवितामा लय भरेर नयाँ अर्थमा कवितात्मक अभिव्यक्ति दिएका छन् । उनको शैली व्यञ्जनात्मक र नवीन छ । गद्यकविता बन्न निकै कठिन हुन्छ भन्ने रिमालको मान्यता छ । उनका कवितामा रस, गुण, अलङ्कार पर्याप्त मात्रामा पाइन्छन् । उपमा, रूपक, अतिशयोक्ति, समासोक्ति, वक्रोक्ति, अन्योक्ति र अनुप्रास अलङ्कार एकातिर पाइन्छन् भने अर्कातिर प्रयोगवादी बिम्बविधान पनि त्यत्तिकै सबलरूपमा देखापर्दछ । भाषाका सन्दर्भमा उनी निकै उदार देखिन्छन् । उनी सरल, मधुर तत्सम र झर्रा नेपाली शब्दहरूको प्रयोग गर्दछन् । रूपका दष्टिले रिमालका कविताका शैली

दुई प्रकारका छन् लयात्मक र गद्यात्मक । उनका लयात्मक कविता पनि दुई प्रकारका छन् - पद्यमूलक र गद्यलयात्मक ।

रिमालका कवितामा अपूर्व कल्पनाशौष्ठव पाइन्छ । उनका कविताहरू अर्थमूलक अलङ्कार र रसमय भावानुभूतिले सम्पन्न छन् । शब्दशक्ति, शब्दमा निहीत अर्थ र ध्वनिको प्रभावले आफ्नो भावलाई प्रभावकारी बनाउन उनले कल्पनाको बलमा लक्षणामूलक पदावलीको साहयताले बिम्बहरूको सन्धान गरेका छन् । तिनमा नयाँनयाँ अर्थध्वनि भर्ने काम पनि कुशलतापूर्वक गरेका छन् । उनमा ध्वनिसंवेदना अत्यन्त प्रबल छ । पूर्वीय परम्परामा प्रतीकहरूको अभिव्यक्ति वैदिककालदेखि नै रहेको देखिन्छ । पश्चिममा प्रतीकवादको सम्बन्ध ईश्वरीय उपासनाको रहस्यवादी भक्तिभावसँग जोडिएको पाइन्छ ।

हिन्दी साहित्यमा प्रबल रूपमा रहेको छायावादको संस्कारबाट पनि रिमाल प्रभावित रहेका छन् । हिन्दीको छायावादी कविताको मूल प्रेरणा पाश्चात्य रोमान्टिक भावधारा र इसाई सन्तहरूको रहस्यवादी साधना हो भन्ने डा.हजारीप्रसाद द्विवेदीको मान्यता छ । तर आचार्य रामचन्द्र शुक्लका भनाइमा युरोपेली साधकहरूको रहस्यात्मक वाणीका आधारमा रचित ब्रह्मसमाजका गायनका रूपमा रहेका गीतहरूलाई छायावादी भनियो । कवि रविन्द्रनाथ ठाकुरले छायावादलाई काव्यजगत्मा ल्याए । 'गीताञ्जली'को प्रभावले हिन्दीमा छायावाद आएको हो र त्यसकै प्रभाव रिमालले ग्रहण गरेका हुन् ।

रिमालले प्रकृति, नारी, स्वदेश र स्वजातिलाई आलम्वन बनाएर जीवनदृष्टि, प्रणयकामना, देशभक्ति र राष्ट्रियचेतना, राजनीतिक सामाजिक क्रान्ति र विद्रोहका भावनालाई निजात्मक अभिव्यक्ति प्रदान गरेका छन् । विशेष गरी प्रकृति, नारी, मातृ- भूमि, स्वतन्त्रता र प्रजातन्त्रको भावनाले उनलाई क्रान्तिचेततिर आर्कर्षित गरेको पाइन्छ ।

यस अध्ययनमा उनका तीनै चरणका एक-एकओटा कविताको विश्लेषण निम्नानुसार प्रस्तुत गरिन्छ ।

**(क) कविको गान**

'कविको गान' रिमालको प्रथम चरणको गद्यकविता हो । नेपाली साहित्यमा गद्यकविताको प्रवर्तन गर्ने प्रथम कविताको श्रेय यस कवितालाई प्राप्त छ । प्रकृति जगत्का प्राणीलाई आलम्बन बनाएर विनोदात्मक स्वर यसमा प्रस्तुत गरिएको छ । यस कवितामा कविलाई महत्त्वपूर्ण स्थान दिइएको छ । कथात्मक शैलीमा यसको अभिव्यक्ति गरिएको छ ।

रोमान्सेली प्रवृत्ति अनुरूप मानवीय मूल्यलाई भन्दा प्रकृतिलाई श्रेष्ठ देखाउने कुराका विपरीत कविले प्रकृतिको सङ्गीतभन्दा कविकण्ठबाट निस्केको सङ्गीत श्रेष्ठ हुन्छ भन्ने देखाउन खोजेका छन् । उनले मानवलाई उच्च स्थानमा प्रतिष्ठापित गर्न चाहेका छन् । यसैमा कविको वैशिष्ट्य झल्किएको छ । प्रकृतिकी नायिका 'कोइली'को गायनबाट क्षणिक आनन्द प्राप्त गर्न सके पनि दीर्घ रूपमा यसले मानवजीवनमा कुनै प्रभाव पार्न सक्दैन तर कविको गायनमा सम्पूर्ण चराचर जगत्लाई नै प्रभावित पार्ने स्वर गुञ्जिएको हुन्छ । यस स्वरले हिंस्रक जीवलाई पनि अहिंस्रक अथवा प्रेमी बनाइदिन्छ । जसको फलस्वरूप सिंहले मृगका पाठालाई चाट्न थाल्छन्, डमरु हात्तीसँग खेल्न थाल्छन्, बाजले माछा मार्न छोड्छन् । कविको गानमा यस्तो सङ्गीतात्मकता भरिएको हुन्छ । प्रेम र विनोदको निष्कर्ष कविको गानमा निहीत हुन्छ ।

छायावादी प्रकृतिवन्दना र रोमान्सेली प्रकृतिपूजाले कविलाई प्रकृतिप्रेमी बनाए तापनि प्रकृतिको भन्दा कविको व्यक्तित्व उच्च छ भन्ने कवि रिमालको भनाइ छ । प्रकृतिको निरुद्देशीय गायनभन्दा कविको अर्थपूर्ण गान महत्त्वपूर्ण हुन्छ भन्ने नौलो दृष्टिकोण कविले यसमा प्रस्तुत गरेका छन् । यिनै भावहरूको अभिव्यञ्जनाका कारणले 'कविको 'गान' कविता उल्लेखनीय बन्न पुगेको छ ।

**(ख) जङ्गी निशान हाम्रो**

'जङ्गी निशान हाम्रो' रिमालद्वारा रचित राष्ट्रिय गीत हो । उनको काव्ययात्राको दोस्रो चरणको प्रतिनिधित्व गर्ने यो गीतिकविता ओजस्वी भावमा लेखिएको छ । राष्ट्रिय चेतनाको उर्जाले वीरता र सौर्यपूर्ण व्यक्तित्वको अभिव्यक्ति यस गीतमा गरिएको छ । राष्ट्रिय भावनालाई उच्च स्वर दिनु यसको मूल लक्ष्य रहेको छ ।

जीउँदो रगत समान रातो रङ्गको राष्ट्रिय ध्वजा हाम्रो जङ्गी निशान हो । यसमा चन्द्रसूर्य अङ्कित छन् । हाम्रो राष्ट्रिय ध्वजा हिमालझैं अटल छ । यो कहिल्यै झुक्दैन । अंग्रेज र चिनियाँ जस्ता दुई साम्राज्यवादी शक्तिको प्रहारले पनि यसलाई झुकाउन सकेन बरु झुकाउन खोज्नेहरू नै हारे । यो हाम्रो गौरवको कथा हो । आकाशमा चन्द्र सूर्य रहेसम्म हाम्रो राष्ट्रिय झण्डा, हाम्रो जङ्गी निशान पनि निरन्तर कायम रहने विश्वास कविमा छ । नेपाली जातिको आदर्श जनाउनमा कवि गर्वको अनुभव गर्छन् । साधुजनलाई आश्रय दिनु र सम्मान गर्नु नेपाली जातिको आदर्श हो ।

यो कविता वीररसले भरिएको सशक्त गीतिकविता हो । सङ्गीतात्मक सौन्दर्यले यसलाई मोहक बनाएको छ । हुनत रिमालको विशिष्ट गद्यशैलीका तुलनामा यो गीत सामान्यभैँ प्रतीत हुन्छ, तापनि यसको भाव उच्च राष्ट्रिय चेतनाले भरिएको छ र यसले कवितात्मकतालाई पनि राम्ररी स्पर्श गरेको छ ।

(ग) **होस**

'होस' कविता प्रश्नात्मक शैलीमा लेखिएको एउटा उत्कृष्ट कविता हो । रिमालको काव्ययात्राको तेस्रो चरणको प्रतिनिधित्व गर्ने यस कवितामा हाम्रो समाजमा व्याप्त आडम्बरप्रति व्यङ्ग्य गरिएको छ ।

मानिस न आफूखुसी जन्मिन्छ न आफूखुसी मर्छ । संसार एउटा सपनासमान छ । जीवन फगत एउटा पानीको फोका मात्र हो । यस संसारमा कोही कसैको आफ्नो हुँदैन । मृत्यु सबैका लागि बराबर भएर आउँछ तर यसको होस् कसैलाई छैन । यस किसिमको वैराग्यको भाव यस कवितामा रहेको छ । ज्ञानका उपदेश भाषणका कोरा शब्द मात्र हुन् । तिनको अनुशरण कतै गरिएको पाइन्न । ज्ञानी, वैरागी भनी आफूलाई चिनाउनेहरू ईश्वरभैँ सर्वशक्तिमान् भएर सिद्ध भनाउँदै मोज गरिरहेका छन् । कामुकहरू आफ्नो कामना पूरा गर्न अन्यायपूर्वक लागिरहेका छन् । शोषकहरू जनताको शोषण गरेर धन जम्मा गरिरहेका छन् । यस संसारमा कसैलाई 'होस्' छैन । सबै बेहोसी भएर रमाइरहेका छन् । यस्तै भाव यस कवितामा निःसृत भएको छ । प्रश्नात्मक रूपमा लेखिएको यो कविता अन्तर्वस्तु र शिल्प दुवै दृष्टिले सुन्दर र सफल छ ।

**निष्कर्ष**

रिमालको साहित्यिक व्यक्तित्वका दुई आयाम छन् - कवि र नाटककार । उनको विशेष योगदान कविताको क्षेत्रमा रहेको छ । उनको साहित्यिक यात्रा पनि कवितालेखनबाटै प्रारम्भ भएको हो । साहित्यिक यात्राको अन्त पनि कविताकै लेखनबाट भएको हो । यसर्थ उनको साहित्यिक जीवनको आरम्भ र अन्त्य कविकै रूपमा भएको पाइन्छ ।

गोपालप्रसाद रिमाल प्रथम गद्यकविका रूपमा नेपाली साहित्याकाशमा प्रतिष्ठापित भएका छन् । गद्यकविताधाराको प्रवर्तनमा उनको निर्णायक भूमिका रहेको छ । पद्यकविताको

परम्परालाई भत्काएर गद्यकविताको प्राणप्रतिष्ठा नै सफल र कुशल कविका  रूपमा उनको प्रसिद्धि रहेको छ । अनुभूतिको अजस्रप्रवाहका साथै विचार तत्त्वको पनि संयोजन भएको सरल, स्पष्ट, गहन गद्यकविताको आदर्श सर्वप्रथम उनले नै खडा गरेका हुन् । उनले गद्यकविताको पक्षमा वकालत गर्दै साहित्यको उच्च स्वरूप स्थापित गरेपछि पद्यमा कविता लेख्ने बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी आदिले पनि गद्यमा कविता लेख्न थालेका हुन् । उनीपछि भवानी भिक्षु, विजय मल्ल, जनार्दन सम, कृष्णचन्द्रसिंह प्रधान, भूपी शेरचन, मोहन कोइराला आदिले गद्यकविताधारालाई समृद्ध पार्दै अघि बढाएका हुन्  ।

रिमालले रोमान्सेली र छायावादी भावचेतनालाई अँगाले तापनि उनी विशुद्ध कल्पनाजीवी होइनन् युगसचेत प्रगतिशील कवि हुन् । काव्यजगत्मा यथार्थवादी मोड ल्याउन उनलाई  छायावादी प्रभावले सहयोग गरेको हो । करुणा र व्यथालाई भन्दा उल्लास र शौर्यलाई उच्च स्वर रिमालको वैशिष्टय हो । तिनबाट संघर्षका निम्ति उनले आवश्यक उर्जा प्राप्त गरेका छन् ।

उनका कविताको भाषा ललित, मृदुल एवं सौष्ठवपूर्ण रहेको छ । शैली र भावको आकर्षक संयोजन गर्दै छन्दमा पनि स्वतन्त्रता कायम गर्दै लयात्मक गद्यमा उत्कृष्ट कविता एवं गीत लेख्ने कवि रिमाल नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् ।

### २.४.२ पारिजात

पारिजातको जन्म वि.सं.१९९३ सालमा दार्जिलिङको लिंगिया चियाकमानमा भएको हो । उनको औपचारिक नाम विष्णुकुमारी वाइवा हो भने लामाले राखिदिएको नाम छेकुडोल्मा हो । वि.सं. २०१४ सालमा प्रकाशित ‘आकांक्षा’ कविताबाट उनी नेपाली साहित्यमा स्थापित भएकी हुन् । उनको सिर्जनाको प्रारम्भ कविताबाट भएको हो । प्रारम्भिक चरणका उनका कविताहरू बिम्बात्मक र प्रतीकात्मक थिए । पछि गएर उनको कवितायात्रा स्वच्छन्दतावादबाट प्रयोगवाद हुँदै अस्तित्ववादतिर लम्केको देखिन्छ । वि.सं २०१७ सालपछिको लगभग एक दशकको अवधि नेपाली कवितामा प्रयोगवादप्रति केन्द्रित रहेको थियो । यस धारामा बहनेहरू एकातिर रोमान्सेली शिल्प र अर्कातिर विसङ्गतिवादी, अस्तित्ववादी शिल्पतर्फ उन्मुख  थिए । रोमान्सेली शिल्पका कविहरूमा प्रेमा शाह, पुष्कर लोहनी, भीम दर्शन रोका, वानिरा गिरी, द्वारिका श्रेष्ठ आदि पर्दछन् । गैररोमान्सेली शिल्पलाई अँगालेर हिड्नेहरूमा मोहन कोइराला, कुन्दन शर्मा, कृष्णभक्त श्रेष्ठ आदिको नाम

आउँछ । प्रारम्भमा पारिजात यी दुईधाराहरू मध्ये पहिलो धारा रोमान्सेली शिल्पअन्तर्गत प्रेम र उन्मुक्तिका स्वरहरू उराल्ने कविका रूपमा कविता फाँटमा देखिइन् । यस फाँटका अतिरिक्त यथार्थवादी फाँट पनि त्यो बेला क्रियाशील थियो । यथार्थवादी फाँटमा कविता लेख्ने कविहरूमा भूपि शेरचन, हरिभक्त कटुवाल, गोकुल जोशी, मोदनाथ प्रश्रितहरू रहेका थिए । दार्जिलिङ्गमा पनि यथार्थवादी कविका रूपमा अगमसिंह गिरी जस्ता सबल प्रतिभाहरू क्रियाशील थिए । यिनै कविहरूबीच पारिजात पनि आफ्नो निजत्वसहित काव्यकर्ममा संलग्न रहिन् र 'आकांक्षा', 'पारिजातका कविता' तथा 'वैंशालु वर्तमान' शीर्षकमा तीनवटा सङ्ग्रह लिएर उनी पाठकहरूका सामु उपस्थित भइन् । पारिजातको कवितायात्रा रोमान्सेली भावधाराबाट सुरु भएर अस्तित्ववादी-विसङ्गतिवादी स्वरसम्मको यात्रा उत्कर्षमा पुगेको छ भने पछि उनी प्रगतिवादप्रति  समर्पित भइन् ।

वि.सं. २०१६ देखि २०२५ सालसम्मको अवधिमा उनले विसङ्गतिवादी र अस्तित्वादी स्वरलाई अँगालेको पाइन्छ जसको प्रतिनिधित्व 'पारिजातका कविता' शीर्षक कवितासङ्ग्रहले गरेको छ । कवि पारिजातका आरम्भदेखि राल्फाकालीन अवधिसम्मका कविताहरू यस सङ्ग्रहमा रहेका छन् । यस सङ्ग्रहका कवितामा नेपाली समाज र नेपाली मानसिकताभन्दा पनि विश्वको कुण्ठित, वितृष्णाग्रस्त जीवन तथा विश्वमा बढ्दै गएका आणविक युद्ध र आतङ्कले ल्याएका विभिषिकाहरू उद्घाटित भएका छन् । जीवन भोगाइका विसङ्गतिहरू, मानसिक दुर्बलता र पलायनहरू निराशाहरू मृत्यु र नश्वरताबोधहरू, जीवनको निस्सारता र आत्महत्याका आवेगहरू यस सङ्ग्रहमा प्रस्तुत भएका छन् । पारिजातका विसङ्गतिवादी धाराका कवितालाई निम्नलिखित तीन फाँटमा राखेर व्यख्या गर्न सकिन्छः-

१. जीवनबोधगत विसङ्गति

२. मृत्युबोधगत विसङ्गति

३. समाजबोधगत विसङ्गति

यिनै तीन फाँटका तीनवटा कवितालाई यहाँ सङ्क्षिप्त रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**(क) छल**

यो कविता कवि पारिजातको विसङ्गतिबोधका विभिन्न फाँटहरूमध्ये जीवनबोधगत विसङ्गतिको प्रतिनिधित्व गर्ने कविता हो । 'पारिजातका कविताहरू' (

कवितासङ्ग्रह २०४४) मा सङ्गृहीत यस कवितामा जीवनको भोगाइमा आइपरेका विसङ्गत क्षणहरू व्यक्त भएका छन् । यो कविता यस सङ्ग्रहको पहिलो कविता हो । यस कवितालाई पारिजातको दोस्रो कवितासङ्ग्रहबाट लिइएको हो । यस सङ्ग्रहमा वि.सं. २०१६ देखि २०३१ सालसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरू रहेका छन् ।

"कविता मनोभावको लिखित अभिव्यक्ति हो । यो एउटा साहित्यिक विधा हो । यो अभिव्यक्ति वस्तु र समयसापेक्ष प्रस्फुरण हुन्छ" भन्ने काव्यदृष्टि बोकेकी पारिजातले जीवनबोधगत मनोभावहरू व्यक्त गर्ने क्रममा जीवनको स्वाभाविक स्थिति र त्यसको प्रस्तुति यस कवितामा गरेको पाइन्छ । यस कवितामा 'मानवतामाथि विश्वासघात' भएको कुरा प्रस्ट्याइएको छ । मानिसको स्वाभाविक गुण 'प्रेम' हो । यस नैसर्गिक गुणमा पनि अभिनयको मिथ्या प्रस्तुतिले विश्वासघात गरेर मानिसले मानवतालाई नै छलिरहेको हुन्छ । यसै विश्वासघातको पीडा यस कवितामा अभिव्यक्त भएको छ । यस्तो जलन अनि तप्त हृदयका व्यथामा सहयात्रीका रूपमा कसैको सहृदयता प्राप्त गर्न नसकेर आफ्नो जलनलाई नै आँतभित्र लुकाएर गृष्मको रापमा डढेको एउटा बालकको आँतको जलनसँगै बल्दै मानवतालाई नै छल्ने अनि सबैका अगाडि उज्यालो भएर पीडाहरूलाई छलिरहेको कारुणिक अभिव्यक्ति यसमा छ । यौवनमा पदार्पण गर्न लागेका किशोरीहरूको सृष्टिको गतलाई, नै रोकेर, प्रेम अभिव्यक्त गर्न नपाएको पीडालाई छल्दै एक्लो जीवनलाई अन्तिमसम्म बाँच्ने अभिव्यक्ति यस कवितामा छ ।

तसर्थ मानवतामाथि विश्वासघात भएका कारण हृदय आहात भएको पीडाको अभिव्यक्ति यस कवितामा प्रस्तुत भएको छ । यो कविता छ अनुच्छेदमा संरचित छ । छ, पाँच र चार पंक्तिका अनुच्छेदहरू यसमा रहेका छन् । उनन्तीस हरफमा संरचित यो कविता प्रतीकात्मक रूपमा रहेको पाइन्छ ।

### (ख) मृत्युको अँगालोमा

यो कविता 'पारिजातका कविताहरू' (कवितासङ्ग्रह-२०४४)मा समेटिएको छ । यस कवितामा कविले मृत्युमोहलाई अभिव्यक्त गरेकी छन् । मृत्युको उपासना र मृत्युपूजाको अभिव्यक्ति नै यस कविताको केन्दीय कथ्य हो । यो कविता कवि पारिजातको विसङ्गतिबोधका विभिन्न फाँटहरूमध्ये मृत्युबोधगत विसङ्गतिअन्तर्गत पर्दछ ।

असहज जीवन बाँच्नुभन्दा मृत्युको अँगालोमा बाँच्दाको क्षण अत्यन्त सहज हुने अभिव्यक्ति यसमा छ । मानवजीवनको व्यर्थता र विसङ्गतिलाई यस कवितामा सहज रूपमा प्रसतुत गरिएको छ । यसमा कविले आफूलाई मर्दै-बाँच्दै गरेको कठोर अनुभूतिको चित्रण गरेकी छन् । मध्यरातमा जुन ओछ्यानभरि आएको, ओछ्यान चिहानजस्तै भएको क्रुर विसङ्गतिको उद्घाटन यसमा भएको छ । आफ्नै लासको मलामी आफू स्वयम् बन्नुपरेको, नमरेरै ख्याक बन्नुपरेको र ओछ्यानरूपी मसानमा अर्थहीन जीवन बाँच्नुपरेको सङ्गतिहीनताको स्थितिलाई यस कवितामा देखाइएको छ । नचाहँदानचाहँदै जीवनलाई घिसारिरहनुपरेको स्थितिमा पीडाहरूको रापले पिल्सिएर मृत्युको अँगालोमा शान्तिको आभास प्राप्त गर्ने लालसा पनि यसमा वर्णन भएको छ । मृत्यु सहज छ त्यसैले जीवनको अवचेतनमा रातको हातबाट भागेको मृत्युलाई अँगालोमा लिएर उनी विश्रान्ति प्राप्त गर्न चाहन्छिन् । जीवनका रहरहरूमा पूर्णविराम लागेको स्थितिमा बनावटी हाँसो हाँसेर घिस्रिन नसकिने र मृत्युको काखमा जीवन बिसाउने अत्यन्त संवेदनशील भावहरू यसमा प्रकट भएका छन् ।

यो कविता कवि पारिजातका फुटकर कविताहरूमध्ये सबैभन्दा लामो कविता हो । यसको संरचना तीन अनुच्छेद र सतसट्ठी हरफमा रहेको छ । मृत्युको यथार्थ स्थितिलाई यसमा देखाइएको छ । मृत्युको अँगालोमा बाँधिएर जीवनयात्रा अगाडि बढेको यथार्थको वर्णन यस कवितामा रहेको छ । मानिसमात्रको अस्तित्व चिस्सिएको स्थितिको विसङ्गत क्षणलाई यहाँ देखाइएको छ । नेपाली धर्तीमा मात्र होइन विश्वजनीन जीवनलाई नै खोतलेर हेर्दा मानिस स्वयम् लास बनेर आफूलाई व्यहोरिरहेको अस्तित्वविहीनताको अभिव्यक्ति, पनि यस कवितामा अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

### (ग) टाढाटाढा जान चाहन्छु म आफ्नै सपना र विपनादेखि

यो कविता कवि पारिजातको 'पारिजातका कविताहरू' (कवितासङ्ग्रह-२०४४) मा सङ्गृहीत कविता हो । यसमा समाजबोधगत विसङ्गतिका भावहरू व्यक्त भएका छन् । यस कवितामा सामाजिक विसङ्गतिबोधको कविका व्यक्तिगत दृष्टिकोण र प्रवृतिहरू पनि रहेका छन् । मान्छेको स्वतन्त्रताका आरम्भिक क्षणहरू बिस्तारै सँस्कार र मर्यादाका पक्षसँग सम्बद्ध भएर समाजमा बाँधिदै जान्छन् । यस्तो स्थितिलाई मानिसले अनायास नै आत्मसात गर्दै आफ्नो धितो रहेको जीवन भुक्तान गरिरहेको हुन्छ । मानिसले समाजमा अनेकौं सपनाहरू बुनको हुन्छ । तिनै सपनालाई प्राप्त गर्न ऊ विपनामा सङ्घर्षरत रहन्छ । सङ्घर्षशील

रहँदा ऊ माथिमाथि उक्लिने आँट गर्छ तर उसको आँट कहिल्यै सफल हुँदैन । ऊ झन्झन् तल गिर्दै जान्छ र पराजित भइरहन्छ । सपनाका निमित्त विपनामा समर्पित रहेको ऊ विपनादेखि नै तर्सिन्छ मानिसका विपनाहरू हुरीले लखेटेको सुख्खा पातझैं छन् भन्ने भाव यसमा अभिव्यक्त छ ।

सपनाबाट पराजित भएर विपनामा फर्कंदा पनि हार खानका लागि सङ्घर्षरत रहनुपर्ने विसङ्गत स्थितिको चित्रण यसमा भएको छ । मानिसले विपनामा तर्सिएर बौलाहाको बकवाससँगै भ्रमका विरक्त धुनहरूको लयका सिमसारहरू खोज्दै हिंड्नुपरेको छ भन्ने भाव यसमा व्यक्त गरिएको छ । यस कवितामा चरम निराशाको चित्कार छ । चिस्सिएको बेहोसीको नसामा लट्ठिएर आफ्नै स्मृतिबाट टाढा जान चाहेको मानिसको सत्यतथ्यको यथार्थ अभिव्यक्ति यस कवितामा पाइन्छ ।

यस कवितामा म पात्रको एकालापीय सम्बोधन छ । यो कविता पाँच अनुच्छेदमा रचित छ । यसको संरचना २, १४, १३,१३, र ४ हरफका अनुच्छेदहरुमा रहेको छ । यो कविता सर्वप्रथम (फूलपाती, अङ्क ६ फागुन-चैत २०२१) मा प्रकाशित भएको । यस कवितामा बाँच्नु भनेको सास फेराइ मात्र हो भन्ने भाव व्यक्त भएको छ । मुक्तिको बोध कसैलाई छैन सबैलाई अर्थहीन जीवन र थाकेको स्वर बोकेर हिड्ने लत बसेको छ भन्ने विसङ्गगत भावहरू समेटिएको यो कविता  पारिजातका सफल र उत्कृष्ट कवितामध्येको एक हो ।

**निष्कर्ष**

वि.सं.२०१३ सालदेखि लेखनक्षेत्रमा प्रवेश गरेकी पारिजातको कलम साहित्यका विविध विधाहरूमा चलेको छ । उनले कथा, कविता, उपन्यास, एकाङ्की एवं निबन्ध, संस्मरण, आत्मकथा आदि विधामा अनेकौं कृतिहरूको रचना गरेकी छन् ।

उनको लेखनमा विभिन्न दर्शनको प्रभाव परेको देखिन्छ । आस्तित्ववादी दर्शनबाट उनी लेखनको प्रथम प्रहरमा प्रभावित थिइन् । यसै प्रभावको उत्कर्ष उनको ‘शिरीषको फूल’ उपन्यास हो । जसले वि.सं. २०२२ सालको मदन पुरस्कार प्राप्त गरेको छ । पछि राल्फाली दर्शनको प्रभावले जनमुखी कविता लिएर जनसाधारणसँग अपनत्व स्थापना गर्ने साहित्यक अभियानमा उनी क्रियाशील बनिन् । राल्फाली समूहकै कार्यशैलीको प्रभाव स्वरूप उनमा

प्रगतिवादको सूत्रपात भयो र पछिल्लो चरणमा उनी प्रगतिवादी दर्शनबाट प्रभावित हुन पुगिन् ।

यसर्थ अस्तित्वादी चिन्तनबाट सुरु भएको उनको विचार क्रमशः प्रगतिवादी दर्शनतिर उन्मुख हुन पुग्यो । यस चिन्तनको विशेष प्रभाव उनका उपन्यास र कथामा व्यापक रूपमा रहेको छ । जीवनलाई बाँचिदिने एउटा वस्तुको रूपमा मात्र लिने पारिजात नेपाली साहित्यको आकाशमा प्रगतिशील यथार्थवादी स्रष्टाका रूपमा परिचित प्रतिभा हुन् ।

पारिजातको सिर्जनाका चार दशकमध्ये पहिलो दशक रोमाण्टिक प्रवृत्तिको र दोस्रो दशक अस्तित्ववादी विसङ्गतिवादी एवं पलायनवादी प्रवृत्तिको पाइन्छ । पछिल्ला दुई दशकमा उनी प्रगतिवाद र यथार्थवादतर्फ समर्पित रहेकी छन् । जसले पारिजातलाई समाजवादीयथार्थवादी कविका रूपमा स्थापित गरेको छ ।

### २.४.३ मञ्जुल

कवि मञ्जुलको जन्म वि.सं. २००३ सालमा भोजपुरमा भएको हो । उनी प्रगतिवादी फाँटका प्रखर कवि हुन् । उनी केही वर्ष राल्फा आन्दोलनमा पनि क्रियाशील रहे । प्रगतिवादी दर्शनलाई आफ्नो कविताको उर्वर स्रोत बनाएका कवि मञ्जुल अर्को जन्ममा पनि मलाई कवि बनाऊ भनी आफ्नो आस्थाको धरोहरसँग प्रार्थना गर्दछन् । उनी आम जनताको सुखदुःखमा मन बाँढ्दै उनीहरूका पीडाहरूको कविता गाउन चाहन्छन् । पीडित र प्रताडित व्यक्तिहरूका व्यथा र वेदनाका भावनाहरूलाई कवितामा अभिव्यक्त गर्न चाहने कवि मञ्जुलको भाषाशैली पनि सरल, सहज र सरस छ । मानवीय संवेदनाले ओतप्रोत कवि मञ्जुलमा सामाजिक संचेतना विशिष्ट रूपमा रहेको छन् । उनका कवितामा लोकजीवनको यथार्थ प्रकट भएको छ । तसर्थ उनका कविताहरू मानिसका वास्तविक भोगाइका सुसेलीहरू हुन् ।

कवि मञ्जुललाई साहित्यको क्षेत्रमा उन्मुख हुन आफ्नी स्नेहमयी आमाको प्रेरणा रहेको थियो । उनले राल्फा समूहको नेतृत्वमा गाउँ-गाउँ, बस्ती-बस्तीमा चेतना अभिवृद्धि गर्दै काव्यिक र साङ्गीतिक यात्रा गरेका छन् । कलात्मक कविताले मानिसको हृदयलाई प्रभावित पार्दछ भन्ने उनको मान्यता रहेको छ । तसर्थ सशक्त विचार र सुन्दर कलाको एकता कवितामा हुनुपर्छ भन्ने विश्वासमा उनी दृढ छन् ।

राल्फाली समूहबाट आफूलाई मुक्त गराएर कवि मञ्जुल पछि प्रगतिवादी साहित्य लेखनतिर अग्रसर हुन्छन् । उनको पहिलो कवितासङ्ग्रह 'गायक यात्री' ( २०४०) हो । यो कवितासङ्ग्रह राल्फाली समूहमा आबद्ध हुँदाका समयमा गाउँ, बस्तीहरूमा कविता गाएर सुनाउने यात्रीका रूपमा आफूलाई परिचित गराउदै हिँडेको समयका कविताहरूको सङ्ग्रह हो । यी कविताहरू जनस्तरमा चेतना जगाउन गाउँदै हिँडिएका कविता हुन् । यिनै कविताहरूको माध्यमबाट जनसाधारणलाई जागरुक बनाउने अभियानमा उनी प्रतिबद्ध भएका हुन् ।

मञ्जुलको दोस्रो कवितासङ्ग्रह 'मञ्जुलका नयाँ कविताहरू' शीर्षकमा प्राकाशित भएको छ । यस सङ्ग्रहका कविताका विषयहरूमा जनता, देशभक्ति, प्रेम, प्रकृति र वेदना रहेका छन् । विविध विषयहरूका बीच पनि सिपालु सङ्गीतकारले बजाएका बाँसुरीको धुनजस्तै ध्वनित यस सङ्ग्रहभित्रका कविताहरूमा मीठा अनुभूतिहरू पाइन्छन् । पाठकको मन र मस्तिष्कको क्षितिजलाई यी कविताहरू इन्देणी बनेर स्पर्श गर्न सक्षम छन् । यी नयाँ कविताहरू आत्मालाई चिन्न सक्ने सामर्थ्य राख्दछन् । यिनमा एकातिर परम्पराप्रति सम्मान रहेको छ भने अर्कोतिर वर्तमानप्रति विश्वास रहेको छ । यी कविताहरू विचार र शैलीको नयाँ संयोजनका रूपमा रहेका छन् ।

कवि मञ्जुल प्रकृतिका गायक हुन् । प्रकृतिको पूजा उनका कवितामा पाइन्छन् । मानव अनुभूतिको सघनता, कल्पनाको व्यापकता, चिन्तनको गम्भीरता उनका कविताका मूलभूत वैशिष्ट्य हुन् । जन्मभूमिप्रतिको अगाध स्नेहले भरिएका अभिव्यक्तिहरू कविताहरूमा पाइन्छन् युगकवि सिद्धिचरणको 'मेरो प्यारो ओखलढुङ्गा' को प्रभाव पनि उनमा परेको देखिन्छ । यस कवितासङ्ग्रहभित्र ३५ वटा कविताहरू सङ्गृहीत छन् । यी कविताहरू वि.सं. २०४० को दशकपछि लेखिएका हुन् ।

उनको तेस्रो कवितासङ्ग्रह 'मृत्यु' कविता हो । यो सङ्ग्रह मृत्युमाथिका विविध दार्शनिक अभिव्यक्ति समेटिएका १०८ कविताको सङ्ग्रह हो । मान्छेको जन्म नै मृत्युको घोषणा हो । जन्मविना मृत्यु सम्भव छैन मृत्यु अवश्यम्भावी छ । मृत्युसँग डराउनु वा चिन्तित हुनको कुनै अर्थ छैन । मृत्यु भनेको जन्मले निम्त्याएको यात्रा हो । जीवन भनेको दृश्ययात्रा हो मृत्यु अदृश्ययात्रा । यस्तै-यस्तै भाव यस कवितासङ्ग्रहका कविताहरूमा अभिव्यक्त भएका छन् ।

कवि जीवनप्रतिको आफ्नो उद्‌गार यसप्रकार व्यक्त गर्दछन् :

मैले पनि एक दिन मर्नुपर्छ भनेर
जो अरूलाई माया गर्छन्,
तिनैलाई समर्पित छन् यी कविताहरू ।

यस्तो शाश्वत सत्यलाई हृदयंगम् गर्दै इमानदारीसाथ जीवन बाँच्दै आफ्ना आस्थाको फाँटमा लम्कने प्रेरणा यी कविताहरूमा पाइन्छ ।

त्यस्तै उनको चौथो कवितासङ्ग्रह 'चोकटी कविता' हो । यस कवितासङ्ग्रहमा चोकटी यात्राका वेलाका अनुभूतिहरू अभिव्यक्त भएका छन् । चोकटी एउटा गाउँ हो जहाँ थामी जातिका मानिसहरूको बाहुल्य छ । थामी जातिहरूको सपना र यथार्थको अभिव्यक्ति यिनमा समेटिएको छ ।

उनको पाँचौं कवितासङ्ग्रह 'सिद्धिचरणहरू' एउटै व्यक्तिमा आधारित रहेर लेखिएका कविताहरूको सङ्ग्रह हो । यो फुटकर कविताहरूको सङ्ग्रह जस्तो देखिए तापनि सबै कवितामा सिद्धिचरण र सिद्धिचरणकै भावना, संवेदना, संचेतना, सपना, कल्पना, अनुभूति, शब्द र आकृति, आक्रोश, दृष्टि, मिथक, गीत, सुखदुःख, उमङ्ग, थकान प्रमुख रहेकाले यो सिङ्गै कवितासङ्ग्रहले एउटै व्यक्तिलाई प्रस्तुत गरेको छ । यस कवितासङ्ग्रहमा ४८ वटा कविताहरू समेटिएका छन् ।

यिनै विविध विषयहरू समेटेर कविता लेख्ने कवि मञ्जुलका 'मञ्जुलका नयाँ कविताहरू' कवितासङ्ग्रहबाट उत्कृष्ट तीनवटा कविताहरूको यहाँ सङ्क्षिप्त अध्यायन-विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**(क) मेरी आमा**

आमाको ममतापूर्ण सम्झनाको गीतका रूपमा रहेको यो कविता कविले आफ्नी आमाको सम्झनामा लेखेका हुन् । कविकी आमा अब यस संसारमा हुनुहुन्न तर उहाँको शालिन आकृति, सुकोमल विचार कविको मानसपटलमा एकदमै ताजा भएर रहेको छ । स्नेहमयी आमाको सम्झनाले कविको हृदयको गहिराइलाई छोएको छ । मातृत्वभावको स्मृतिले ओतप्रोत भएर कवि अदृश्य रूपबाट नै आमाको प्रेरणा प्राप्त भइरहेको अनुभूति व्यक्त गर्छन् र न्याय र सत्यको बाटामा अझ अडिग भएर अगाडि बढ्ने मनोबल आफूमा तयार भएको अनुभव गर्छन् ।

संसारका कैयौं स्रष्टाहरूको जीवनको इतिहास हेर्दा उनीहरूलाई बाल्यावस्थामा लोकसाहित्यको संसारमा प्रवेश गराउन आमाहरूको ठूलो भूमिका रहेको देखिन्छ । कवि मञ्जुललाई पनि बालककालमा सङ्गिनी र लोककथाको नेपाली साहित्यरूपी आकाशमा विचरण गराउन आमाको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । कविभित्रका सुकोमल भावनाहरूलाई जगाएर देश र जनताप्रति प्रतिबद्ध पार्ने अनुपम आस्थाकी जन्मदायिनी कविकी आफ्नी आमा नै हुन् । साधारण नेपाली ग्रामीण महिलाकी प्रतिनिधि पात्र कविकी आमा असिम ममताकी प्रतिमूर्ति स्वरूप सौम्य छविमा आफ्ना लोकपुत्रको हृदयमा रहेर नवीन विचारहरूको सञ्चार गरिरहेकी छन् ।

प्रस्तुत कवितामा ध्वनित शब्दशक्तिले कविको जीवनको अमृत क्षणको र मिर्मिरे उज्यालोसँग सम्बन्धित महत्त्वपूर्ण स्मृतिको उदघाटन गरेको छ । यो कविता अत्यन्त संवेदनशील र मार्मिक छ । कविले आफ्नो जीवनको अन्तिम प्रहरसम्म आमाको सौम्य मुहार र ममतामयी व्यक्तित्वको स्मरण गरिरहने प्रण गरेका छन् । आमाको प्रेरणा, कोमल र सुन्दर भावनाहरूले हृदयको न्यानोभित्र कविलाई टाँसिरहने छन् भन्ने कविलाई लागेको छ । पाश्चात्य दार्शनिक भोल्तेयरको अभिव्यक्ति "सुन्दर फूलहरूको गुच्छा समातेको मानिसबाट नराम्रो काम कहिल्यै हुँदैन" अनुरूप कवि मञ्जुल पनि आमाद्वारा दिइएका सुन्दर फूलका थुँगाझैं सुकोमल विचार र भावनाहरू बोकेका व्यक्ति हुन् ।

### (ख) मेरो साथी गाँउ भएछ

यो कविता मञ्जुलद्वारा रचित 'मञ्जुलका नयाँ कविता' कवितासङ्ग्रहबाट लिइएको हो । यस कविताको नायक मञ्जुलको पहिलो कवितासङ्ग्रह 'गायक यात्री' मा उपस्थित भएको छ । यो साथी समाजप्रतिको दायित्व बोकेको अत्यन्त सशक्त र सक्रिय छ । सामाजिक चेतनाले भरिएर देश बनाउने जाँगर र जनतालाई माया गर्ने कवितारूपी गीतको अमृतरस लिएर गाउँबस्तीहरूको यात्रामा हिंडेको छ । आम नेपालीका व्यथा र पीडाको कविता गाएर सुनाउने उसको उद्देश्य रहेको छ । गाउँ नै गाउँले भरिएको यस देशका बस्तीहरूमा जीवनका यथार्थहरूको कविता गाएर गाउँले जीवनसँग मन बाँड्दै हिंडदा उनको साथी पनि गाउँ नै बन्न पुगेको छ । कवि मञ्जुल क्रान्तिमुखी कवि हुन् । उनी देशमा व्याप्त अचेतनाको अन्धकारलाई, जुनकिरी भएर गाउँ-गाउँ मा प्रकाश छर्दै हिंड्ने अभियानमा प्रतिबद्ध छन् ।

कविको साथी सम्पूर्ण नेपाली ग्रामीण समाजमा बाँसुरीको धुनको मिठासले झङ्कृत भएका छन् । बाँसुरीको धुनको मीठो भागमा स्थित भएर गाउँ भएका छन् । मञ्जुलका कवितामा 'बासुरीहरू' आरम्भदेखिनै देखिएका छन् । बासुरीहरू नवीन परिवर्तनको प्रतीकका रूपमा रहेका पाइन्छन् । उनीहरू यस संसारलाई सुन्दर पार्न चाहन्छन् । कविको गाउँ भएको साथी बाँसुरीको यही मीठो भागमा बसेर देश र जनताको मायाले पग्लिएको जनसाधारणको हृदयमा सर्वश्रेष्ठ व्यक्तित्वका रूपमा रहेका छन् । तसर्थ नेपाली ग्रामीण सरल परिवेशझैं मानिसको हृदय सरस र आत्मीय हुनुपर्छ भन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

**(ग) विदाई गीत**

'मञ्जुलका नयाँ कविताहरू' कवितासङ्ग्रहमा सङ्गृहीत यो कविता एउटा भावमूलक र संवेदनशील गीत हो । आफ्नो मन परेको वस्तु टाढा हुँदा हृदय द्रविभुत बन्न पुग्दछ । विदाई शब्द नै उदासी र नमीठोपनको प्रतीक हो । वेदनामय क्षणसँग सम्बन्धित यो कविता कविले असल मित्रको विदाईमा लेखेका हुन् । कविको जीवनमा विदाईका क्षणहरू कैयौँ पटक आए ती मध्ये एउटा क्षण एउटा असल मित्रको विदाई थियो । उनको मित्र यस देशको भिरपाखा गाउँबेंसी, तराईका फाँटहरू अवलोकन गर्न नेपाल आएको थियो । ऊ नेपाली गाउँले परिवेशका सरल नेपाली हृदयसँग आत्मीयता साट्न नेपाल आएको थियो । केही क्षणको बसाईपछि आफ्नै देश फर्कियो ।

विदेशी मित्रको केही समयको रमाइलो बसाइको सम्झनालाई कविले यस कवितामा अमरत्व प्रदान गरेका छन् । साथी टाढा भए पनि साथीका सम्झनाहरू लालीगुराँस भएर यस धर्तीमा फुलिरहनेछन् । आत्मीयताहरू घामका झुल्का भएर घरका पेटीहरूमा टेक्न आइरहनेछन् । हार्दिकताहरू इन्देणी बनेर पहाडका डाँडा-डाँडामा उभिन आइपुग्नेछन् । माया, प्रेम र स्नेहका घाम नेपाली साना-साना गाउँहरूमा लागिरहनेछन् । यस्तै किसिमको संवेदनशील भावहरू यस कवितामा व्यक्त भएका छन् ।

**निष्कर्ष**

मञ्जुलका कविताहरूमा कतै उनका स्वर चराझैं चिरबिराउँछन्, कतै छाँगा भएर छङ्छडाउँछन्, कतै फूल भएर मगमगाउँछन् । उनका कविताहरू समसामयिक धाराका आधुनिक गद्यकविताहरू हुन् । आफ्ना युगको नयाँ भावनालाई उनले अभिव्यक्त गरेका छन् ।

उनी कविता मार्फत् गाउँकासर्वहारा जनताका कोदालाका आवाजसँग ताल मिलाउदै लोकसुस्केरासँग लयबद्ध भएर सुसेल्छन् । उनी खेतालाहरुसँग विरहका स्वर उराल्छन् । उनका कविताहरूले डाँफेका रङ्ग छरिरहेका छन् । सहज स्नेहको सङ्गीतमय स्वर उनका कविताहरूमा भरिएका छन् । यसरी कवि मञ्जुलका कविताहरूमा सामाजिक यथार्थका सकोमल भावविम्बहरु सशक्त रुपमा समेटिएका छन ।

### २.४ ४. विमल निभा

कवि विमल निभाको जन्म वि.सं. २००९ सालमा नेपालगञ्जमा भएको हो । स्नातक तहसम्मको अध्ययन सम्पन्न गरेका उनको लेखनको मूल क्षेत्र कविता र व्यङ्ग्य निबन्ध हो । वि.सं. २०२६ सालमा ‘रूपरेखा’ पत्रिकामा प्रकाशित ‘एउटा मज्दुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ’ नामक कविताबाट उनको सार्वजनिक काव्ययात्रा प्रारम्भ भएको हो । त्यसपछि उनका ‘आगोनिर उभिएको मानिस’ (वि.सं. २०४०) तथा ‘एउटा बाहुला नभएको बुसर्ट’ (वि.सं. २०६०) नामक व्यङ्ग्य निबन्धसङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।

प्रारम्भदेखि नै कवि निभा प्रगतिवादी चिन्तन तर्फ समर्पित र प्रतिबद्ध देखिन्छन् । उनका कविताहरूमा सामाजिक तथा राजनीतिक विकृतिविसङ्गतिहरूप्रति गम्भिर व्यङ्ग्य गरिएको पाइन्छ । समकालीन राजनीतिका दुषित र मूल्यहिन कुसँस्कारहरूप्रति उनका कविताहरूमा अत्यन्त तीव्र असन्तुष्टि भेटिन्छ । उनी आफ्नो लेखनप्रति सचेत र इमानदार छन् । सामाजिक सरोकार तथा जीवनका उज्याला पक्षहरूप्रति उनका कविताहरू समर्पित छन् । समसामयिकताप्रतिको तिब्र बोध पनि उनका कविताहरूको निजत्व हो । उनले सरल, सहज र सरस भाषाशैलीमा कविता लेखेका छन्. । समाजका सामान्य जनतासँग सम्पर्क राख्ने एउटा सशक्त माध्यमका रूपमा उनले कवितालाई स्वीकारेका छन् । उनका कविताले जीवनको कठोर यथार्थसँग साक्षात्कार गरेकाले कवितामा यथार्थवाद पनि त्यत्तिकै सबल रूपमा आएको पाइन्छ । उनका कविताहरू गद्यलयात्मक छन् । संरचनाका दृष्टिले प्राय कविताहरू छोटा, सङ्क्षिप्त र सूत्रात्मक छन् । कुनै विषयवस्तुलाई रोचक ढङ्गले उठान गरेर एउटा चरम उत्कर्षमा पुऱ्याउनु उनका कविताको महत्वपूर्ण वेशिष्ट्य हो ।

कवि निभाको समग्र काव्ययात्रालाई दुई चरणमा वर्गीकरण गरेर हेर्न सकिन्छ :

१. प्रथम चरण (२०२६-२०४०)

२. दोस्रो चरण (वि.सं. २०४१-हालसम्म)

वि.सं. २०२६मा प्रकाशित 'एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ' कवितादेखि वि.सं. २०४० सालमा प्रकाशित 'आगोनिर उभिएको मानिस' कवितासङ्ग्रहसम्मको यात्रा उनको काव्ययात्राको प्रथम चरण हो । यस चरणमा उनका कविताहरू तिव्र व्यङ्ग्य बोकेका बढी मुखर र यथार्थवादी छन् । यस चरणका कविताहरूले तत्कालीन पञ्चायती व्यवस्थाका विकृतिहरूलाई पनि चोटिलो ढङ्गले प्रहार गरेका छन् । उनको दोस्रो चरणको प्रतिनिधि सङ्ग्रह 'एउटा बाहुला नभएको बुसर्ट' (वि.सं. २०६०) हो । अघिल्लो सङ्ग्रहभन्दा यस सङ्ग्रहका कविताहरू बढी कलात्मक र संवेदनशील छन् र बढी परिपक्व पनि छन् ।

यहाँ कवि विमल निभाका निम्नलिखित तीनवटा कविताहरूको सङ्क्षिप्त अध्ययन विश्लेषण गरिएको छ :

**(क) एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ**

यो कविता कवि विमल निभाको प्रथम प्रकाशित कविता हो । यसैबाट उनको सार्वजनिक काव्ययात्रा प्रारम्भ भएको हो । सर्वप्रथम वि.सं. २०२६ सालमा 'रूपरेखा' पत्रिकामा प्रकाशित यो कविता कवि निभाको दोस्रो कवितासङ्ग्रह 'एउटा बाहुला नभएको बुसर्ट' मा पनि सङ्गृहीत छ । विमल निभाका अन्य कविताहरू भन्दा आयामका दृष्टिले यो कविता केही लामो र वणर्नात्मक प्रकृतिको छ । मूलतः तीन अध्यायमा विभाजित यो कविता पृष्ठभूमि, टिप्पणी र पुनश्च गरी जम्मा छ खण्डमा संरचित छ । प्रथम पुरुषीय एकालापयुक्त काथनपद्धति रहेको यस कवितामा एउटा मजदुरको तीन पुस्ताको सङ्घर्षपूर्ण जीवनकथालाई मूल विषयवस्तु बनाइएको छ ।

कविताको पृष्ठभूमि खण्डमा करुण क्रन्दन र लामो सुस्केराले भरिएको एउटा मजदुरले आफ्नो बाजेदेखिको इतिहास बताउन लागेको कुराको पूर्व सङ्केत रहेको छ । एउटा मजदुर आफ्नो कारुणिक इतिहास लेखिरहेको छ । उसले आफू विश्वमानव भएको र मानवइतिहासमा आफ्नो पनि स्थान सुरक्षित हुनपर्ने कुराको उद्घोष गरेको छ । एउटा मजदुर आफ्नो आत्मसम्मान र अधिकारलाई यसरी खोजिरहेको छ -

म इतिहास लेखिरहेछु .....

हामी यस विश्वकै मानव हौं
र यहाँको मानव इतिहासमा
हाम्रो पनि स्थान हुनुपर्छ ......
यो इतिहासको प्रथम अध्याय
मेरा बाजेदेखि सुरु हुन्छ ।[ठड]

यस कविताको प्रथम अध्याय एउटा मजदुरको बाजेको जीवनकहानीबाट प्रारम्भ हुन्छ । उसका बाजेको बाल्यकाल ढुङ्गा बोकेर बितेको थियो भने जवानी खेतको माटासँग बितेको थियो । उसको बुढेसकाल जमिनदारको उत्पीडनमा बितेको थियो । जमिनदालाई भनेजति बाली तिर्न नसकेकाले ऊ घरबारविहिन बनेको थियो । शोषण र अत्याचारको कालो अन्धकारमा उसको कारुणिक जीवनलीला समाप्त भएको थियो ।

कविताको दोस्रो अध्याय उसका बाबुको दर्दनाक जीवनकथाबाट प्रारम्भ भएको छ । बाजेको दुर्नियतिपूर्ण जीवनको अन्त्यसँगै उसका बाबुको अझ कहालिलाग्दो जीवनदशा प्रारम्भ हुन्छ उसका बाबुको जन्म मानव इतिहासको दुःखको पोकामा अर्को दुःखको प्रारम्भ थियो । उसको जीवन चिसो चौरबाट सुरु भएको थियो । अनेकौं कठोर यन्त्रणाहरू बीचबाट पशुतुल्य जीवन भोगेर उसका बाबुको जीवनलीला समाप्त भएको थियो ।

कविताको तेस्रो अध्याय मजदुरको आफ्नै पीडादायी जीवनसँग सम्बन्धित छ । बाजे र बाबुको दुर्भाग्यपूर्ण इतिहासको एउटा कडीका रूपमा उसको जीवन पनि आँशु र सुस्केरासँगै प्रारम्भ हुन्छ । उसको जीवन समुद्रमा फालिएको गहुँजस्तै निरर्थक छ । अनेकौं दिन ऊ भोकभोकै बाँचेको छ । जातीय रूपमा पनि दलित भएर उ बाँच्न विवश छ । आफ्ना शीर्षकविहीन वंशको इतिहास ऊ फेरि आफ्ना सन्तालाई हस्तान्तरण गर्न लागिरहेको छ ।

तेस्रो अध्यायपछि 'टिप्पणी' खण्ड रहेको छ । यो छोटो टिप्पणी खण्डमा मजदुरले आफ्नो बाबुबाजेलाई करुण पुकार गरेको छ । बाबुबाजेले मरेपछि एकटुक्रा चिहानको भूमि पाएको तर आफू नाङ्गै र भूमिहीन बनेकोमा ऊ विक्षिप्त जस्तै बनेको छ । यसै गरी अन्तिम 'पुनश्च' खण्डमा पुरातत्वविद र अन्वेषकहरूप्रति गुनासो र व्यङ्ग्य गर्दै सम्पूर्ण गरिव र श्रमजीवी मानिसहरूको आँशुको इतिहास खोज्न आग्रह गरिएको छ ।

---

[ठड] विमल निभा, **एउटा बाहुला नभएको बुसर्ट,** कालचक्र, नेपाल वि.सं. २०६०, पृ.६० ।

यसरी यस कवितामा विषयवस्तु र शिल्पको कुशल प्रस्तुति पाइन्छ । कवि निभाको गम्भीर व्यङ्ग्यचेत पनि यस कवितामा त्यतिै सशक्त रूपमा मुखरित भएको छ । सरल, सहज र प्रवाहपूर्ण भाषाशैली, बिम्ब र प्रतीकहरूको कुशल संयोजन, गरिब र श्रमजीवी वर्गप्रति सहानुभूति तथा मानवीय संवेदनाको मार्मिक अभिव्यञ्जना यस कविताका मूलभूत वैशिष्ट्य हुन् ।

### (ख) पिठ्यूँ

कवि विमल निभाको कवितायात्राको दोस्रो चरणलाई प्रतिनिधित्व गर्ने 'पिठ्यूँ' कविता वि.सं. २०५३ सालमा लेखिएको हो र वि.सं. २०६० सालमा कालचक्र नेपालद्वारा प्रकाशित 'एउटा बाहुला नभएको बुसर्ट' कवितासङ्ग्रहमा समेटिएको एउटा उत्कृष्ट कविता हो । यस कवितामा गरिब र श्रमजीवी जनताको पीडालाई प्रतीकात्मक रूपमा अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । प्रथमपुरुषीय 'म' पात्रको एकालापपूर्ण आत्मकथनपद्धतिमा लेखिएको यस कवितामा गरिबको नाङ्गो पिठ्यूँ र त्यसले उठाउनु पर्ने पीडाको गह्रुङ्गो भारीलाई मूल विषयवस्तु बनाइएको छ ।

एउटा गरिबमान्छे आफ्नो पिठ्यूँप्रति चिन्तित छ । आफ्नो नाङ्गो र अभागी पिठ्यूँले सिङ्गै युगलाई चुनौती दिइरहेको छ । उसलाई आफ्नो पिठ्यूँ आफ्नो जस्तो लाग्दैन । सम्पूर्ण पृथ्वीको भार बोकिरहेको उसको पिठ्यूँ अर्कैको हो । उसको श्रम र पसिना पनि अर्कैको हो । उसको पिठ्यूँ धुलो र हिलोमा निहुरिएको छ । उसका सम्पूर्ण आत्मसम्मानहरू झुकेका छन् । प्रचण्ड गर्मिमा पिठ्यूँ सेकाएर ऊ नाङ्गै बाटो खनिरहेको छ, धान रोपिरहेको छ र चट्टान फोरिरहेको छ । इतिहास हराएका अभागीहरूको पिठ्यूँ हो यो ।

यस कवितामा 'म' पात्रले अर्को आफूजस्तै व्यक्तिको पिठ्यूँको पनि वर्णन गरेको छ । उसको पिठ्यूँले सम्पूर्ण सभ्यताका नग्नसत्यहरूलाई प्रतिबिम्बित गरिरहेको छ । पिठ्युँको कारोवार गर्नेहरूले समाजलाई पिठ्यूँविहीन बनाइरहेका छन् । समाजमा शोषण र अत्याचार व्याप्त छ । समाजका धेरै पिठ्यूँहरू नाङ्गै छन् तर केही सम्भ्रान्त पिठ्यूँहरू मखमल र सुनचाँदीका मोलम्बाले छोपिएका छन् ।

यसरी यस कवितामा पिठ्यूँलाई प्रतीक बनाएर समाजको वर्गीय असमानतालाई अत्यन्त कलात्मक, प्रभावकारी र मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सरल, सहज र

सम्प्रेषणीय भाषाशैलीमा लेखिएको यस कवितामा कवि निभाको व्यङ्ग्यचेत पनि त्यत्तिकै प्रखर रूपमा मुखरित भएको छ । उनका अन्य कविताहरूझैँ यो कविता पनि शक्तिशाली व्यञ्जनाको एउटा उत्कृष्ट नमूना हो ।

### (ग) एउटा वाहुला नभएको बुसर्ट

यो कविता कवि विमल निभाद्वारा रचित अत्यन्त उत्कृष्ट कविता हो । यस कवितालाई 'एउटा बाहुला नभएको बुसर्ट' शीर्षक कवितासङ्ग्रहबाट उद्धृत गरिएको हो । यो कवितासङ्ग्रह वि.सं. २०६० सालमा कालचक्र नेपालद्वारा प्रकाशित गरिएको हो । कविले यस कवितामा क्रान्तिको अग्निपथमा हिडेको उनको साथी एउटा पाखुरारहित भएर समाजसामु उभिएको छ । त्यसैले उसलाई एउटा बाहुला नभएको बुसर्ट किन्नु परेको छ भन्ने भाव व्यञ्जनाका साथ व्यङ्ग्यपूर्ण शैलीमा सिङ्गो बिम्बका माध्यमबाट प्रस्तुत गरेका छन् । प्रथम पुरुषीय 'म' पात्रको एकालापीय आत्मकथन पद्धतिमा लेखिएको यस कवितामा सामाजिक राजनैतिक चेतनाले अभिभुत व्यक्तिको यथार्थ स्थितिको वर्णन गरिएको छ ।

कवि विमल निभा मार्क्सवादी चिन्तनबाट प्रभावित प्रगतिवादी कवि हुन् । यस कवितामा उनले समाजमा परिवर्तनको सोँच लिएर समाजलाई प्रगतिवादमा रुपान्तरण गर्ने उत्कृष्ट आकांक्षाका साथ अगि बढेको मानिस आन्दोलनका क्रममा क्रुर शासक वर्गको कुटिलताको शिकार भएर हात गुमाउन पुग्छ । समाजमा परिवर्तन नचाहने यथास्थितिवादीहरुको थिचो मिचोमा कतिपय मानिसले आफ्ना महत्वपूर्ण अङ्गहरु गुमाउनु परेको हुन्छ । यसरी लडेको त्यस लडाइको पनि कुनै अर्थ हुँदैन । विजयको झण्डा फहराउने उसका हात त्यही क्रान्तिमा गुम हुन पुग्छन् । एउटा जनआन्दोलनको नायकले आफू जस्तै आफ्ना थुप्रै साथिहरुको सहयोगबाट देशमा परिवर्तन ल्याउने योजना बुनेको हुन्छ । त्यो उसको आफ्नै हात सरह हुन्छ । साथीको हात उसको आफ्नो हात भएको हुन्छ । त्यसैले एउटै बुसर्टको दुई बाहुला ऊ र उसको साथीको शरीरलाई ढाक्न पर्याप्त हुन्छ । सङ्गठित रुपमा अवद्ध भएर नै क्रान्ति सफल हुन्छ भन्ने भाव यस कवितामा अभिव्यक्त भएको पाइन्छ । राजनीतिको दुषित संस्कारप्रति पनि विद्रोहको स्वर अत्यन्त प्रवल ढङ्गले यस कवितामा मुखरित भएको छ ।

यस भावलाई कविले आफ्ना साथीको मुखबाट यस प्रकार भनाएका छन् :

मलाई चुपचाप देखेर
मेरो साथीले भन्यो
मित्र अचम्म नमान
यो तिम्रै हात हो
काम चलाउनलाई मैले लिएको
एउटै हातले भए पनि
काम गर्न सकिने रहेछ
मेरो साथी र म
दुईतिरै बाहुला भएको बुसर्ट लगाउँछौं
यद्यपी उसको एउटा हात छैन
तर यसले के फरक पर्छ
मेरो त छ

सामाजिक राजनैतिक विसङ्गतिलाई अत्यन्त मार्मिक (प्रभावकारी) रुपमा प्रस्तुत गरिएको छ । सरस, सुबोध एवम् सम्प्रेषणीय भाषाशैलीमा लेखिएको यस कवितामा कवि विमल निभाको राजनैतिक विसङ्गति प्रखर रुपमा गुञ्जायमान भएको छ ।

कवि विमल निभाका उत्कृष्ट कविताहरु मध्येको यो कविता अत्यन्त शक्तिशाली ढङ्गबाट सामाजिक राजनीतिक चेतनाको व्यञ्जना भएको उत्कृष्ट कविता हो । यो कविता तीन, चार, पाँच, दश, बाह्र, पङ्क्तिहरुका आठ अनुच्छेदमा रचित छ ।

**निष्कर्ष**

विमल निभाका कवितामा हास्यव्यङ्गयको अजस्र बहाव पाइन्छ । यसैको माध्यमबाट उनी समाजका विकृतिहरूको चिरफार गर्दछन् । साहित्यमा अन्य विद्यामा पनि उनको कलम चलेको छ तापनि कविव्यक्तित्व सर्वाधिक उर्वर देखिन्छ । भाषामा सरलता यिनको रचनामा पाइन्छ । वस्तुको सजीव प्रस्तुति एवं अभिव्यक्तिको सहजता यिनको विशेषता हो । निबन्धको क्षेत्रमा पनि यिनको अग्रणी स्थान रहेको छ । स्तम्भ

रचनाको सङकलन 'चौथो कालम' निभाको पाठकप्रिय रचना बनेको देखिन्छ । यसरी कवि निभाका कवितामा प्रगतिवादी चेतनाको अत्यन्त कलात्मक अभिव्यञ्जना रहेको पाइन्छ ।

### २.४.५ पुरुषोत्तम सुवेदी

समकालीन लेपाली कविताका एक चर्चित प्रतिभा पुरुषोत्तम सुवेदीको जन्म वि सं २०११ सालमा तेह्रथुम जिल्लाको सावला गाउँमा भएको हो । उनले वि.सं. २०३२ सालदेखि कविताका माध्यमबाट साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । हालसम्म उनका दुईवटा

कवितासङ्ग्रहहरू ‘आतङ्क गन्ध’ (वि.सं. २०४८)र ‘एक्लो विजेता’ (वि.सं. २०५४)शीर्षकमा प्रकाशित भएका छन् । यसबाहेक उनका अन्य विभिन्न फुटकर कविता तथा समालोचनाहरू पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।

कवि सुवेदी मूलतः प्रगतिवादी साहित्यकार हुन । उनका कविताहरू गरिब उत्पीडित व्यक्तिहरूप्रति समर्पित छन् । उनले आफ्ना कवितामा मान्छेको स्वतन्त्रतालाई मूल विषयवस्तु बनाएका छन् । सामाजिक यथार्थलाई पनि उनले आफ्ना कवितामा त्यत्तिकै सबल रूपमा प्रस्तुत गरेका छन् ।

उनका कविताहरूको भाषाशैली केही क्लिष्ट र जटिल देखिन्छ । विविध अमूर्त बिम्ब र प्रतीकहरूका माध्यमहरूबाट आधुनिक समाजका जटिल जीवनपद्धतिहरूलाई उनले आफ्ना कविताहरूमा गहनतापूर्वक प्रस्तुत गरेका छन् । उनका कविताहरू सामाजिक तथा राजनीतिक सरोकारप्रति पनि अभिकेन्द्रित छन् । उनले आफ्ना कवितामा निरङ्कुशता र अराजकताको तीव्र विरोध गरेका छन् । उनले कवितालेखनका लागि प्रारम्भिक प्रेरणा आफ्नै दाजु कवि स्व.पुण्यप्रसाद सुवेदीबाट प्राप्त गरेका हुन् । आफ्नै कविताप्रति कडा समालोचकीय दृष्टि राख्ने उनले आफ्ना सिर्जनाहरूमा सौन्दर्यचेतना, जीवनचेतना र कालचेतनाको उत्कृष्ट संयोजन गरेका छन् । कवि सुवेदीको काव्ययात्रालाई मूलतः निम्नलिखित तीन चरणमा वर्गीकरण गरेर हेर्न सकिन्छ :

१ प्रथम चरण (वि.सं.२०३२-२०४८)

२. दोस्रो चरण (वि.सं. २०४९-२०५४)

३. तेस्रो चरण (वि.सं. २०५५-हालसम्म)

उनका प्रथम चरणका कविताहरूको प्रतिनिधित्व ‘आतङ्क गन्ध’ भित्रका ४८ वटा कविताहरूले गर्दछन भने तेस्रो चरणको प्रतिनिधित्व ‘एक्लो विजेता’ भित्रका ३८ वटा कविताहरूले गर्दछन् । त्यसपछिको चरणमा उनका अनेकौं फुटकर कविताहरू रहेका छन् । प्रत्येक चरणमा वैचारिक स्वर एउटै र उस्तै रहेपनि चरणगत रूपमा शिल्प र शैलीमा क्रमिक परिस्कार रहेको देखिन्छ । यहाँ उनका ‘युद्ध’, ‘सडक सपनाको कल्पित शीलालेखमा’ र ‘समय’ शीर्षकमा कविताको संक्षिप्त विश्लेषण गरिएको छ ।

(क) **यूद्ध**

कवि पुरुषोत्तम सुवेदीद्वारा रचित प्रस्तुत युद्ध कविता 'आतङ्कगन्ध' कवितासङ्ग्रहबाट लिएको हो । यो कवितासङ्ग्रह २०४८ साल पौष महिनामा प्रकाशित भएको हो । यस कवितासङ्ग्रहलाई नेपाल साहित्य गुठीले प्रथम पटक प्रकाशित गरेको हो । नेपाल साहित्य गुठीको स्थापना तत्कालिन युवा साहित्यकारहरूको सक्रियतामा साहित्य प्रकाशनको निमित्त भएको हो । आतङ्कगन्ध कवितासङ्ग्रह कवि सुवेदीको प्रथम प्रकाशित कृति हो । कविले यस कवितामा युद्धको आतङ्कित, भयावह एवम् त्रसित अवस्थाको चित्रण गरेका छन् । युद्धको नायक राजकुमारझैं तीरधनुष भिरेर नगराहरु ठटाएको गर्जनका साथ युद्धको शंखघोष गर्दछ । सिङ्गो आकाशलाई नै आतङ्कले ढाकेर थर्कमान बनाउँछ । चराचुरुङ्गिहरू समेत कम्पित हुँदै आकाश तिर डोलायमान हुन थाल्छन् । यस्तो भिषण स्वरूप बोकेको त्यस युद्ध मर्ने र मार्ने मानिसहरुको खेल बनेको हुन्छ । यसमा निर्धाहरु मर्दछन् बलियाहरूको विजय हुन्छ । युद्धको यस्तो डरलाग्दो विभिषिका बोकेका प्रथम र द्वितीय विश्वयुद्धहरूले कयौं कलिला हाँसोहरू खोसेर लगे । हुन त यी युद्धहरू मानिसको शिरमा व्याप्त रहेको कालो छाँया हटाउन भनेर लडिएका हुन्छन् तर त्यो निर्मल, स्वच्छ चाहना बोकेर युद्धमा लडिए तापनि मुक्तिको चाहना प्राप्त हुँदैन । युद्धमा बलिदान भएर स्नेहको काखलाई प्राप्त गरेझैं लडाकुहरू मस्त निदाउन पुग्छन् । आफू बली भएर आफ्नाहरूलाई सडकपेटीमा भट्किन बाध्य बनाउँछन् । युद्धको संस्कृति भनेको मुक्ति हो तर यस्ता युद्धहरू मुक्तिको लागि नभएर एउटा उन्मादको रुपमा आउँछन् र कयौं जीवन खोसेर समाप्त हुन्छन् ।

मानिस भित्र पनि पाप र धर्मको युद्ध सँधै चलि नै रहेको हुन्छ । धर्मलाई थोरैले मात्र मित्र बनाउन सकेको हुन्छ । धेरैको सहयोगी त पाप नै हुन्छ । त्यसैले पाप र धर्मको यथार्थ पहिचान मानिसमा हुनु पर्दछ । अन्यथा उ कसैसँग पनि आँखा मिलाउन सक्ने स्थितिमा रहँदैन र आफै भित्र आतङ्कित मन लिएर बाँच्न  बाध्य हुन्छ ।

अहिलेको समयमा युद्धको अस्तित्व पनि समाप्त भैइसकेको छ । साँचो अर्थमा भन्नु पर्दा आजको युद्ध, युद्ध नभएर व्यवसाय बन्दै गएको छ । अव युद्धमा मानिसहरूलाई आन्दोलित गर्न सक्ने आर्कषण शक्ति छैन । युद्ध त धर्म युद्ध हुनु पर्छ  जुन विजयको खातिर लडिन्छ । अधर्मलाई धर्मको गदाले बर्जानु युद्ध हो । युद्धको मोर्चामा अगि बढ्दा कयौं मानिस आधा शरीर लिएर भाग्न विवश हुन्छन् । यसरी उनीहरू आफ्नो शरीर पनि गुमाउँछन् र मुक्तिको चाहनालाई पनि प्राप्त गर्न सक्दैनन् । एकआध विजेताहरू फेरि पनि हौसिएर लड्न

खोज्छन् तर पछि बोलकबोलको सम्झौता गरेर युद्धलाई समाप्त गर्छन् । तसर्थ अन्त र शुरुवातको कुनै निश्चितता नबोकेको आजको युद्ध, युद्धबाट नै पराजित भइरहेको छ भन्ने भाव कवि सुवेदीले यस कवितामा व्यक्त गरेका छन् ।

कवि सुवेदी प्रगतिवादी यथार्थवादी कवि हुन् । सामाजिक यथार्थलाई उनले आफ्ना कवितामा अत्यन्त मार्मिक ढङ्गबाट अभिव्यक्त गरेका छन् । यस कवितामा चार, छ, सात, आठ र दश हरफहरूका अनुच्छेदहरू रहेका छन् । क्लिष्ट भाषाशैलीको प्रयोग यस कवितामा भएको छ । अमुर्त बिम्बको प्रयोगबाट आजका मानिसले जीवनमा भोग्नु परेको कठोरतालाई युद्ध कवितामा कवि सुवेदीले व्यक्त गरेका छन् ।

**(ख) समय**

यो कविता कवि पुरुषोत्तम सुवेदीको दोस्रो कवितासङ्ग्रह 'एक्लो विजेता'बाट लिइएको हो । समय मात्र एउटा यस्तो एक्लो विजेता हो, जो कहिल्यै फेरिदैन । समयसँग यो विजेता क्रम मिलाएर हिँडिरहन्छ । समयको आकस्मिक सवारीहरु यही विजेताले चलाई रहन्छ । हिजो भन्दा आज केही फेरिएको छैन । समयले दिएको पिडाको आक्रान्तले मानिस छटपटिरहेको छ । नाङ्गा छातीहरुमाथि अझै यातनाहरू थपिँदैछन् । हिउँदे वगरझैं नियति बोकेर समय चिसो रातसँगै आइ नै रहेको हुन्छ । हुन त समय कहिले मुक्तिको गीत लिएर आउँछ कहिले बाँच्ने कला सिकाउने सीप लिएर आउँछ । एकातिर धर्ती रगतमा लथपथ छन्, अर्कातिर आकाश शुष्क छन् । समय यही गतिमा गुज्रिरहेको छ । छातिभरी दुःखलाई सुताएर पनि मानिस अतृप्त हुन्छ । कल्पनामा नाचेर पनि उसका खुशीहरू अधुरा नै हुन्छन् । समय कहिले आस्थाको हत्या भएर पनि आउँछ । उसको फाँट हराउन पुग्छ उ अनन्त युगहरूलाई सपनामा भेट्छ विपनामा त मात्र मान्छे हुन्छ । आफ्नो स्नेहको प्रतीकलाई आफ्नो कुन आस्थाको माटो सुम्पिने भनेर मानिस चिन्तित हुन्छ । यस्तै यस्तै आकष्मिक घटनाहरू बोकेर आएका समयका सवारीहरूलाई मानिसले निर्निमेष पर्खिरहेको हुन्छ भन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

यस कवितामा पाँच-पाँच र छ-छ हरफहरूका अनुच्छेदहरू रहेका छन् । यो कविता कवि सुवेदीको उत्कृष्ट कविता हो ।

### (ग) सडक सपनाको कल्पित शिलालेखमा

प्रस्तुत कविता कवि सुवेदीद्वारा रचित 'एक्लो विजेता' कवितासङ्ग्रहबाट लिइएको हो । यो कवितासङ्ग्रह कवि सुवेदीको दोस्रोसङ्ग्रह हो । यसको प्रकाशन २०५४ सालमा साझा प्रकाशन ललितपुरबाट भएको हो । कवि सुवेदीको उत्कृष्ट कविताहरुमध्येको यो पनि एक हो ।

मान्छेसँगसँगै मान्छेका सपनाहरु सडकमा आँखा ओछ्याएर अविरल यात्रामा दौडिरहेका हुन्छन् । मान्छे जीवन प्राप्त गर्न सूर्यका ज्योतिहरूझैं आफ्नै आस्थामा चम्किन खोज्छ । जिन्दावादका नाराहरू घन्काउँदै पहाडमा दौडेझैं उ सडकमा दौडिरहन्छ । गर्भिणी आमाहरू प्रसववेदना पछिको आनन्दको उत्कर्षलाई प्राप्त गर्ने सपनामा सडकैसडक दौडिरहन्छन् । मान्छेका भिडहरूले आकाश ढाकेर सडक हिडिरहन्छन् । सडकमा हिडेर मनको सवारी धेरै सूर्यहरूको तेजले दिप्तीमान भएको एउटै आकाश पुग्न खोज्छ । तर साँझमा सूर्यसँगै अस्ताचलतिर लम्किन्छन् । त्यसैले सडक सपनाको कल्पित शिलालेखझैं भएको छ । यद्यपि आकाशमा उत्कर्षहरूका विप्लवहरू हुर्किरहेका छन् । मानिसका प्रतिरोधहरू जमिनमा खुट्टा टेकेर जारी छन् । आकाशमा ताराहरूको विस्कुन सुकिरहेको छ । त्यसैले मानिस आफ्नो पदचाप रोकेर पनि सपनासँगै सडकैसडक हिडिरहेछ । रातैराताहरूको यो महायात्रामा मान्छे जिजिविषाको रक्त उन्मादको हठमा सडकहरू रातम्मै बनाउँदै दौडिरहेछ । यस्तै यस्तै भाव कवि सुवेदीले यस कवितामा व्यक्त गरेका छन् । यस कवितामा पाँच-पाँच र सात-सात हरफका अनुच्छेदहरू रहेका छन् । भाषा केही क्लिष्ट छ, अमुर्त बिम्ब र प्रतीकको माध्यमबाट कविता प्रस्तुत गरेका छन् ।

### निष्कर्ष

कवि सुवेदी नेपाली कविता क्षेत्रमा देखिने नयाँ प्रवृतिलाई पाठकसमक्ष राख्न सफल कवि हुन् । उनको 'एक्लो विजेता' (कवितासङ्ग्रह २०५४) यसै विषयको सफल उदाहरण हो । वर्तमानका भोगाइहरू उनका कवितामा छरपष्टिएका छन् । उनको प्रथम कविता सग्रह 'आतङ्क गन्ध' (२०४८) रहेको छ । यसमा कविले समकालिन यथार्थलाई प्रस्तुत गरेका छन् ।

रचनामा कठोर र ठोस भाषालाई अङ्गाल्नु उनको विशेषता हो । उनको कविता नेपाली कवितालाई गरिमा प्रदान गर्नेसार्थक प्रयास बनेको छ ।

## उपसंहार

हालसम्मको नेपाली कविताको इतिहासलाई केलाएर हेर्दा नेपाली कविताले सवा दुईसय वर्षको लामो यात्रा पुरा गरिसकेको देखिन्छ । नेपाली कविता यात्रा लोक धाराबाट शुरु भएको हो । "सर्वप्रथम सुवानन्द दास" को (१८२६ तिर लेखिएको) 'पृथ्वीनारायण' नामको कवितालाई पहिलो लेख्य कविताका रूपमा लिने गरिएको पाइन्छ । यस लामो इतिहासलाई विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्ने गरेको देखिन्छ । नेपाली कविता इतिहासको लामो परम्पराका सम्बन्धमा विद्वानहरूमा मतैक्यता पाइएको छैन । विभिन्न विद्वानहरूले नेपाली कविताको इतिहासको कालखण्डलाई भिन्ना भिन्नै किसिमबाट विभाजन गर्ने गरेको पाइन्छ । विभिन्न विद्वानहरूको मत अनुसार विभाजनमा भिन्नता देखिएता पनि स्नातकोत्तरतहको नेपाली विषयको पाठ्यक्रममा जुन रूपमा नेपाली कविताको काल क्रमिक अध्ययन गरिएको छ त्यही नै बढी मान्य र प्रचलित रहेको पाइन्छ । नेपाली कविताको प्राथमिककाललाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको देखिन्छ । उत्तराद्ध चरणमा विभिन्न भक्तिधाराहरू देखिएका छन् । यी भक्ति धाराहरूमा पनि रामभक्ति धाराको प्रवलता रहेको देखिन्छ । राम भक्तिधाराको केन्द्रीय कविको रूपमा भानुभक्त आचार्यलाई लिइएको माध्यमिक कालमा पूर्वाद्ध चरणका मोतीराम भट्ट र उत्तरराद्र्ध चरणमा लेखनाथ पौड्याल एवं शम्भु प्रसाद ढुङ्गेलको केन्द्रीय भूमिका रहेको पाइन्छ । आधुनिक कालमा विभिन्न धाराहरू देखापरेका छन् । तिनमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी र परिष्कारवादीधारा, प्रयोगवादी धारा र समसामयिक धारा मुख्य रूपमा रहेको पाइन्छ । विश्वसाहित्यमा देखा परेका विभिन्न वाद र प्रयोगबाट प्रभावित भएर विभिन्न कविहरूले नेपाली कविताका क्षेत्रमा नयाँ नयाँ लेखन शैलीलाई भित्र्याएको पाइन्छ । यस कालमा परिष्कारवादी धाराको नेतृत्व लेखनाथ पौड्याल र बालकृष्ण समले स्वच्छन्दतावादी प्रगतिवादी धाराको नेतृत्व लक्ष्मी प्रसाद देवकोटा र गोपाल प्रसाद रिमालले प्रयोगवादी धाराको नेतृत्व मोहन कोइरालाले गरेका हुन् । समसामयिक धारामा विभिन्न कविहरूले सृर्जना गरिरहेको पाइन्छ । आधुनिक नेपाली कविताका क्षेत्रमा देखा परेका यिनै विभिन्न प्रवृत्तिगत विशेषतालाई अङ्गाली कविता सिर्जना गर्ने पाँच आधुनिक नेपाली कविका पन्ध्र वटा कविताको अध्ययन विश्लेषण गर्ने काम माथिका शीर्षकहरूमा भएको छ । यी पाँचजना कविले नेपाली काव्य विधामा आ-आफ्नै किसिमका प्रवृत्तिगत विशेषता बोकेका छन् ।

## २.५ कविता लेखन र परिमार्जनको अभ्यास

मेरो कविता लेखनको प्रयास पचासको दशकबाट औपचारिक रूपमा ‘साहारा, दैनिक’ (२०५७) भाद्र महिनामा प्रकाशित कविताबाट आरम्भ भएको हो । तत्पश्चात विभिन्न पत्रपत्रिकाहरुमा फुटकर रचनाहरु प्रकाशित हुने क्रममा २०६५ साल चैत्र ९ को ‘नयाँ कोतर्प’मा “सून्यमात्र हात लागेको छ”, २०६५ चैत्र ४ को ‘नयाँ सडक’मा “समयको सचेतता”, २०६५ चैत्र ९ को ‘नयाँ सडक’ मा “जीवन साथीको सम्झनामा”, २०६५ चैत्र ५ को ‘नयाँ सडक’मा “विद्यार्थी जीवन”, २०६५ चैत्र ६ को ‘नयाँ सडक’मा “महानताभित्र मपाईत्वको मात हुँदैन”जस्ता रचनाहरु प्रकाशित भएका छन् । मानवीय अनुभूतिहरूको अभिव्यक्तिका रूपमा प्रकट गर्न चाहन्थे, तिनैलाई शब्दहरूका माध्यामले कविताको रूप दिएको हुँ । तर कवितामा कला पनि हुनु पर्छ भन्ने मेरो व्यक्तिगत मान्यताले ती अभिव्यक्तिहरूलाई निर्धक्कसँग कवितामा व्यक्त गरेको छु । मैले आफ्ना रचनाहरूलाई कविता भन्नुभन्दा कविताको क्षेत्रमा एउटा अभ्यास मात्र हो भनी आत्मस्वीकृति गर्दछु । यो पनि अभ्यासकै कमको एउटा सानो प्राप्ति बन्न पुगेको छ ।

कविता लेखनको अभ्यासकै क्रममा विभिन्न साहित्यिक पत्रपत्रिकाबाट आफ्ना कविताका बारेमा पाएको सकरात्मक प्रतिक्रियाहरुबाट कविता लेखनमा हौसला बढ्दै गयो र लेखनप्रति अरु बढी इमान्दार र सचेत हुने प्रेरणा प्राप्त भइरह्यो ।

त्रिभुवन विश्वविद्यालयमा एम.ए. नेपाली अध्ययनकै क्रममा कक्षामा कवितासम्बन्धी सैद्धान्तिक अध्ययन भएको हुँदा मलाई आफ्नो कविता रचना वारे बुझ्न सहयोग पुऱ्यायो । कविता रचना प्रकृयामा पृष्ठभूमिको काम गर्ने लेखकीय भाव सन्दर्भदेखि कविताको वाह्य र आन्तरिक संरचना पक्षको अध्ययनबाट कविता रचनामा शिल्पपक्षबारे चेतना वढ्दै गयो । अझ पूर्वीय र पाश्चात्य मान्यता, साहित्यिक अग्रणी व्यक्तित्वहरूको अध्ययन साहित्यिक आन्दोलनहरूले नेपाली साहित्यमा पारेको प्रभाव, रचनामा परिमार्जन ल्याउन मद्दत पुऱ्यायो । नेपाली कविताको विकाससम्बन्धी अध्ययन तथा विभिन्न अवधिमा आफ्नो छुट्टै छवि स्थापित गर्न सफल, आधुनिक नेपाली कविहरूको कविताको अध्ययनले पनि कविता रचनामा आफ्नो मौलिकता कायम गर्न उत्साह प्राप्त भयो । यो सिर्जनापत्र

प्रस्तुत गर्ने सन्दर्भमा निर्देशक आदरणीय सुधा त्रिपाठीज्यूबाट पाएको अमुल्य सुझाव र निर्देशनले कविता रचना प्रक्रियामा परिष्कार आएको महशुस गरेको छु ।

निश्चय पनि सफलताको सिढी उक्लिन निरन्तरको साधना र अभ्यास आवश्यक हुन्छ । कविको मनलाई जव कुनै घटना विशेष, चिन्तन, दृश्य आदिले स्पर्श गर्छ, त्यतिवेला शब्दलाई आफ्नो शैली र शिल्पले भरेर त्यसमा आफ्नो विचार पनि प्रस्तुत गरेपछि पनि त्यो रचना कविता बन्छ भनेर भन्न सकिँदैन । त्यसले पाठकको मनलाई छुन सक्नुपर्छ अनिमात्र त्यो रचना कविता बन्न सक्छ । आधुनिक नेपाली कविता परम्परामा गोपालप्रसाद रिमाल, पारिजात, मञ्जुल, विमल निभा एवं पुरुषोत्तम सुवेदी जस्ता कविहरूले आफ्ना रचनामा पाठकबाट स्विकृति पाए पछि नै आफ्नो प्रौढतामा पुगेका हुन् । मेरा कविताहरूले पाठकको मन छुन सकेका छन् जस्तो लाग्दैन तर निर्देशकज्यूको सुझाव र निर्देशनअनुसार परिमार्जन र परिस्कार गरी वहाँकै स्वीकृतिअनुसार २२ वटा कविताहरूलाई यस सङ्ग्रहमा प्रस्तुत गरेको छु ।

**२.६ प्रस्तुत कविता सङ्ग्रहसम्बन्धी आत्मधारणा**

कविता लयात्मक भाषाको सुन्दर कथन हो । यसले भाव र विचारलाई बोकेर हिंडेको हुन्छ । यो भावनामा रुन्छ र विचारमा चिच्च्याउँछ । कविताको विषयवस्तुमा सिङ्गो जीवनजगत् र मानवमनका अनुभव र अनुभूतिहरू अटाउन सक्छन् । विषयवस्तुलाई कविद्वारा लयात्मक भाषाका माध्यमबाट सौन्दर्यपूर्णढङ्गले अभिव्यक्त गरिएको हुन्छ । प्रस्तुत ‘अप्ठ्यारो जिन्दगी’ कवितासङ्ग्रहका कविताहरूमा मैले मानवमनका अनुभव र अनुभूतिलाई बिम्ब र प्रतीकका माध्यमबाट अभिव्यक्ति दिने प्रयास गरेको छु ।

कवितामा सम्पूर्ण भाव र विचारको सूचक कविताको शीर्षक नै हुन्छ । मेरा कवितामा मैले आन्तरिक र बाह्य पक्षसँग उचित तालमेल मिलाउन उपयुक्त खालको शीर्षक चयन गर्ने प्रयास गरेको छु । कवितामा बाह्य र आन्तरिक संरचनालाई दृष्टिगत गर्दै कविताको संरचनालाई प्रभावकारी बनाउने प्रयत्न गरेकी छु । कविताको मुख्य तत्त्व लय हो । मेरा कविता गद्य लयात्मक भाव अँगालेर सिर्जना गरिएका छन् । कथनपद्धतिका दृष्टिले उक्त कविता सङ्ग्रहमा मैले कवि प्रौढोक्ति र कवि निबन्द्ध प्रौढोक्ति कथन पद्धति अँगालेको छु । यस कवितासङ्ग्रहको शीर्षक कविता ‘अप्ठ्यारो जिन्दगी’ प्रतीकात्मक कविता हो, जुन

वर्तमान जीवनका कुण्ठा, बिडम्बना, शून्यताको गर्तमा जलिरहेको जीवन, जीवनको अस्तित्वविहीनता र  विसङ्गतिलाई काँधमा बोकेर हिंड्नपरेको निराश जीवनप्रति लक्षित छ ।

कवितामा कल्पनाशक्तिको आवश्यकता हुन्छ । कल्पनाले अनुपस्थितिहरूलाई सादृश्यमा उतार्ने सामर्थ्य राख्दछ । एउटा कवि कविताको सिर्जनाअघि भावको डुङ्गामा चढेर कल्पनाको सागरमा विचरण गर्दै दृश्यजगत्देखि अदृश्यजगत्सम्म पुग्दछ । कल्पनालाई वस्तुजगत्को सादृश्यमा बिम्ब र प्रतीकको माध्यमले उपस्थित गराउन सक्ने क्षमता कविसँग हुन्छ ।

जीवनगत भोगाइलाई कल्पनाशक्ति र काव्यशिल्पविधानबाटै कवितामा मूर्तता दिन सकिन्छ । यसमा भावलाई कवितामा सरस र सरल ढङ्गले अभिव्यञ्जना दिने प्रयास भएको छ । कतिपय कविता मान्छेभित्र क्षीण हुँदै गइरहेको आस्था र श्रद्धाको भग्नावशेषबीचको मानवीय क्षयीकरण र आवरणमा मात्र मान्छे रहेको तथ्यसँग सम्बन्ध राख्दछन् ।

अन्त्यानुप्रासप्रति चासो नहुँदा-नहुँदै पनि मैले कतै-कतै स्वाभाविक रूपमै प्रयोग गरेको छु । त्यस्तै गरी अन्तरअनुप्रासको निर्वाह पनि मेरा कवितामा भएको छ । आयामका दृष्टिले प्रस्तुत कवितासङ्ग्रहका कविताहरू लघु आयामकै कोटिमा पर्दछन् । बाह्य संरचनाका दृष्टिले न्यूनतम पङ्क्तिदेखि बृहत् पङ्क्तिसम्म रहेका छन् । पङ्क्ति विधानका दृष्टिले यस कवितासङ्ग्रहमा छोटा र मझौला खालका पङ्क्ति प्रयोग भएका छन् ।

कविताको भावविधानका दृष्टिले समसामयिक जीवन र परिस्थिति नै कविताको विषयवस्तु बनेका छन् । यी कवितामा अन्यौलपूर्ण जीवन छन् । प्रायः कविताहरू भावप्रधान छन् । अन्तर्मुखी जीवन, आत्मालापी कविकथनपद्धति, जीवनप्रति बेवास्ता मानवीय मनका कुनै क्षणिक मनोदशाको चित्रण, स्वच्छन्दतावादी भाव, विश्वासघात, जीवनप्रतिको पलायन असफलता, दमन र उत्पीडन, जीवनमा सोच्तैनसोचेका घटना, स्वप्नवादी शैलीको प्रयोग, शृङ्गारिक भाव र कतै स्वैर कल्पनाको प्रयोग आदि छन् ।

धारागत रूपमा हेर्दा मेरा कविता समसामयिक धाराकै नजिक रहेको ठान्दछु । सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, केदारमान व्यथित, भूपिशेरचन आदिबाट मेरा कविताहरू प्रभावित छन् ।

**अप्ठ्यारो जिन्दगी :** यस कवितासङ्ग्रहको शीर्षकविता हो । यो सांकेतिक कविता हो । यही कविताको शीर्षकबाट यस कवितासङ्ग्रहको नाम राख्ने काम भएको छ । यस कवितामा मैले मानिस-मानिसबीच हराउँदै गएको श्रद्धा, स्नेह, सद्‌भाव, अपनत्व, आत्मीयता तथा रगतको नाताप्रति फैलिँदै गएको वितृष्णा उजागर गर्ने प्रयास भएको छ । व्यस्तता, आत्मपीडा व्यवहारिक झीनामसिना झन्झटले जीवन अप्ठ्यारोमा अल्झिएको छ भन्ने कुरा यस कवितामा व्यक्त गर्न खोजिएको छ । यस कविताका केही पंक्तिहरु :

जीवन मेरो उजाड सधैँ यो व्यथा कहाँ पोखूँ ?
सबैको साम‍ु खिल्ली उडाई आफैलाई के लेखूँ ?
अरुले देख्छन् फुलेको मलाई आफू चै चाउरिएँ
फुल्ने र फल्ने आशामा थिएँ झन अझ दाउरिएँ

**आमा एक परमात्मा :** यस सुन्दर संसारको रसास्वादन गराउनुका हरेक मानवको मूल स्रोत आमा हुन् । उनको आदर्शताको सम्मान उचित स्याहार सुसार गर्नमा कन्जुस्याइँ गर्नाले हाम्रो जीवन असफल हुन्छ भन्ने कुरालाई सरल भाषा शैलीमा यस कवितामा व्यक्त गर्ने जमर्को गरिएको छ । जस्तै :

आमाको माया आमाको मुटु अमूल्य खानी हो ।
संसारभरको सर्वस्व दिने सर्वश्रेष्ठ दानी हो ॥
आमामा आस्था आमामा भक्ति सबैले लगाऔं ।
ममतामयी आमाको माया झन अझ जगाऔं ॥

**अङ्ग्रेजीभित्र अतिवाद** : पाश्चात्य संस्कृतिले ल्याएको विकृतिसँगै भाषिक विचलन पनि अझ अत्यास लाग्दो देखिन्छ भाषा बिगारेर विजोग देखाउने र पूर्वीय संस्कारका विरुद्धमा व्यवहार गर्ने आधुनिक भनाउँदा ठिटाठिटीहरुको अपरिपक्व देखासिकी प्रेम गर्ने अस्वस्थ प्रतिस्पर्धात्मक अनौठो चाल-चलनलाई आफ्नै तरिकाले उजागर गर्ने प्रयास यस कवितामा भएको छ । यस कविताका केही हरफहरु :

अङ्ग्रेजी कम पढियो
स्नातक पछि त छ्याङ्गै छोडियो
सबै शब्दको अर्थ थाहा छैन
काम चलाउँछु बढीको चाह छैन
साथीभाइको कुरा सुन्छु
त्यै कुरालाई मनमनै गुन्छु

प्रभाव हो कि कुप्रभाव
तल परिसक्यो भाषाविभाग
मेरी फलानो गर्ल फ्रेन्ड
तेरी कुन गर्लफ्रेन्ड ?
उसको खोई गर्लफ्रेन्ड
मेरा चाहिँ सबै फ्रेन्डै फ्रेन्ड
आई ह्याव नो गर्लफ्रेन्ड
किनकि
प्रायः शुद्ध नेपाली जान्दछु
अङ्ग्रेजीलाई आगन्तुक मान्दछु
यी दुवै मिलाएर पनि कहिलेकाही
भाषिक व्यवहार धान्दछु
त्यस्तै अङ्ग्रेजी भाषाको एउटा शब्द,
सुन्नोस् ! पहिला खुसी, पछि स्तब्ध
'गरलफ्रेन्ड' शब्दलाई टुक्र्यायएर हेर्नोस्
तत्पश्चात, सही अर्थ टेर्नोस्
'गर ल फ्रेन्ड'अर्थात् मैले जस्तै
गर ल साथी मैले जस्तै !

**विद्रोह विचारको** : सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र नैतिक दृष्टिकोणले देश दिनदिनै अधोगतितिर लागिरहेको दुरावस्थाले जोसुकै राष्ट्रप्रेमी जनताको टाउको नदुखाउने कुरै भएन । यस अवस्थामा प्रत्येकको मन मस्तिष्कमा चेतना जाग्नुपर्दछ, डर भाग्नुपर्दछ र देशलाई हरेक किसिमका विकृति विसङ्गतिहरुबाट छुटकार दिलाउनुपर्दछ भन्ने जस्ता अग्रगामी विचारहरुलाई सरल भाषाशैलीका माध्यमबाट यस कवितामा व्यक्त गर्न खोजिएको छ । केही यस कविताका हरफहरु तल प्रस्तुत छन् :

ठाउँ-ठाउँमा डढेलो लाग्दै छ
धनजन मात्र हैन तनमन पनि जल्दै छ
बल्नुपर्ने नपर्ने दुवै ठाउँमा आगो बल्दै छ
जल्नुपर्ने कुराहरु पनि जल्दै छन्
नबल्नु पर्ने ठाउँमा पनि आगो बल्दै छन्
नजल्नुपर्ने ठाउँमा पनि आगो जल्दै छन्

जल्नुपर्ने थियो
बल्नु पर्ने थियो

**असमानता :** समाजको दर्पण नै साहित्य हो, समाज विविधताले परिपूर्ण छ त्यस्तै सामाजिक परिपूर्णतालाई प्रकृतिले पनि भेदभाव गरेर दुःख कष्ट भोगाउन सहयोग पुऱ्याउँछ । आर्थिक विपन्नताका कारण कतिपय सर्वसाधारण नेपाली जनता प्राण आहुती दिन विवश छन् भन्ने सामाजिक तितो यथार्थ घटनाविवरणलाई तुलनात्मक विश्लेषणका साथ सहज रुपमा यस कवितामा प्रस्तुत गर्न खोजिएको छ ।

पक्षपाति जाडो
लाज रसम नभएको
सर्वाङ्ग सताउने
लवस्तरो अर्काको सरम विचार्दैन
जहाँ पायो त्यही भइदिन्छ
यसलाई रोकतोक छैन
मैले कसैलाई ढाटेको छैन
मुखिया बालाई बाक्ला सिरक र
बाक्ला ज्याकेट, कम्बल, आगो, हिटर
आदि लिएर आउँछ जाडो
जाडो सधैं मुखिया बाको रवाफबाट टाढा छ

**आज देशमा शान्ति छः** यो व्यङ्ग्यात्मक कविता हो । सरकारी सञ्चारका साधनहरुले देशमा भएका भइरहेका र हुनसक्ने कुरीति कुसँस्कारहरुको घटना परिघटनाहरुलाई ओजेलमा पार्ने गरेको तर देशका जनता शुभ खवरका बीचमा पनि विभिन्न अप्ठ्याराहरुसँग जुध्नु परेको कुरालाई  यस कवितामा व्यक्त गर्न खोजिएको छ । साना तिना समस्याहरुलाई पनि राष्ट्रिय समस्याका रुपमा तेर्स्याएर पूरा गर्न नसकिने माग राख्ने प्रवृत्तिको व्यङ्ग्यात्मक एवम् सरल प्रस्तुतिका रुपमा यो कविता रचिएको छ । जसका केही पंक्तिहरु यस प्रकार छन् :

आज देशमा शान्ति छ
समचारमा त्यही भन्यो
मुख्य समचारमा !
पूरा समचारमा छिटफुट घटनाका कुरा
कस्तो छिटफुट? सुन्नोस् ।

शान्तिको कुरा मनमा गुन्नोस्
मालबाहक टडकले सडकको
बाखो किचेछ  अझ भनौं
बाखो मारेछ
एउटै गोठालाले उसको
झाँको झारेछ !

**जीवन र भोगाई** : जीवन जटिल छ जस्तो आँखा उस्तै वस्तु भने झैं राम्रो दृष्टि भएमा राम्रै संसार र कलुषित मन भए त्यस्तै संसार देखिन्छ । दुनियाँ भन्नु नै विविधताको अर्को नाम हो । दुःख पनि सुख रात पछि दिन आए जस्तै आइरहेको हुन्छ । तसर्थ सुखमा मात्तिने र दुःखमा आत्तिने गर्नु जीवन भोगाइमो सार्थकता होइन तसर्थ सुख दुखमा सन्तुलित रुपमा अगाडि बढ्नु नै वास्तविक जीवन हो भन्ने कुरा नै यस कवितामा साङ्केतिक रुपमा प्रस्तुत गर्न खोजिएको छ । अन्त्यानुप्रासको उचित संयोजनको जमर्को गरिएको यो जीवनवादी विचार व्यक्त भएको कविता हो । यस कविताका केही हरफहरु :

नगरी कर्म चल्दैन जीवन सोचेको जसरी !
संघर्ष गर सत्य छ पर भेट्टाउनु कसरी ॥
भरे र भोलि भनेर जीवन कसरी चल्दछ ?
तेलबिना बत्ती संसारमहाँ खै कहाँ बल्दछ ?

**लाज छैन यिनलाईः** यस कवितामा देश र जनताको अस्तित्वलाई धराप पार्ने राष्ट्रसेवक भनाउँदा राष्ट्रघातीहरुलाई व्यङ्ग्य गरिएको छ । जनताको रगतपसिना र मतको सदुपयोग गर्न नजान्ने नेता भनाउँदा निर्लज्ज छन् । यिनलाई कसैसँग केही मतलव छैन । आफ्नो स्वार्थपूर्तिका निम्ति सदाकाल तल्लीन छन् । यस्तो नियतिले देश अझ अप्ठ्यारोको दलदलमा फस्दै जाने कुरालाई गजलको ढाँचामा प्रस्तुत गरिएको छ । सरल सहज र सरस भाषाशैलीको प्रयोग गरी देशको समसामयिक परिस्थितिलाई यस कवितामा प्रस्तुत गर्न खोजिएको छ । जसका केही पंक्तिहरु निम्न छन् :

जसले  जे जे भने पनि लाज छैन यिनलाई
छाड्ने हैनन् कैल्यै पनि झुटो वचन दिनलाई ।
कसले टाउको टेकीकन ड्याकिदेला तिनलाई
अचम्म छ सक्या कस्तो पचाउन घिनलाई ।

**मलाई पढ्नु छैन** : जमाना शिक्षाको छ शिक्षा विनाको जगत् अन्धकार छ  तर शिक्षा समयानुकूल हुनुपर्छ । शिक्षाशिक्षा भनेर बिनाकामका अर्थ न बर्थका कुरा रटाएर मान्छेको दिमागलाई बोध्याउने काम मात्र भएको छ । आधुनिक शिक्षा प्रणाली प्रविधिशून्य सीप विहीन बन्न पुगेको छ । विज्ञान र प्रविधिको यस युगमा ती सैद्धान्तिक कुराहरुभन्दा व्यवहारिक एवम् सीपमूलक शिक्षा प्रणालीको विकास हुनुपर्दछ । भन्ने जस्ता कुराहरुलाई छोराले आफ्ना बाबुसँग जवरजस्ती नपढाउन आग्रह गरेको कुरालाई यस कविता उल्लेख गर्न खोजिएको छ । राष्ट्रिय समस्यालाई व्यक्तिगत समस्यामा उठ्याएर समस्याको जानकारी गराउनको साथै समाधानको उपाय खोज्नसमेत आग्रह गरिएको कुरालाई यस कवितामा कलात्मक रुपमा प्रस्तुत गर्न खोजिएको छ ।

मलाई पढ्नु छैन, यो बुर्जुवा शिक्षा
बुज्रुकहरुकले मलाई, कैल्यै सोचेनन् मलाई
खुट्टा हाली बोका बनाई
बेकामे शिक्षा रटाइरहेछन्
बित्थाका कामहरुमा खटाइरहेछन्
अन्वेषण -अनुसन्धान गर्ने
दुनियाँको मस्तिष्कमा रश्मी छर्ने
मेरो तीक्ष्णतालाई भुत्ल्याउन
डाँडाँमा लगेर खाल्डामा हुत्याउन
रातदिन बेकामका किताबहरुमा
मेरो मगज  खटाइरहेछन्
बुद्धि बोध्याउन नचाहिँदा मरेका कुराहरु
रटाइरहेछन्

**महानताभित्र मपाईत्वको मात** : हुँदैन गजलको ढाँचामा तयार पारिएको यस रचनामा जो मान्छे महान् छ सहयोगी छ, सत्विचारमा अडिग छ । उसले कदापि आफूलाई माथिल्लो र अरुलाई तल्लो श्रेणीमा राखेर हेर्दैन । भावनात्मक रुपले मान्छे असल र खराब भन्ने कुराको पहिचान गरिन्छ अरुलाई सरसहयोग गर्ने र सुविचार लिने व्यक्तिको सधैं जय हुन्छ भन्ने जस्ता जीवनवादी नैतिक चेतका कुराहरु यस कवितामा समेटिएका छन् । सरल भाषाशैलीको प्रयोग गरिएको यो कविता सुमार्गतर्फ लक्षित आग्रहपूर्ण भावले परिपूर्ण बनेको छ । यसका केही पंक्तिहरु निम्न छन् :

फूलमा जति सुवास हुन्छ, त्यति पातमा हुँदैन ।
दिलमा जति महानता हुन्छ, त्यति जातमा हुँदैन ॥
आपसी सत्भाव बढाउँदै जाऊ तिमी ।
तिम्रो, दायित्व अरुको हातमा हुँदैन ॥

**दूरदर्शी कहिल्यै रुँदैन** जीवन लामो छ । दुई दिनको हासखेल मात्र जीवन नभएर विभिन्न उकाली ओरालीहरु पनि जीवन हो । जीवनको मूल आधारस्तम्भ भनेको शिक्षा हासिल गर्ने विद्यार्थी-जीवन हो यो आधार स्तम्भ कम्जोर भए जीवन भोगाइ चुलिँदैन जाने क्रममा दुर्घटनाग्रस्त हुन सक्दछ दु:ख-आपत आइलाग्न सक्दछ भविष्य अन्धकारमय हुन सक्दछ । तसर्थ यो कलिलो विरुवारुपी विद्यार्थी जीवन अत्यन्तै महत्वपूर्ण समयावधि भएकाले यसको सदुपयोग गर्न जान्नुपर्दछ भन्ने खालको अत्यन्तै जीवनोपयोगी आशावादी भावधारा समेटिएको कविताका रुपमा यस रचनालाई लिइन्छ ।

**तिमी शेष आउँछ्यौः** यो आफूलाई सबैपक्षबाट मन परेकी प्रेमिकाको वर्णनमा आधारित गजलरुपी रचना हो । मन परेकी मायालुको सम्झनामा प्रेमी दिनरात छटपटाउने र उनका हरेक क्रियाकलापहरु हरेक कोणबाट राम्रो लाग्ने कुरालाई कलात्मक रुप दिने प्रयास यस कवितामा गरिएको छ । मन असन्तोषी हुने र मनलाई सन्तोष दिन मायालुको अभाव खड्कने कुरालाई उजागर गर्न खोजिएको शृङ्गारिक भावधारा बोकेको छ यस कविताले । यसका केही पंक्तिहरु :

गणितमा हिसाव गर्दा तिमी  शेष आउँछ्यौ
बजारभरि तौलदा नि तिमी वेश आउँछ्यौ ॥
देखावटीभन्दा बढी तिम्रो गाढा ममता छ;
परदेश धेरै बस्नुहुन्न कैले देश आउँछ्यौ ॥
जतिसँग दाँज्दा पनि तिमी अनुपमा छ्यौ;
कसैले नि सक्दैन नि तिमले जति ऐश ल्याउँछ्यौ ॥

**श्रीमती** यस कवितामा सामान्य विषयवस्तुलाई ठट्यौलो पाराले कलात्मक पार्ने कोशिस गरिएको छ । श्रीमती र श्रीमानबीच विभिन्न झिना मसिना कुराहरुमा ठाकठुक पर्नु स्वाभाविकै हो । कहिले काहीँ सानो कुराले ठूलो रुप पनि लिन सक्छ । प्राय: नारीहरु सुन्तरताका पारखी हुन्छन् कसैले गरेको प्रशंसामा दङ्ग पर्ने र निन्दा चर्चोमा बढी दु:खी हुने

हुन्छन् भने छरछिमेक र पारिवारिक कुरामा बढी चियोचर्चो गर्ने स्वभावका हुन्छन् भन्ने कुरालाई  यस कवितामा देखाउन खोजिएको छ । यसका केही पंक्तिहरु :

कसैलाई हाँसो होला
कसैलाई चासो होला,
श्रीमती भन्ने शब्दप्रति
यिनले छाक टार्छिन्
तपाइले कमाइ दिए
यिनले वात मार्छिन्
तपाई रमाइदिए
यिनले धनको धक्कु लगाउँछिन्
तपाईले जमाइदिए

**चिसो चियावाली** : सामाजिक विकृतिको बलियो उदाहरण मानिन्छ, जाँड रक्सीस तथा देहव्यापारका कुराहरुलाई यस्ता विसङ्गतिहरुले व्यक्तिगत सामाजिक इज्जतप्रतिष्ठिामा कुठाराघात पार्दछ । तर पनि कुशासन कुसँस्कार, कुसँगत, कुबुद्धिका कारण मान्छे **चिसो चिया** वाली अर्थात् भट्टी पसल्नी बन्न पुग्दछन् र आजआज भोलिभोलि गर्दै देहव्यापारको दलदलमा फस्न पुग्दछन् । त्यस्तै विसङ्गतिपूर्ण जीवन बाँच्नलाई नै यस्ता मान्छेहरु आनन्दको जिन्दगी मान्दछन् भन्ने कुरालाई यस कवितामा प्रष्ट्याउन खोजिएको छ । जसका केही पंक्तिहरु :

सस्ती रैछिन दोबाटोकी चिसो चियावाली
असवाफ छ तृष्णा सागर पूर्णपूर्णा खाली ॥
जमानाले जहिले पनि उसकै जय गाएपछि
एउटीले अनेकौको साझा माया पाएपछि ॥
अर्थोकभन्दा उसकै भाउ, आजभोलि चढेको छ
दोब्बर-तेब्बर मात्र हैन कयौ गुना बढेको छ ॥

**समय र समस्याः** समय गतिशील छ समयको बदलासँगै मानवीय समस्याहरु पनि परिवर्तनशील हुन्छन् समयको चक्रसँगै चल्न नसके दुर्घटनामा पर्न सकिन्छ । तसर्थ समयलाई बुझेर परिस्थितिअनुरुप चल्नुपर्दछ भन्ने जस्ता जीवनोपयोगी कुराहरुलाई यस कवितामा कलात्मक रुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

**नव वर्ष** समसामयिक जीवनरुपी आशावादी कविताका रुपमा यस नववर्ष कवितालाई लिइन्छ । नयाँ वर्षले व्यक्ति समाज, देश र अन्तराष्ट्रिय क्षेत्रमा समेत सर्वपक्षीय शुभारम्भ होओस् भन्ने मनोकामना अभिव्यक्त भएको पाइन्छ हो । अन्त्यानुप्रासको संयोजनको प्रयास भएको आशावादी रचनाका रुपमा यसलाई लिइन्छ । केही पंक्तिहरु :

नयाँ वर्ष अलाप्दै छ  आउँदा दिनहरु
विगतका तुलनामा फुलोस फलोस् अरु ॥
तपाइँकै हातमा हुन्छ भावी दिनको भाग्य,
कस्तो आगत निर्माण गर्ने योग्य कि अयोग्य ॥

**भ्रुणबोली**

साङ्केतिक रुपमा प्रस्तुत यस कवितामा सामाजिक विकृतिबाट भ्रुण अर्थात् गर्भ पनि बिरक्तिएको कुरा उल्लेख गर्न खोजिएको छ । यहाँ व्याप्त अन्याय अत्याचार, शोषण, दमन, हिंसा हत्या, चोरी लुटपाट, बलात्कार जस्ता अमानवीय व्यवहार देखि भ्रुण वा गर्भको बच्चा पनि स्तब्ध छ उसलाई भित्रै बस्न पनि सकस भएको छ भने बाहिरी दुनिया पनि आफ्नो बासस्थानबाटै उराठ लाग्दो लागिसकेको कुरा यस कवितामा सरलभाषा शैलीका माध्यमबाट प्रकट गरिएको छ ।

खुट्टा ठट्टाएर ग्वाँ ग्वा रुन मन लाग्छ मलाई
ग्याँससरि गुम्सिएका कुरा धुन मन लाग्छ मलाई ।
नयाँ कुराहरुलाई नै छुन मन उड्ने गर्दछ तर
पुरानै  कुराहरुलाई नै छुन मन लाग्छ मलाई ॥

**लचकता**

जीवन सधैँ विजयपथमा मात्रै विचरण गर्दछ भन्ने मान्यता गलत हो । समयको चक्रसँगै चल्ने क्रममा विभिन्न कुराहरुमा सम्झौता गर्नुपर्ने हुन्छ । आफूले जानाजान केही आफ्ना प्रतिकूल कुराहरुमा समेत लचकता अपनाउनु पर्दछ कसैको भलाइका निम्ति सानो भइदिनु, सहिदिनु, तल परिदिनु र अरुलाई माथि उकास्न सहयोग पुऱ्याउनु व्यक्तिको महानता हो । यस्तो महानताले समाजमा व्यक्तिको स्थानलाई उँचो बनाउँछ भन्ने जस्ता महान् भावहरु समेटेको जीवनवादी रचनाको रुपमा यस कवितालाई लिइन्छ । आशावादी स्वर सुसेलिएको यस रचनामा जीवन भोगाइका क्रममा देखिने लचकताहरु अभिव्यक्त भएको छ । यसका केही पंक्तिहरु :

थप्पड हान्नेलाई गाला थापिदिन्छु ,

स्वागत गर्नेलाई गाला थापिदिन्छु ।
अरुका सुखका निम्ति म
आफ्नो जिन्दगी नै झाँपिदिन्छु

**दसैं कस्तो मान्ने ?**

समसामयिक साँस्कृतिक चाडलाई संकेत गर्दै रचना गरिएको यो कविता विकृतिको विरुद्ध र संस्कृतिको समर्थनमा उभिएको छ । नेपालीहरुको महान् चाड बडादसैं फजुल खर्च, महङ्गा कपडा, आडम्बरी ढर्रा, देखासिखीको बहाना आदिले बोझिलो बन्दै गइरहेको परिप्रेक्ष्यमा मितव्यि, औकात बुझ्ने, आशिर्वादा थाप्ने, फूलपाती र अक्षेताको झिलिमिली, भेटघाटको संयोग, सद्भावनाको आधार, विवेकपूर्ण व्यवहारको अपेक्षा गर्ने दसैं मनाउनुपर्छ भन्ने सन्देशमूलक रचनाका रुपमा यस कवितालाई लिइन्छ । यसका केही हरफहरु :

फजुल खर्च गर्ने दसैं फाल्नुछ
मीतव्ययी बन्ने दसैं पालनुछ
ठूलो खसी खोज्ने दसैं फाल्नुछ ।
आफ्नो औकात बुझ्ने दसैं पाल्नुछ ॥

**गल्ती मेरै**

उमेरको उचाइसँगै मानवमा देखिने प्रेमभाव र यसबाट पर्ने प्रभाव व्यक्तिको व्यवहार, विचारको परिपक्वता तथा परिस्थितिमा निर्भर पर्दछ । प्रेमको अर्थ नै सद्भाव आत्मीयता, मिलन आदि हुन्छ । तथापि प्रेमको अर्थ जीवनमा धोका वाधा, अविश्वास, विछोड तथा घृणा हुन पुग्दछ । त्यस्तै समय साथी र उसको व्यवहारलाई चिन्न नसक्दा प्रेम घृणामा परिणत हुन पुग्दछ र प्रेमी-प्रेंमिका पश्चातापको भुङ्ग्रोमा पिर्सोलिन पुग्दछन् टाउको मा हात लगाउँदै पढाइ लेखाइ चौपट भएको, लक्ष्यमा असफल भएको र लहै लहैले बिचल्लीमा पारेको कुराहरु आत्मस्मरण हुन्छन् भन्ने किसिमको भाव यस कवितामा समेट्ने जमर्को गरिएको छ । जसका केही पंक्तिहरु :

काममा कतै जाने बाहाना हुन्थ्यो ।
अझबढी भेटको चाहाना हुन्थ्यो ॥
एकछिन ढिला भए धुरुधुरु मन रुन्थ्यो
जसले जे भनोस् त्यहाँ को सुन्थ्यो ?

**आज देशमा**

यो राष्ट्रप्रेमको भावनाले ओतप्रोत एक आशावादी स्वर सुसेल्ने कविता हो विभिन्न अप्ठ्याराहरु पार गर्दै देश बल्ल प्रशव पीडा पछिको सुन्दर छोराको निर्दोष मुहारमा हेरेर दुःख-पीडा बिर्सन लागेकी आमाझै भएको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण यस मुलुकमा विकासका शुभसंकेतहरु वसन्ती बागमा फूलका कोपिलाहरु फक्रन लागेको दृश्यझै देखिन थालेको भाव यस कवितामा प्रकट भएको छ । कविताका केही पंक्तिहरु :

हरेक कुराको आश
एकदम कम त्रास
समय सकिए झै बेचैनको
कतै भए झै कानुन ऐनको
मनमा उल्लास छाउँदा
विचारका झुत्ता लाग्छन्
सुन-सानको संकेत पाउँदा
मनमा आनन्द आउँदा
जीवन लाग्छ सुन्दर बहार हो
म अझ सुन्दर उपहार हो

**जीवनको तुलना**

गजलको ढाँचामा लेखिएको यस रचनामा जीवनलाई विभिन्न तरिकाले विश्लेषण गर्ने जमर्को भएको छ । समाजमा विविधता भएजस्तै आफ्नो हैसियत शिक्षा र परिस्थितिको दास हुँदै मान्छेले जीवनलाई अनुभूत गरिरहेको हुन्छ भन्ने कुरालाई तुलनात्मक विश्लेषणका साथ उल्लेख गरिएको छ । कतै जीवन मूल कतै जीवन भूल, कतै जीवन सार्वजनिक टुल, कतै जीवन पारदर्शी झूल, कतै जीवन सुवास छर्ने फूल, कतै जीवन पुस्ता जोड्ने पुलमै सीमित भएको कुरा यस कवितामा अभिव्यक्त भएको छ ।

कमाई टन्न हुनेहरुलाई जीवन मूल हो ।
भोको पेट भएकाहरुलाई जीवन भूल हो ॥

यस सङ्ग्रहमा सङगृहित मेरा कविताहरुले मान्छे समाज र देशसँग प्रत्यक्ष सरोकार राखेका छन् । प्रस्तुत कविताहरुमा मैले अग्रज कविहरुले जस्तो वस्तु विन्यास र शैलीविन्यासको निजत्व र मौलिकता कायम गर्न सकेको छु जस्तो लाग्दैन । यी कविताहरु

२५ दिमकै अवधिमा तयार गरिएकाले यिनमा त्यति निखार पनि आउन सकेको छैन जस्तो लागेको छ । कतिपय कविताहरु त कविता पनि बन्न सकेका छैनन् कि भन्ने शङ्का पनि लागिरहेको छ । तापनि मैले अग्रज कविहरुबाट प्रशस्त प्रभाव लिएर यी कविताहरुको रचना गरेकी हुँ त्यसैले यी जीवन भोगाइका अनुभव र अनुभूतिहरुका अभिव्यक्ति हुन । अन्यायको विरुद्धमा आवाज उठाउनु गरिब र निमुखाको पक्षमा उभिनु तथा जीवनका विसङ्गतिलाई औलयाउनु तथा नैतिक चेतका कुराहरुमा थोरै भने पनि टेवा पुऱ्याउनु, नै मेरा कविताको धर्म हो जस्तो लाग्छ । यही धर्मलाई शिरोधार्य गर्दै आगामी दिनुहरुमा म आफ्नो काव्ययात्रामा समर्पित रहने प्रण गर्दछु ।

# खण्ड तीन

## सिर्जनात्मक लेखनअन्तर्गत समाविष्ट गद्यकविता

### ३.१ अप्ठ्यारो जिन्दगी

### ३.१.१ अप्ठ्यारो जिन्दगी

जीवन मेरो उजाड सधैँ यो व्यथा कहाँ पोखूँ ?
सबैको साम् खिल्ली उडाई आफैलाई के लेखूँ ? ।
अरुले देख्छन् फुलेको मलाई आफू चै चाउरिएँ
फुल्ने र फल्ने आशामा थिएँ झन् अझ दाउरिएँ ॥

व्यवहार भन्या हार्नु नै पर्ने हारेको छु अझ,
जित्नलाई खोज्छु झन् हार हुन्छ । लौ गरौं के अब ?
चाउरिन्छ मरिच आफ्नै रागले म पनि त्यस्तै रे ।
गुमाए पछि लौ चाल पाएँ गुमाएँ सबैं ए ॥

केही छैन साथ केही छैन हात जोगी झैँ भा'को छु ,
यो मेरो जीवन हो या अर्कैको हरेश खा'को छु ।
छन् साथमा टन्न काँधमा चढ्ने थेग्नलाई गाह्रो भो
यो मेरो जीवन मलाई थेग्न अति नै सार्‍हो भो ॥

उपाय खोज्न म कहाँ जाऊँ बताउन उपाय ?
मान्छे छु देख्दा तर यो जीवन भा'को छु चौपाय ।
दुब्लो भो भनी छोडदैन चुस्न गाईको बाच्छाले
सहिदिन्छु बरु दुःख र दर्द हान्दैन लात्ताले ॥

काम छ त्यस्तो बर्षात्को गोरु जसरी नारिन्छ,
व्यवहार यस्तो काँधमा हिमाल कसरी तारिन्छ ।
सबैथोक सम्झी झोक्राइरहन्छु कुनामा बसेर
वैरागी बनी हिडूँ झै लाग्छ  खरानी घसेर ॥

### ३.१.२ आमा एक परमात्मा

आमाको माया आमाको मुटु अमूल्य खानी हो ।
संसारभरको सर्वस्व दिने सर्वश्रेष्ठ दानी हो ॥
आमामा  आस्था आमामा भक्ति सबैले लगाऔं ।
ममतामयी आमाको माया झन अझ जगाऔं ॥

आमा र बाबु मिलेर मलाई
रोपेर विरुवा हुर्काइ बढाई
फल खाने मीठो सपना तुनेर
उज्ज्वल भविष्य मनमा गुनेर

किनी-किनी महङ्गा किताब कापी
उँधारो लिएर केही राखी बाँकी
मनमा लिएर प्रशस्त आशा
बनोस् सन्तान भनेर खासा

खपेर दु:ख पीडा र सन्ताप
गरौ खुव भक्ति  नगरौ है पाप
चित्त चिताको दुखाई हामी
बन्दैनौ नामी बनिन्छौं हरामी

पार्नेको मर्म आफ्नी मातालाई
हरिन्छ भाग्य सबै हुन्न भलाई
तसर्थ बेला हैन यो डुल्ने
बिनाकाममा यताउति भुल्ने

कोपिला हामी विद्याका भोका
गर्नुपर्छ श्रम हुन्न दिनु धोका
विद्यार्थी जीवन जीवनमा उत्तम
कुमार्गमा लागी पार्नुहुन्न खत्तम

समयले भन्छ गर गर काम
मिहिनेत गरी कमाऊ इनाम
त्यसैले म भन्छु रमाएर जिउन
आफ्नै  कर्मको अमृत रस पिउन

नगर्नु होला यो काललाई
पश्चाताप  हुन्छ सालौं साललाई ॥

### ३.१.३ अङ्ग्रेजीभित्र अतिवाद

अङ्ग्रेजी कम पढियो
स्नातक पछि त छ्याङ्गै छोडियो
सबै शब्दको अर्थ थाहा छैन
काम चलाउँछु बढीको चाह छैन
साथीभाइको कुरा सुन्छु
त्यै कुरालाई मनमनै गुन्छु
प्रभाव हो कि कुप्रभाव
तल परिसक्यो भाषाविभाग
मेरी फलानो गर्लफ्रेन्ड
तेरी कुन गर्लफ्रेन्ड ?
उसको खोई गर्लफ्रेन्ड ?
मेरा चाहिँ सबै फ्रेन्डै फ्रेन्ड
आई ह्याव नो गर्लफ्रेन्ड
किनकि
प्राय शुद्ध नेपाली जान्दछु
अङ्ग्रेजीलाई आगन्तुक मान्दछु
यी दुवै मिलाएर पनि कहिलेकाही
भाषिक व्यवहार धान्दछु
त्यस्तै अङ्ग्रेजी भाषाको एउटा शब्द,
सुन्नोस् ! पहिला खुसी पछि स्तब्ध
'गरलफ्रेन्ड' शब्दलाई टुक्र्यायएर हेर्नोस्
तत्पश्चात, सही अर्थ टेर्नोस्
'गर ल फ्रेन्ड'अर्थात्  मैले जस्तै
गर ल साथी मैले जस्तै !
अरु हैन त्यै केटीलाई
त्यो केटी त्यस्तै छ, त्यसैले
उसलाई भनिएको हो
'गर ल फ्रेन्ड'-गर है साथी)
त्यै आश्वासन पहिला,
पछि रस्वादन पछि मनबाट निष्काशन

‘गर’ मा ‘ल’ जोड्दा गरल अर्थात्
जहर, प्राणघातक विषरुपी साथी
हैकम जमाउने आफूमाथि
‘गरल फ्रैन्ड’ हो चरित्रमा दोष
उमेरको उन्मादमा बेहोस
यी पाएकोमा दङ्ग नपरौं
गरल पाएकोमा
गर्व नगरौं
जानी जानी गरल (केटी/विष)
सेवन नगरौं !
विषरुपी साथी
पाएकोमा दङ्ग नपरौं ॥

### ३.१.४ विद्रोह विचारको

ठाउँ-ठाउँमा डढेलो लाग्दै छ
धनजनमात्र हैन तनमन पनि जल्दै छ
बल्नुपर्ने  नपर्ने दुवै ठाउँमा आगो बल्दै छ
जल्नुपर्ने कुराहरु पनि जल्दै छन्
नबल्नु पर्ने ठाउँमा पनि आगो बल्दै छन्
नजल्नुपर्ने ठाउँमा पनि आगो जल्दै छन्
जल्नुपर्ने थियो
बल्नुपर्ने थियो
अझ जल्नुपर्छ  अज्ञातका खाताहरु
अझ बल्नुपर्छ संस्कारका राँकाहरु
बस्ती बस्तीका सास्ती हटाउन
चेतनाको नीति  रटाउन
त्रासपूर्ण हैन साहसपूर्ण
वातावरणमा क्रान्तिको आगो  बाल्नुपर्छ
विकृति विसंगति फाल्नुपर्छ
तर , क्रान्तिको  आगो  बाल्ने निहुमा
सन्त्रास फलाउनु हुन्न शान्तिको बीउमा
प्रबल सम्भावनाहरु छन् विकासको
सयौ सुमार्गहरु छन् निकासको
मातृभूमिको मन मुटुमा दर्द छ
खाटामाथि  मल्हम नलगाऊ
भित्रभित्रै सड्न सक्छ
भित्री रोग पत्ता लगाऊ
अन्यथा रोगी मर्न सक्छ
कुशासन अगाडि बढ्नसक्छ
दुखाइ खपेरै भए पनि खाटा खोतल्नु पर्छ
तबमात्र

उपचारले दीर्घकालीन निको पार्छ
सत्यभावनाभित्र सत्कर्म छ
सत्कर्मभित्र सत्मर्म छ
हरेक कुरा साझा छन् हुनुपर्दछ
बिगार्ने काममा हैन
निकासमा सब उठ्नुपर्दछ ॥

### ३.१.५ असमानता

पक्षपाति जाडो
लाज रसम नभएको
सर्वाङ्ग सताउने
लबस्तरो अर्काको सरम विचार्दैन
जहाँ पायो त्यही भइदिन्छ
यसलाई रोकतोक छैन
मैले कसैलाई ढाटेको छैन
मुखिया बालाई बाक्ला सिरक र
बाक्ला ज्याकेट, कम्बल, आगो, हिटर
आदि लिएर आउँछ जाडो
जाडो सधैँ मुखिया बाको रवाफबाट टाढा छ
मुखिया बा असीवर्षे भए पनि
यसपालिको जाडोमा नुन लिन जानुहुन्न
कसैका करले हुन्छ र
उहाँ अलिकति पनि हरेस खानुहुन्न
मलाई भेट्न जाडो सामान्य
कपडा र न्यानोपना लिई
मेरो हैसियत विचार्न
मनमा धेरै कौतुहल
लिई आउँछ
म यसलाई 'जस्ताको त्यस्तै
ढिडोलाई निस्तै' जवाफ दिन तयार छु ।
तसर्थ ऊ
मसँग पौठाजोरी खेल्छ
तर , जित्न सक्दैन
भरसक बल गर्छ
केही लाग्दैन
धाक लगाउँदै अर्को सालको
पख्लास् भन्दै औलो ठड्याउँदै
झरेर फर्कन्छ , म खुसी हुन्छु

आफ्नो बहादुरीमा, तर

तर

पल्ला गाउँको

नामको धनीराम

उसलाई भेट्न  जाडो, गर्दै चाँडो  चाँडो

कात्रो र धारो लिएर आउँछ निश्चित छ,

असीवर्षे मुखिया बा सत्तरी वर्षे मलाई

छोडेर साठ्ठी बर्षे धनीरामलाई अर्को साल

जाडो नहुने लोकमा लिएर जान्छ ॥

### ३.१.६ आज देशमा शान्ति छ

आज देशमा शान्ति छ
समचारमा त्यही भन्यो
मुख्यसमचारमा !
पूरा समचारमा छिटफुट घटनाका कुरा
कस्तो छिटफुट? सुन्नोस् ।
शान्तिको कुरा मनमा गुन्नोस्
मालबाहक टडकले (टक) सडकको
बाखो किचेछ  अझ भनौं
बाखो मारेछ
एउटै गोठालाले उसको
झाँको झारेछ !
दसलाख क्षतिपूर्तिको माग
छिनभरमै गाडीमा आगोलाग
दुवैतिरका यात्रु  भागम्भाग !
कहाँ गयो खैं ? प्रहरी विभाग
वार्ता समिति  तीनै दिनमा गठन
यात्रुहरुको अर्को सङ्गठन
बन्दको विरुद्धमा बन्दै गर्ने
चक्काजाम खुलाउन,
अरुको भर नपर्ने
वार्ता समितिको अस्तित्व रहेन
कसै गर्दा पनि
वार्ता सफल भएन
बाखाको मोल आठलाखबाट
तलै गएन !
पाँचौ दिन आज,
चकित छ देख्ने समाज,
सुनेर मलाई लागिरहेछ लाज , तर
शान्तिको मात्र खबर छ आज
अशान्तिको हेर्नोस् विराज

हाम्रो सौभाव्य !
बाखाको दुर्भाग्य
धन्न ट्रकले मान्छे किचेन
यति चै ट्रकले पहिल्यै बुझ्रेछ ।
बाखाको दोष कसले जान्ने
आठ लाख दाम कसरी मान्ने ?
मान्छे भए दाम कति हुन्थ्यो ?
उसको नाम अमर रहन्थ्यो
परिवार पनि मालमाल
ट्रकवालाको हेर बेहाल !

भन्छन् देशमा शान्ति छ, तर
हामीभित्र यो भ्रान्ति छ
नियमका लागि मात्र नियम छ
न्यायका निम्ति  नियम चाहियो ।
शक्ति भए आठ सयको बाखाको
आठलाख पाइयो ।
अशक्त भए सित्तैमा सन्तान गुमायो
कीर्याखर्चका लागि दस वर्ष घुमायो ॥
शान्तिको मात्र खबर छ आज
अशान्तिको हेर्नोस् विराज ।

### ३.१.७ जीवन र भोगाइ

नगरी कर्म चल्दैन जीवन सोचेको जसरी !
संघर्ष गर सत्य छ पर भेट्टाउनु कसरी ॥

भरे र भोलि भनेर जीवन कसरी चल्दछ ?
तेलबिना बत्ती संसारमहाँ खै कहाँ बल्दछ ?

सुखको आशमा जन्माउँछिन छोरा विचरी आमाले ।
झन् उमेर ढल्यो झन् फुर्सद छैन घरको कामले ॥

धिक्कार छ मेरो जीवन भनी आफैलाई धिकार्छिन्
दुःखको मेरो सहारा भनी ईश्वरलाई पुकार्छिन् ॥

छोराको केही भर हुन्न भन्नु अत्युक्ति नहोला ।
बुढेसकालमा छोराको तापले कुन मान्छे नरोला ॥

सम्झन्छन् झलझल उमेर छँदा सबै काम गरेको ।
सपनाझै लाग्छ त्यो बज्र शरीर यो भला परेको ॥

समयसँग कसको के लाग्छ ? हार्नु नै पर्दछ ।
जे गर्नुपर्ने त्यो सबै काम यसैले गर्दछ ॥

विचरा बूढा विचरी बूढी मन सँधै अमिलो ।
उराती संसार विरक्ति लोक आँखा नै धमिलो ॥

गरिब अमीर सबैका उस्तै सन्तान सताउने ।
काम र कुरा हरेक चीजमा पूर्वजलाई अत्याउने ॥

यो गल्ती रीति यो गल्ती स्थिति आफैले नतोडे ॥
पाइन्छ दुःख भविष्यमहाँ यो गति नछोडे ॥

### ३.१.८ लाज छैन यिनलाई

जसले  जे जे भने पनि लाज छैन यिनलाई
छाड्ने हैनन कैल्यै पनि झुटो वचन दिनलाई ।

कसले टाउको टेकीकन ड्याकिदेला तिनलाई ।
अचम्म छ  सक्या कस्तो पचाउन घिनलाई ॥

खराब आदत बसिसक्यो पाए जति लिनलाई  ।
पिउने पानी समान मान्छन् यिनीहरु रिनलाई ॥

कसको लाज कसको सरम लवस्तरा हीनलाई ।
दयादृष्टि राखी दिने को चै होला दीनलाई ॥

जसले जे जे भने पनि लाज छैन यिनलाई ।
छाड्ने हैनन् कैल्यै पनि झुटो वचन दिनलाई ॥

### ३.१.९ मलाई पढ्नु छैन

मलाई पढ्नु छैन, यो बुर्जुवा शिक्षा
बुज्रुकहरुकले मलाई ,
कैल्यै सोचेनन् भलाई
खुट्टा हाली बोका बनाई
बेकामे शिक्षा रटाइरहेछन्
वित्थाका कामहरुमा खटाइरहेछन्
अन्वेषण -अनुसन्धान गर्ने
दुनियाँको मस्तिष्कमा रश्मी छर्ने
मेरो तीक्ष्णतालाई भुत्ल्याउन
डाँडाँमा लगेर खाल्डामा हुत्याउन
रातदिन बेकामका किताबहरुमा
मेरो मगज  खटाइरहेछन्
बुद्धि बोध्याउन नचाहिँदा मरेका कुराहरु
रटाइरहेछन्
तपाइँ भन्नुहोला वाहा !
फलानोले छोरालाई पढाइरहेछ
प्रगतिको मार्गमा अगाडि बढाइरहेछ ॥
तर , यो पढाइ जीवन लडाइ हो,
यो पढाइ आमा बाबुको बढाइँ हो,
यो पढाइ भविष्य सडाइ हो ,
यो पढाइ केवल पसिना कढाइ हो,
अझ निखेर भन्दिऊँ  भने यो पढाइ सूली चढाइ हो ॥
विवश छु पढ्न जानी-जानी लड्न
नचाहाँदा नचाहाँदै सड्न
समाज सतही छ  चेत अर्धचेतमा विलीन छ ।
दिमाग भएरै पनि दिक्दारिएको
उपस्थित वातावरणले धिक्कारिएको
स्वयंमा सक्षम भए पनि
मलाई कसैले प्रशंसा गर्दैन
कठैबरा विचरा भन्नु पनि पर्दैन

नङ्ग्रा खियाउन नरोके हुन्छ
सल्लाह कसैले लिदैन, आश्वासन पनि दिंदैन
हिम्मत छ, हित चिताउने छैनन्
बुझ्ने गुपचुप छन् कतिले बुझेकै छैनन्
'हो' लाई 'होइन' र होइन लाई हो
भन्न विबश बनाइन्छु
भन्नै पर्छ भन्छु अनि भनाइन्छु
भक्तहरुको भीडमा
भक्त बनिन विवश छु
भगवान्को नभएर अर्कै 'बान्' को झक्त
बलवान भएरै पनि छु म अशक्त
चिथोर्ने हो कि चोक्टा छर्ने हो
गोली ठोक्ने हो कि मुटु टोक्ने हो
त्राहिँ ! त्राहि !! वातावरणमा
पढ्नै नपर्ने कुरा पढ्या छु
दुनियाँका नजरमा अधि बढ्या छु
तर आफ्नै चित्त छैन शान्त
समस्यै समस्याले आक्रान्त
जोगी बनी बरु माग्नु परोस् भिक्षा
पछिल्ला पिंढीले पढ्नु नपरोस्
यस्तो प्रविधिशून्य शिक्षा
सीपसून्य शिक्षा
अशिक्षाको शिक्षा
नामको मात्र शिक्षा
विनाकामको शिक्षा
यो बुर्जूवा शिक्षा
छैन पढ्ने इच्छा
छैन सड्ने इच्छा

### ३.१.१० महानताभित्र मपाईत्वको मात

फूलमा जति सुवास हुन्छ, त्यति पातमा हुँदैन ।
दिलमा जति महानता हुन्छ, त्यति जातमा हुँदेन ॥
आपसी सत्भाव बढाउँदै जाऊ तिमी ।
तिम्रो, दायित्व अरुको हातमा हुँदैन ॥
विसंगतिको विजोग बनाउँदै जाऊ तिमी ।
हरेकको एउटै बाहिरी दाँत हुँदेन ॥
नराम्रोलाई पनि अझ राम्रो गर्दै जाऊ तिमी
सत्रुबाट पनि तिमीलाई घात हुँदैन ॥
मृदुभाषी बनेर अरुलाई मुस्कान बाड तिमी
तिमीलाई गाली गर्ने कसैसँग बात हुँदैन ॥
तिमीलाई हान्ने गोडामा ढोग गरिदेऊ तिमी ॥
यस दुनियाँमा तिमीलाई हान्ने लात हुँदैन ॥
जसरी नि महान् बन्ने कोशिस गर तिमी
महान्ताभित्र मपाईत्वको मात हुँदैन ॥

### ३.१.११ दूरदर्शी कहिल्यै रुँदेन

सोचेजस्तो सजिलै हुँदैन
दूरदर्शी कहिल्यै रुँदैन ॥

जमानाले कोल्टे फेऱ्यो आफू चाहिँ उस्तै ।
कति दिन बस्नु मैले बाउको घुँडो चुस्तै ॥
साथीभाई ठूलाबडा जागिरदार भाका ,
आफूभन्दा थाडनेहरु ठूला जागिर खाका,,
सोचजस्तो सजिलै हुँदैन
दूरदर्शी कहिल्यै रुँदैन ॥

के-के गर्ने सोच थियो भयो भताभुङ्ग
जता हेऱ्यो उतै देख्छु आफ्नो जीवन फुङ्ग ॥
भद्र बन्ने भद्रा हेर्दै बित्यो अढाई दशक,
यस्तै चाला हो भने बित्छ पूरै सतक ॥
सोचजस्तो सजिलै हुँदैन
दूरदर्शी कहिल्यै रुँदैन ॥

पढाइ लेखाइ भएन, कीर्ति पनि रहेन,
जति विपत् भोगे पनि दु:खै गएन ॥
दु:खीलाई दु:खै मिल्छ जता गए पनि
अशान्ति र त्रास हुन्छ धनै भए पनि ॥
सोचेजस्तो सजिलै हुँदैन
दूरदर्शी कहिल्यै रुँदैन ॥

विहेपछि सुख शान्ति एकदम कमले पाउँछन्
सुख पाउने आशमा फेरि अन्तैतिर धाउँछन् ॥
समयमै कुरा बुझ्नु पढाइ-लेखाइ गर्नु,
आफ्नो जाहान पाल्नलाई आफै अघि सर्नु ॥
सोचेजस्तो सजिलै हुँदैन

दूरदर्शी कहिल्यै रुँदैन ॥

सभ्य शिक्षित बन तिमी पाउँछौं  त्यस्तै जोडा
नत्र तिमले बन्नुपर्छ जीवनभरी घोडा
स्वावलम्बी बन्नलाई हुनुपर्छ असल,
असल मान्छे मात्रै हुन्छ जीवनमा सफल
सोचेजस्तो सजिलै हुँदैन
दूरदर्शी कहिल्यै रुँदैन ॥

### ३.१.१२ तिमी शेष आउँछ्यौ

गणितमा हिसाव गर्दा तिमी  शेष आउँछ्यौ
बजारभरि तौलदा नि तिमी वेश आउँछ्यौ ॥

देखावटीभन्दा बढी तिम्रो गाढा ममता छ;
परदेश धेरै बस्नुहुन्न कैले देश आउँछ्यौ ॥

जतिसँग दाँज्दा पनि तिमी अनुपमा छ्यौ;
कसैले नि सक्दैन नि तिमले जति ऐश ल्याउँछ्यौ ॥

कताबाट तिमीलाई हेर्ने इच्छा जाग्यो ;
बदलाका भावहरु फेर्ने इच्छा भाग्यो ।

एकोहोरो लजालु ती हेराइले हो कि ?
ओठमा गालाहरु जोर्ने इच्छा जाग्यो ।

परलीका तरेलीले तिर्मिराए आँखाहरु
प्रेमगीतमात्र गाउन खोज्दा लर्बराउँछन् भाकाहरु ।

मायालु ती मेरै आफ्नै हुनलाई पो हो कि ?
माया साट्न मुख फोर्ने अझ इच्छा जाग्यो ॥

### ३.१.१३ श्रीमती

कसैलाई हाँसो होला
कसैलाई चासो होला,
श्रीमती भन्ने शब्दप्रति
यिनले छाक टार्छिन
तपाइले कमाइदिए
यिनले वात मार्छिन
तपाई रमाइदिए
यिनले धनको धक्कु लगाउँछिन्
तपाईले जमाइदिए
खुसी हुनुहोस् जबर्जस्ती
उनले तपाईलाई  त्यस्तै चाहन्छिन्
सुनिदिनोस् समर्थन मात्र गरेर
यिनले नानाथरिका बात मार्छिन्
हँ हँ माथि हँ हँ  थप्दै जानोस्
छिमेकीका कुराले रात पार्छिन्
ठूलो परिवार भए त परिवारका कुराले
निदाउनै पाइँदैन रात टार्छिन्/काट्छिन्
प्रशंसाका भोका यी नारीहरु
आहा ! कति राम्री भनिदिनोस्
तपाईलाई माया खन्याएर दङ्ग पार्छिन् ।
मायाको ओइरो लगाउँछिन्
माइतीको विरोध गर्नोस् त
तपाइँको खोइरो खन्छिन्
पढाइलेखाइ र कामका कुरा झिक्नोस् त
तपाईलाई काममा जा
जा जा भन्छिन् ।

### ३.१.१४ चिसो चियावाली

सस्ती रैछिन् दोबाटोकी चिसो चियावाली
असवाफ छ तृष्णा सागर पूर्णापूर्ण खाली ॥

जमानाले जहिले पनि उसकै जय गाएपछि
एउटीले अनेकौको साझा माया पाएपछि ॥

अर्थोकभन्दा उसकै भाउ, आजभोलि चढेको छ
दोब्बर तेब्बर मात्र हैन कयौ गुना बढेको छ ॥

जीवन जिउन जे गरे नि मस्तीसँग बाँचेकी छे,
संस्कृतिको सत्यानाश विसङ्गति साँचेकी छे ॥

धर्मकर्म नैतिक मूल्य मर्महात छन् आज,
मुखमा राम राम-इत्यादिले सज्जिया राज ॥

चिमोट्याछन् मनहरु मनैहरु देखि
कुर्चा खाई बसिराछन् पीरवेदना लेखी ॥

वर्षातको दम्भसरि हाम्रो जिन्दगानी
जन्म मृत्यु बराबरी छैन नाफाहानी ॥

### ३.१.१५ समय र समस्या

कलम पनि वेथा बन्छ बेमौसममा परेपछि,
सुख पनि दुःख बन्छ अहङ्कारले भेरपछि ॥
मायाप्रीति झट्टै गर उमेर पुष्ट रहँदैमा,
हावाहीन र मट्टीमा लीन प्राण हाम्रो मरेपछि ॥
भविष्यको आधार सबै हालको कर्म न हो,
अवश्य अमर भइन्छ अहिले केही गरेपछि ॥
विनासहयोग अरुहरुको सकिन्न उक्सनलाई,
अस्तित्वबाट अनयासै एकपटक झरेपछि ॥
सबै कटाई र झटाइ झापड हुन्नन् ।
सप्रन्छ अझ बाली गाइले एकपल्ट चरेपछि
चक्रसरि चाल चल्छ घुमी आउँछ घरिघरि
भविष्यमा पक्कै फल्छ आज बीउ छरेपछि
सानातिना मौकाहरु बितेपछि बितिगयो,
खाना पनि कहाँ रुच्छ ? खानेबेला टरेपछि ॥

### ३.१.१६ नववर्ष

नयाँ वर्ष अलाप्दै छ आउँदा दिनहरु
विगतका तुलनामा फुलोस् फलोस् अरु ॥
तपाइँकै हातमा हुन्छ भावी दिनको भाग्य,
कस्तो आगत निर्माण गर्ने योग्य कि अयोग्य ॥
आफ्नो मनलाई वशमा राखी दृढ भई बस,
सुदृढ पार्न आगतलाई अझ कम्मर कस ॥
आफ्नो मनलाई कज्याउन सक्यौ भने हामी
दुनियाँलाई जित्न सकी बनिन्छौं है नामी ॥
अमन चयन छाओस् यहाँ अवस्था सुध्रियोस्,
शोषण दमन समाजबाट सिनित्तै उध्रियोस् ॥
अन्धमुस्टी कालरात्री झलझल भई बलोस्
सुखशान्ति समताले समाज सँधै फलोस् ,
तपाईहरुको जीवनमा शुभाशुभ छाओस्
हाँसो खुसी मात्र यहाँ नववर्षले ल्याओस् ॥

### ३.१.१७ भ्रुणबोली

खुट्टा ठट्टाएर ग्वाँ-ग्वाँ रुन मन लाग्छ मलाई
ग्याँससरि गुम्सिएका कुरा धुन मन लाग्छ मलाई ।
नयाँ कुराहरुलाई नै छुन मन उड्ने गर्दछ तर
पुरानै कुराहरुलाई नै छुन मन लाग्छ मलाई ॥
अचम्मको छ दुनियाँ, स्वार्थी छन् मान्छेहरु,
निस्वार्थी एवम् परोपकारी हुन मन लाग्छ मलाई ॥
विश्ववन्धुत्वको भावनासहित बाँचेर आज,
यही आमाको गर्भबाट पुनः जन्मन मल लाग्छ मलाई
तछाड मछाडको कलङ्क देखेर आज,
चर्केको घैटोको पानी झै चुहुन मन लाग्छ मलाई ।
दाजु भाइको काटाक्ष देखेर आज यहाँ
भ्रुणावस्थाबाटै तुहुन मन लाग्छ मलाई ॥
हज्जारौ थरिका विकृति देखेर आज
यही सानो संसारमा रहन मन लाग्छ मलाई
विनाकाम सोचिरहनु पर्दा पटाइ लागेर आउँछ
मर्त्यलोकमा झरेर थुप्रै कुराहरु कहन मन लाग्छ मलाई ॥

### ३.१.१८ लचकता

थप्पड हान्नेलाई गाला थापिदिन्छु ,
स्वागत गर्नेलाई  माला  थापिदिन्छु ।
अरुका सुखका निम्ति म,
आफ्नो जिन्दगी नै झाँपिदिन्छु
कोही अघि बढ्छ  भने म,
टाउको काँध दुवै थापिदिन्छु ।
यदि फालिन्छ भने केही म,
दुई गाँस बढी चापिदिन्छु ।
तपाईँलाई असजिलो हुन्छ भने
अर्कैतिर पाइला नापिदिन्छु ।
त्योभन्दा बढी के गर्नु खै ?
आदेश दिनोस् आफ्नै चित्ता तापिदिन्छु ॥

**३.१.१९ दसैं कस्तो मान्ने ?**

फजुल खर्च गर्ने दसैं फाल्नुछ
मीतव्ययी बन्ने दसैं पाल्नुछ
ठूलो खसी खोज्ने दसैं फाल्नुछ ।
आफ्नो औकात बुझ्ने दसैं पाल्नुछ ॥

दक्षिणाले खल्ती भर्ने दसै फाल्नुछ ।
आशीर्वादले मन भर्ने दसै पाल्नुछ ॥
झिलीमिली अक्षेताको दसैं पाल्नुछ ।
महङगा २ कपडाको दसैं फाल्नुछ ॥

जमराको गजुरको दसैं पाल्नुछ ।
जथाभावी ऋण लगाउने दसैं फाल्नुछ ॥
भेटघाटको मुख्य निहु दसैं पाल्नुछ ।
आडम्बरी दर्रा ढाँचा दसै फाल्नुछ ।

संस्कृतिको संरक्षणको दसै फाल्नुछ ।
विकुलिको पोको बोक्ने दसैं फाल्नुछ ।
घरघरमा रमझमको दसैं पाल्नुछ ।
वर्षभरि दु:ख दिने दसैं फाल्नुछ ।

देखासिखी गर्नुहुन्न दसैं पाल्नुछ ।
प्रतिस्पर्धी खर्च गर्ने दसैं फाल्नुछ ।
सबै हामी एउटै मान्छे दसैं पाल्नुछ ।
भेदभावको भेद गर्ने दसैं फाल्नुछ ॥

बाँच्न पाऊन् सबै यहाँ, दसै पाल्नुछ ।
बली प्रथा राम्रो छैन, दसै फाल्नुछ ॥
मलाई यो ! मलाई त्यो दसै फाल्नुछ
समस्याको समाधान होस् ! दसैं पाल्नुछ । ।

गोरुबेचे साइनो लाउने दसैं फाल्नुछ ।
ठीक्क ठाउँ ठीक्क चीज दसैं पाल्नुछ ।
संस्कृतिको निरन्तरता दसैं मान्नुछ
हैसियत बुझ्ने आफ्नो आफैं जान्नुछ ॥

कुन राम्रो कुन नराम्रो आफैं छान्नुछ ॥।
कोसेलीको आश गर्ने दसैं फाल्नुछ ।
आपन्तको आश गर्ने दसै पाल्नु छ ॥

### ३.१.२० गल्ती मेरै !

कामममा कतै जाने बाहाना हुन्थ्यो ।
अझबढी भेटको चाहाना हुन्थ्यो ॥
एकछिन ढिला भए धुरुधुरु मन रुन्थ्यो
जसले जे भनोस् त्यहाँ कसले सुन्थ्यो ॥
हामीले जे चितायो त्यही हुन्थ्यो ।
त्यसैले म तिमीमा विलीन भएँ ॥
क्रमैसँग हराउँदै गएँ ।
परिणाम तिम्रो मन चिन्न नसक्दा ॥
तिम्रो पाइलामा हिड्न नसक्दा
मेरो जार (नाँठो) सँग भिड्न नसक्दा
लाचार बन्नु सिवाय उपाय भएन ॥
टाउकोमा हात लगाउँछु , भाग्यले धोका दियो
उनलाई चिन्न नसक्नु गल्ती मेरै थियो
अल्लारे उमेरमै अल्मल्यायौ ।
पढाइ लेखाइ सबै खल्बल्यायौ ॥
धैर्य धारणको अनुरोध गरें ।
तिम्रो लिडेढिपीको विरोध गरे ॥
अमृतरुपी वचन तिमीलाई सहय भएन ।
मेरो बोलीको केही मोल रहेन ॥
नगर्नु पर्ने काम तिम्रै ढिपीले गरियो ।
कारण तिमी नै हौ सबैतिर पछि परियो ।
तिम्रो साथले मलाई न केही दियो ।
नजानेर पछि लाग्नु गल्ती मेरै थियो ॥

### ३.१.२१ आज देशमा

हरेक कुराको आश
एकदम कम त्रास
समय सकिए झै बेचैनको
कतै भए झै कानुन ऐनको
मनमा उल्लास छाउँदा
विचारका भुत्ता लाग्छन्
सुन-सानको संकेत पाउँदा
मनमा आनन्द आउँदा
जीवन लाग्छ सुन्दर बहार हो
म अझ सुन्दर उपहार हो
समचारमा विकास बढे
समस्याका निकास बढे
पत्रिकामा लासका भारी कम भए
रगत पोतिएका बारी कम भए
विदेसिने युवाहरुको जमात कम भयो
सिउँदो पुछिने क्रम कम भयो
मासु लुछिने क्रम कम भयो
बाँच्न गाऱ्हो पार्ने क्रम कम भयो थोरै भने पनि हरेक नेपालीको ओठ
चोक चौतारो र गोठमा
लाली चढेको छ, खुसी बढेको छ
अझ राम्रो हुने पक्का गर्न मन अघि बढेको छ ।
यस्तै उत्तरोत्तरको कामना गर्न
हरेक समस्याको कामना गर्न तपाई हामी अझ ताम्सिनुछ
अग्रगामी नेपालतर्फ लम्किनुछ
मगमग  फूलझै गम्किनुछ
विश्वकै चम्किलो भई चम्किनुछ

### ३.१.२२ जीवनको तुलना

कमाई टन्न हुनेहरुलाई जीवन मूल हो ।
भोको पेट भएकाहरुलाई जीवन भूल हो ॥

हज्जार हर्कतहरुको बीचमा बाँच्नुपर्दा ।
बेफुर्सदिलो जीवन सार्वजनिक टुल हो ॥

पालैपालो शीत र उष्ण बेहोर्दा बेहोर्दा हैरान ।
जीवन बीच सडकको उराठिँलो तुल हो ॥

जसरी टाले पनि सबैतिरबाट देखिने ।
जीवन सवाङ्ग देखिने पारदर्शी झुल हो ॥

मनमा सदाकाल सन्तोषको बास भए ।
जीवन सदाबहार सुवास छर्ने फूल हो ॥

पुर्ख्यौली बिँडो थाम्ने मानवहरु बीच ।
जीवन लीला पुस्ता जोड्ने पूल हो ॥

# सन्दर्भग्रन्थसूची


अभि सुवेदी, **पाश्चात्य काव्य सिद्धान्त**, काठमाडौः ने. रा. प्र. प्र., वि.स.२०३० ।

केशव प्रसाद उपाध्याय, **विचार र व्याख्या**, ललितपुर : साझा प्रकाशन २०५० ।

केशवप्रसाद उपाध्याय, **रिमालः व्यक्ति र कृति,** काठमाडौ ः साझा प्रकाशन ।

गोपालप्रसाद रिमाल, **आमाको सपना (कवितासङ्ग्रह),** काठमाडौं : साझा प्रकाशन ।

गोपिकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, काठामाडौंः अभिनव प्रकाशन २०५६ ।

डा. कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुखवाद,** त्रि.वि. पाठ्यक्रम विकासकेन्द्र, काठमाडौं, नेपाल ।

डा. केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** काठमाडौंः साझा प्रकाशन, नेपाल ।

डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, दो. सं ,काठमाडौ : सङ्कल्प प्रकाशन वि.स. २०३९ ।

डा. ताराकान्त पाण्डेय, **प्रगतिवाद र कविता,** काठमाडौं ।

डा. दयाराम श्रेष्ठ सम्भव र मोहन राज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास ,** ललितपुर : साझा प्रकाशन वि.स. २०४० ।

डा. वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, ललितपुर साझा प्रकाशन वि.स. २०५८ ।

पारिजात, **पारिजातका कविताहरू (कवितासङ्ग्रह),** काठमाडौः साझा प्रकाशन, नेपाल ।

पारिजात, **आकांक्षा (कवितासङ्ग्रह)** काठमाडौंःसाझा प्रकाशनं, नेपाल ।

पुरुषोत्तम सुवेदी, **आतङ्क गन्ध (कवितासङ्ग्रह)** नेपाल साहित्य गुठी वि.स. २०४८ पुष ।

----, **एक्लो विजेता (कवितासङ्ग्रह)** साझा प्रकाशन वि.स.२०५४ ।

बालकृष्ण पोखरेल, **राष्ट्रभाषा** न स ललितपुरः साझा प्रकाशन, वि.स. २०५० ।

वासुदेव त्रिपाठी र अन्य, (सं.) **नेपाली कविता भाग ४,** द्वि.सं. ललितपुर, साझा प्रकाशन ।

विमल निभा, **आगोनिर उभिएको मानिस (कवितासङ्ग्रह),** काठमाडौंः प्रतिबद्ध त्रैमासिक ‘लहर’ मूलपानी।

------, **एउटा बाहुला नभएको बुसर्ट (कवितासङ्ग्रह),** कालचक्र नेपाल वि.स. २०६० ।

विप्लव ढकाल, **निर्जन बन्दरगाह** (कवितासङ्ग्रह), काठमाडौः निहार प्रकाशन वि.स. २०५१ ।

-----, **कालो मध्यान्तर** (कवितासङ्ग्रह) कालचक्र नेपाल वि.स.२०६० ।

मञ्जुल, **मञ्जुलका नयाँ कविहरू (कवितासङ्ग्रह),** साहित्यसन्ध्या परिवार वि.स. २०४५ ।

-----, **मृत्यु कविता (कवितासङ्ग्रह),** ललितपुरः साझा प्रकाशन पुलचोक, ।

मधुसूदन गिरी, **आधार सिविर (कवितासङ्ग्रह),** सिर्जनात्मक लेखन अन्तर्गत त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र वि.स. २०४९ ।

राजेन्द्र सुवेदी, **सिर्जन विधाका परिधिमा पारिजात,** वाराणसीः भूमिका प्रकाशन, यु.पी., (भारत) ।

--------- **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि,** ललितपुरः साझा प्रकाशन पुलचोक ।

लक्ष्मिप्रसाद देवकोटा, **लक्ष्मि निबन्धसङ्ग्रह** ललितपुरः साझा प्रकाशन आठौं संस्करण वि.स. २०३९ ।

सुकुम शर्मा, **पारिजातका कविताको अध्ययन** काठमाडौंः सनलाइट पब्लिकेशन नयाँबजार, कीर्तिपुर, ।

सम्पादकमण्डल, **नेपाली साहित्यकोश**, प्र.सं., काठमाडौं : ने.रा.प.प्र., कमलादी, वि.स. २०५५ ।

## परिशिष्ट

### १. गोपालप्रसाद रिमाल

### क) कवितको गान

एक जङ्गलमा पक्षीवर्गले
'कन्सर्ट पार्टी' धुमधाम रचे
कविलाई हराउने उद्देश्यले
कोइलीले 'को हो' को पञ्चम सुरमा
मयुर छमछमछम गरी नाच्ने,
तित्रा सरताल मिलाउने,
यहाँ यस्तो थियो ।

कवि पनि डुल्दै
नजिकैको नदीतिरमा बसे,
अनि आफ्नो टिपको सूरमा गाए एक अमूल्यगान ।

कोइली लुकी, मयुर रुख चढी,
तित्रा पनि अलि हटेर बसी
मृतराज मृगाशावक चाट्न लागे
डमरु गजसिन नास्न
बाजलेछाड्यो माछा मार्न ।

निडर माछाहरूले भने
'गाउनुहोस् कविजी ! नमस्ते!'

### ख) जङ्गी निसान हाम्रो

रातो र चन्द्रसुर्जे, जङ्गी निसान हाम्रो ।
जिउँदो रगतसरि यो, बल्दो यो सान हाम्रो ॥
हिमालझैँ, अटल यो, झुकेनयो कहिल्यै ।
लत्रेन यो कहिल्यै, जङ्गी निसान हाम्रो ।
यो जन्मदै जगत्मा कैयौ प्रहार आए
साम्राज्यदुई हारे, हारेन सान हाम्रो ॥
जबसम्म चन्द्रसुर्जे आकाशमा रहन्छन् ।
तबसमम हुन्छ आफ्नै रातो रगत  यो हाम्रो ॥
गाईसरि छन् साधु जोजो यहाँ जगत्मा ।
सबको सरन बलियो, जङ्गी निसान हाम्रो ॥

### ग) होस

म मानिस आफ्नो खुसीले जन्मेको होइन,
आफ्नो खुशीले मर्ने पनि होइन
यो ज्ञान  कसलाई भएको हो साथी ?

यो संसार सपना हो,
जीवन पानीको फोका हो,
यहाँ कोहि पनि आफ्ना छैनन्,
जो छन् तिमीजस्तै नै जन्मेका हुन्
तिमीजस्तै नै मर्ने हुन्
यो वैराग कसलाई भएको हो साथी ?

म सर्वसम्पन्न अर्थात् ईस्वर हुँ,
म भोगि हुँ,

म सिद्ध हुँ,
म जतिको अरू कोही छैन्
म मोज गर्छु
यस्तो मोहजाल, यस्तो प्रकारको अज्ञान
कसलाई भएको हो साथी ?

म मानिस न त आफ्नो खुशीले जन्मेको हुँ
न आफ्नो खुसीले मर्ने हुँ ।
यस्तो मोहजाल, यस्तो प्रकारको अज्ञान
कसलाई भएको हो सार्थी ?

कामी क्रोधीहरू काफ्नो मनोकामना
पूर्ण गर्नाका लागि अन्यायपूर्वक
धन जम्मा गर्ने चेष्टा गर्छन्,
काम, क्रोध र लोभ यी तीन तमोद्वार हुन्,
यो होश कसलाई भएको हो साथी ?

म त न आफ्नो खुशीले आँखा खोल्ने हुँ ,
न आफ्नो खुशीले आँखा चिम्लने हुँ, साथी !
यो होश कसलाई भएको हो साथी ?

**२. पारिजात**

**क) छल**

धरती र आकाशको किरियाखाएर म भन्छु
मानवतालाई विशवासघात गर्नेका निम्ति ,
म, स्वयंवरका नवरात्रिमा पनि
चाल मारेर भाग्छु ।

कसैको सम्पूर्ण हुन खोज्ने
स्वप्नांकुरलाई समेत चटक्क चुँडी
कहिले नदेखेकालाई
म वरमाला पहिराउन पुग्छु ।

धरती र आकाशको किरिया खाएर
साँच्चै म मानवलाई नै छल्छु
अझ छल्नैपरे मृत्युका छायामा
कसैको अवोध अनुहारलाई
झुठो प्रेम गरेर छल्छु ।

मेरा जलनहरू चिताले जलाउन नसके
तप्त हृदय स्वीकार गर्ने कोही सहृदय नभए
कसैले थाहै नपाई
ग्रीष्मका घाममा डढेको वालकको
आँत जलाएर बल्छु
म मानवतालाई छल्छु ।

छल्नैपरे मेरा व्यथाका आँसु
जोवन फुट्नखोज्ने किशोरीहरूका आँखामा
विसाएर जान्छु ।

अनि तम श्वासका भरमा पनि
टुहुरोको भोको पेट चिमोटेर जान्छु ।

धरती र आकाशको किरिया आएर भन्छु
मानवतालाई विश्वासवात गर्नेका निम्ति
स्वयंवरका नवरात्रिमा पनि
चालमारेर भाग्छु
म मानवतालाई नै छल्छु ।

**ख) मृत्युका अगालोमा**

मध्यरात झ्यालबाट आएर जून मेरो ओछ्यानभरि पग्लन्छ
म बेरिइसकेकी छु कात्रोमा
च्याहानजस्तै भइसकेको छ मेरो ओछ्यान
केही विलिन हुन खोज्छ ममा
केहीजान खोज्छ मबाट
तर यसैलाई मैले आफ्नोशेष मान्न सकिन
म त मर्दै  बाँच्दै गर्छु रात बिरात आफ्नै लास अघि राखेर
म चित्ता खाएर रोइरहेकी हुन्छु
म आफ्नै लासको मलामी
नमर्दै बनिसकेकी म आफ्नै ख्याक,
आधा मसान त मैले चाहारिसकें
प्रत्येक रात वैतरणीको पानीले भिजेका हुन्छन्
निस्सार यात्रा गरेर पर्केका मेरा पाइतलाहरू
तर उपनिषद्का पानामा यसरी बोल्दैन नि मृत्यु,
मृत्यु खेल्न गाउँको बच्चालाई फर्कदा
आमाको स्वागत ।
अन्त्य होइन विश्रान्ति
भइगो छोडिदिऊँ ती सब
कति नै पो थाकेकी छु र बिसाउनलाई
कति नै पो खेलेकी छु र फर्कनालाई
आऊ एकक्षण त कालो दृष्टिले नहेरौं
यस संसारलाई
किन भने जीवनलाई मैले पशुले जस्तै सहिदिएकी छु
तर झर्न कत्ति हतार यस फुललाई
कस्तो रहर हिउँदका दिनलाई छोट्टिएर वित्न
एक रातका अवचेतनतामा
हारेर फर्कन्छ  मृत्युजीवनका हातबाट
किन र ? मुट्ठिभरी भरी पाइन्छ किला शरिरमा ठोक्नलाई
किन र ? गाग्रीभरी भरी पाइन्छ विष पिउनलाई
तर अभाग !
मानिस मर्दैन ।

यो बीसौं शताब्दी हो
यहाँ मृत्यु न सहज छ न दुलर्भ
यसैले त
एक अलछीलाग्दो दिनभरि घस्रनलाई
एक आस त बास भएको जीवन दिनभरि जिउनलाई
अभागी आँखा झिस्मिसेमा उघ्रन कति तम्सिरहन्छ,

युग अल्मलिन्छ, समय आउछ नयाँ पनलाई संघारअघि रित्याउँदै
कि समयलाई समा पुरानै ढंगले बित्नुपर्छ
सुखीलाई दुःखी र दुःखीलाई सुखी बनाउँछ
तर परिवर्तन लाटिन्छ मेरो तटस्थताअघि
पूर्णविराम लागेको जविनको रहर
नियमबद्ध, एकनास खोई चली त रहेकै छ,
चारदिवारी हाँस्न मन लाग्छ
यो चारदिवारी माउसुली, कमिलाको लस्कर
मटानको एक टुक्र सोच्ता हुन्
सजीव तर जीवनहीन चल्मलाउँछ अलि अलि
झर्कोलाग्दो फाल्नुपर्ने,
किन कहिले पनि उठेर जाँदैन त्यो बोझ
कुना कुनमा बोझ बनेर मानिस खाई त बाँची रहेकै छ
लक्ष्यमा नपुग्दै चिप्लेकीरा आफुलाई खुवाइसक्छ
तर म त्यही पनि सक्तिंन
नसम्झ म गएपछि धेरै ठुलो केही हराउछ
मैले ओगटेको सानो ठाउ
त्यस ठाउँभरिको तातो, चिसिन्छ
म चिसिन्छु,
मेरा डस्नाको एक हिस्सा र दोलाईका एक छेउले
एक हलुको अस्तित्व र बाच्ने विवशता
भागेर गएको थाहाँ पाउछन्
म सिद्धिन्छु मर्नु भन्दा पहिल्यै
मानिस यहाँ मरेर पनि त कति सिद्धिएका छैनन्
तर हामीलाई त सजिनु छैन हगि प्रिजरभेशन र ममिजमा ?
हिमाल गंगोत्रीमा सधैं आफूलाई पगालिरहन्छ तर सिद्धिदैन
मलाई त मर्नु छ
आफैले हेरिरहनु छ सिद्धिएको, गलिरहेको आफूलाई
ए ! कसो विलीन नहुँला त एक दिन

**ग) टाढा जान चाहन्छु म आफ्नै सपना र बिपनादेखि**

हो, मैले तिम्रो धेरै विरोध गर्न खोजेको छु
तिमीलाई हस्तक्षेप गर्न खोजेको छु
तर सपनामा
मेरो केही लाग्दैन
म खुकुलिएर, पग्लिएर, लट्टिएर, नाङ्गिएर
तिम्रो काखमा तेर्सिन पुग्छु
आफूलाई समर्पित गरिदिन्छु
र हुरीले लखेटेको सुख्खा पातजस्तै
म हारेर निस्कन्छु सपनाका संसारबाट
बिपनामा, एउटा तीतो यथार्थमा सधैंको पराजित
र सर्वप्रथम सम्झन्छु
हरे ! म सपनामा पनि सुखी छैन
मेरो त सपना पनि प्रयास बाँच्छ एउटा बिरोध गर्न
संघर्ष लड्छ एउटा हार खान
कहाँ म वगेर जान पाएको रहेछु त आफ्नै सचेततामा कतै
म बिउँझन्छु र दिनभरि आफ्ना विपनालाई तर्साएर हिँड्छु ।

मेरो बिपनाको खास कथानक छैन
यो बौलाहाको भ्रम र बकबास हो
यो पराकाष्ठामा पुग्दा नपुग्दै तार  चुँडिएर
चित्कार खाएको विरक्त धून
सिम्सार खोज्दै हिडेको
यो उड्ने फूलको बिरुवा वाटो बिराएर
जेठको डढेलोमा पुगेजस्तै
यो भविष्यका अन्तिम दिनहरूमा
यो जो मेरो विपनाको टुङ्गो लागिसक्यो
मैले शुरु नगरेको वाटोमा
मेरा थाल्नीहरू कहीं उछिट्टिएर गइसके
कस्तरी म भोगी रहँदो रहेछु त एक विवश सिलसिलामा
आफ्ना आरम्भका विपरीत एक अन्तमा ।

हो ! म सकुँला
तर मलाई मोह छैन
देवीनाचका भाकामा सधैं विपनाको मुकुण्डोभित्र ढाकछोप गर्न
आह ! एक व्याकुल मर्म !
विपनाबाट थाकेर हामीलाई सपनामा छुट्कारा छैन
सपनाबाट तर्सेर हामीलाई विपनामा समवेदना छैन
लत बसेको छ हामीलाई
प्रत्येक भ्रमको चोट आफ्ना आङमा बज्रन दिन
हामीलाई मुक्ति छैन
हामीलाई आश्रय छैन
त्यसैले यो श्वास फेराइलाई म बाँच्नुको अर्थ दिन सक्तिनँ ।
म चाहन्छु भाङ धतुराका नसामा सधैं म आफूलाई बिर्साइरहन
म चाहन्छु मिर्गीका आक्रमणमा सधैं आफूलाई उफाइरहन
म चाहन्छु लामो बेहोसीको निहुँ गर्दागर्दा थाक्न
चाहन्छु म टोलाउन
आफ्नै स्मृतिदेखि टाढा
केही क्षण ।

**३. मञ्जुल**

**क) मेरी आमा**

रातो गुराँसको फूल देखेपछि म आमालाई संझन्छु
किनभने मेरी आमालाई रातो मन पर्थ्यो
रातो सारी, रातो चोलो
रातो पोते रातो सिन्दुर
रातो टीका लगाएकी चरित्रवान प्रौढ महिलालाई देख्दा
म मेरी आमालाई संझन्छु
किनकि मेरी आमा त्यस्तै हुनुहुन्थ्यो
म शहीदहरूको वीरगाथा सुन्दा आमालाई संझन्छु
किनकि मेरी आमालाई वीर, वीराङ्गनाले माथि उचालेको
सँगिनी र लोककथा मन पर्थ्यो ।

हेप्ने र हेपिनेहरूमा
मेरी आमा हेपिनेहरूको पक्ष लिनुहुन्थ्यो
दुःख दिने आमा हामी छोराछोरीहरूलाई हेरेर

कहिलेकाही मुस्कुराउनुहुन्थ्यो
तर पनि मेरी आमालाई आँशुले नै धेरै मन पराएँथ्यो
उहाँ कलकल बग्ने आँशुको खोला जस्तै हुनुहुन्थ्यो
त्यसैले गरीबहरूलाई देख्दा
मलाई आफ्नै आमालाई देखे जस्तो लाग्छ
उनीहरूको निम्ति सम्पूर्ण कुरा न्यौछावर गरेर संघर्ष गर्दा
मलाई आफ्नै आमाको लागि संघर्ष गरिरहे जस्तो लाग्छ
मेरो जीवनको अनुभव पनि के छ भने
यो गरीवनको मायामा नै मैले आमाको माया पाएको छु)

मलाई सुहाउने चिटिक्कको परालको भारी बनाइदिएर
मेरी आमा मलाई काम गर्न सिकाउनुहुन्थ्यो
म घाँस काट्थें, कोदो टिप्थेँ, कोदोको नल काट्थें
बारी खन्थेँ, मल बोक्थें
मेरी आमा मलाई स्नेह र मुस्कान लिएर
मेरो प्रशंसा गर्नुहुन्थ्यो
मेरी आमा खाली हात बस्नुहुन्नथ्यो
एकछिन आराम गर्दा पनि लाखबत्ती कातेर बस्नुहुन्थ्यो
त्यसैले काममा जुटिरहँदा
म आफ्नै आमासँग बसिरहे जस्तो अनुभव गर्छु।

दादुराले सताउँदा मेरी आमा मलाई बोक्नुहुन्थ्यो
र गीत सुनाउनुहुन्थ्यो
ज्वरोले सताउँदा मेरी आमा मलाई बोक्नुहुन्थ्यो
र गीत सुनाउनुहुन्थ्यो
लड्दा, चोटपटक लाग्दा
मेरी आमा मलाई जतन गरेर प्वाँखले औषधि लगाइदिनुहुन्थ्यो
त्यसैले विरामीलाई माया गर्ने, दुखेकालाई माया गर्ने मानिसहरू देख्दा
म आमालाई संझन्छु।

मेरी आमा अर्काको दुःखलाई पनि आफ्नै दुःख जस्तो अनुभव गर्नुहुन्थ्यो
र सघाउन अघि सर्नु हुन्थ्यो
यस्ता मान्छेहरूलाई देख्दा म आमालाई संझन्छु
जबजब म न्याय र सत्यको लागि सकृय रूपले स्रंघर्षरत हुन्छु
जबजब मलाई आमाको तिख्खर संभ्ना हुन्छ
आमा त्यतिवेला मनोबल उठाउन भनेरै उभिनु भए जस्तो लाग्छ ।

पूर्णिमाको टहटह जूनलाई देख्दा
म आमालाई संझन्छु
किनकि मेरी आमा जूनलाई पूजा गर्नुहुन्थ्यो
म उहाँको नजिकै बसेको हुन्थेँ
पूणिमाकै दिन जन्मेको मेरो अनुहारमा
शायद उहाँ पूर्णचन्द्रको कान्ति देख्न चाहनुहुन्थ्यो
मेरी आमा
फूलको थुँगा या शीतको जस्तै सानी
तर हिमाल जस्तै उच्च या आकाश जस्तै फराकिलो हुनुहुन्थ्यो

**ख) मेरो साथी गाउँ भएछ**

ऊ सम्भावनाका नयाँ सपनाहरू भएर
आएको छ
मेरो साथी गाउँ भएको छ
उसको दृढता पहाड भएको छ
उसको कोमलता खोला भएको छ ।

उसको प्यारलाई बालकहरू चङ्गा बनाएर उडाउँछन्
ऊ गाउँको बगैचामा फूल भएर फुलेको छ
शून्यता भएर जब कहालिन्छ ऊ
गाईवस्तुहरू कराउन थाल्दछन्
सल्लाघारीमा नमीठो सुस्केरा दगुर्न थाल्छ ।

त्यसो त ऊ पाखाका गीतहरूमा मिसिएको छ
बूढाका मुखहरूबाट
एउटा मीठो कथा भएर झरना जस्तै झरिरहेछ
मेरो साथीले सुन्दरतासँग बिहे गरेको छ
ऊ गाउँ भएको छ ।

स्कुले नानीका किताबका पानाहरूभित्र लुकेको छ ऊ
बाँसुरीको धुनको मीठोचाहिँ भागमा बसेको छ ऊ
मेरो साथीले सादापनलाई रोजेको छ
ऊ गाउँ भएको छ ।

ढिकीमा कुटिएको चामल पनि ऊ नै हो
जाँत्तोमा पिंधिएको मकै पनि ऊ नै हो
दलानमा राखेर डङ्डङ्ती लाठोले चुटिएको कोदो पनि ऊ नै हो ।

मैले उसको एउटा आँखा गाउँको पोखरीमा देखे
उसका दुवै हातहरू हुर्कदै रुखका हाँगाहरूमा
मेरो साथी सुन्तलाको रसमा मिसिएको छ
ऊ गाउँ भएको छ ।

बालकहरूले ओढारमा
एउटा सानो आकाश राखिदिए
त्यसैबाट उसको आँखा बन्यो
मानिसहरूले
गाउँको खोल्सीबाट कुलो खनेर खेतमा ल्याए
त्यसैबाट उसको आँशु बन्यो
भोलि ऊ अरूणोदय बनेर मुस्कुराउँछ
र चरीको चिरबिर भएर बिउँझिन्छ
मेरो साथी चुलोचुलोबाट सिग्रेट तानिरहेको छ
ऊ गाउँ भएको छ ।

□

**ग) बिदाइ गीत**

तिमी यहाँका पहाडहरूमा उचाइ भएर उभियौ
यहाँका नदीहरूमा सतह भएर बग्यो
वनमा चरा भएर उड्यौ, फूल भएर फूल्यौ
अहिले तिमी गीत बनेर टाढाटाढा जान लागेछौ
तर संझ, हामी सबै अटाउने एउटा ठूलो आकाश अझै बाँकी छ
(गीत जतिसुकै टाढा पुगोस् त्यसको खुट्टा मान्छेको हृदयमा हुन्छ ।)

संझनाहरू गुराँस भएर फुलिरहने छन्
आत्मियताहरू घामका झुल्काहरू भएर घरका पेटीहरू टेक्न आइरहने छन्
हार्दिकताहरू इन्द्रेनी भएर डाँडामा उभिरहने छन्
मायाको घाम यी साना गाउँघरमा लागी नै रहने छ
तिमी बाटो भएर टाढाटाढा जान लागेछौ
तर संझ, हामी सबै अटाउने एउटा ठूलो ब्रह्मण्ड अझै बाँकी छ ।
(बाटो चाहे जहाँदेखि जहाँसम्म पुगोस् त्यसका दुवै अन्तहरू उक अर्कासँग जोडिएका हुन्छन्)

**४ विमल निभा**

**क) पिठ्युँ**

यो मेरो पिठ्युँ हो
तर केही क्षणपश्चात
मलाई लाग्छ
यो मेरो होइन
कुनै अर्केको पिठ्युँ हो
जो निहुरिएको छ धुलामा एकनासले
आगाको प्रचण्ड राम छेउ खडा छ
भास्सिएको छ हिलामा सर्वाङ्ग
र खनिरहेछ बाटो रोपिरहेछ धान
फोरिरहेछ चट्टान
म हेरिरहेछु यहाँबाट
नाङ्गै छ उसको पिठ्युँ
जहाँबाट ठोक्किएर बेस्सरी
चम्किरहेछ बिजुली
गर्जिरहेछ बादल
र भइरहेछ वर्षात
अथवा यो त्यसको पिठ्युँ हो
जो हराएको इतिहासको गह्वरमा
र थकानले क्लान्त
लामो लामो सास फेरिरहेछ वर्तमानमा
त्यहाँ हेर गहिरिएर
कोरिएका छन् असङ्ख्य आकृतिहरू
जय र पराजयको समय र सङ्घर्षको
अन्धकार र प्रकाशको
यन्त्रणा र जागृतिको
भोक र साहसको निराशा र प्रयत्नको
मलाई त्यो मेरै अनुहार भएको
कुनै परिचितको पिठ्युँ जस्तो लाग्छ
जो भविष्यको द्वार खोल्न तमतयार छ
अथवा यो त्यसको पिठ्युँ हुन सक्छ

जो आफ्नो आयूको नाङ्लामा
निफनीरहेछ सृष्टिको आरम्भदेखि
दुख, प्रेम, करुणा,
निन्द्रा, छाया, अनुभव,
मातृत्व, सहनशक्ति, उसमा
स्वप्न, शोच, रङ्ग
स्मृति, इच्छा, सौन्दर्य
साहस, उमेद, गति इत्यादि
जहाँबाट जन्मन्छ सभ्यता
र फैलन्छ चारै तिर
समूद्र पहाड र मैदानमा
एसिया , युरोप र अफ्रिकामा
अथवा जहाँ जहाँ समयको चपल
पाइलाको छाप छ
अथवा यो त्यसको पो पिठ्युँ हो कि
जो गर्दछ पिठ्युँकै कारोवार
कमाउँदछ मुनाफा
र पिठ्युँहीन पार्न खोज्छ समाजलाई
उसको पिठ्युँ छोपिएको छ मखमलले
सुनचाँदीको मोलम्बा लगाइएको छ
र जडिएको छ महंगो पत्थरले
जहाँ घाम पर्न सक्दैन
हावा छिर्न सक्दैन
त्यो मेरो पिठ्युँ होइन
कदापि मेरा पिठ्युँ होइन
त्यो हाम्रो पिठ्युँ हुनै सक्दैन ।

पृथ्वीको भार महशुस गरिरहेछु
म आफ्नो पिठ्युँमा ।

**ख) एउटा बाहुला नभएको बुसर्ट**

मेरो साथीका लागि
मलाई खरिद गर्नु थियो एउटा बुसर्ट
एकातिर बाहुला नभएको बुसर्ट ।
जनान्दोलनताका
महेन्द्रको सालिकनेर पुलिसको गोलीले
मेरो साथी ढलेका थियो
र उसको एउटा हात काट्नुपऱ्यो

त्यस बेलादेखि मेरो साथीलाई
अलि भिन्न प्रकारको बुसर्ट चाहिन्छ
एकातिर बाहुला नभएको
तर कुनै पनि पसलमा
त्यस्तो बुसर्ट पाइएन

जा मैले यो साथीलाई भनेँ
उसले मुस्कुराएर भन्यो
मलाई दुवै बाहुला भएको बुसर्ट
भए पनि हुन्छ मित्र

लौ हेर, मेरो हात
अहो ! यो कस्तो अचम्म
उसका दुईटै हात यथावत् थिए
केही क्षणपश्चात्
खुसीको आवेगमा
मैले साथीसँग हात मिलाउन खोजें
तर यो के भयो
मेरो एउटा हात छैन

मलाई चुपचाप देखेर
मेरो साथीले भन्यो
मित्र, अचम्म नमान
यो तिम्रै हात हो
काम चलाउनलाई मैले लिएको
एउटै हातले भए पनि
काम गर्न सकिने रहेछ
मेरो साथी र म
दुईतिरै बाहुला भएको बुसर्ट लगाएछौं
यद्यपि उसको एउटा हात छैन
तर यसले के फरक पर्छ
मेरो त छ

एक दिनको कुरो हो
जनताहरूलाई आह्वान गर्दै
प्रधानमन्त्री हात हल्याइरहेका थिए
मैले पनि स्वागतमा
हात हल्लाएँ
र जोसमा बेस्सरी
दुवै हात उचाल्न खोजें
तर यो भएन
किनभने मसँग एउटा हात थिएन
सायद मेरो साथीसँग थियो

पछि साथीसँग भेट हुँदा
मैले भनें
खोइ मेरो हात
उसले गम्भीर भएर भन्यो
मसँग तिम्रो हात छैन मित्र
म पनि गम्भीर भएँ
र सोच्न थालें
कुन्नि, यो के भइरहेछ
गायब हुँदै छन् अकस्मात् हातहरू
पञ्चायतको अँध्यारो कालमा
मेरो साथीको एउटा हात गयो
र प्रजातन्त्रमा मेरो एउटा हात

हामी दुवै जना साथीहरूको
एक-एकओटा हात छैन

अब तपाइँहरू नै भन्नोस्
हामीहरूले कसरी
दुवै बाहुला भएको बुसर्ट लगाउने ?

**ग) एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ**

म इतिहास लेखिरहेछु
यो मिस्र देशको उपाधिकारी राजा 'फराओ' र उसको
देउता 'प्ताह' र 'ओसिरिस' को सहस्रौं वर्ष
पुरानो इतिहास होइन
क्यालिफोर्नियाको भयङ्कर खानव 'गोबिला' को
प्राचीन अमेरिकन इतिहास हो
र इङ्गल्यान्डको जैरो मठमा रहने 'बिड' को मध्ययुगको धार्मिक इतिहास
Ecclesiastical History पनि होइन
हामी यस विश्वकै मानव हौं
र यहाँको मानवइतिहासमा हाम्रो पनि स्थान हुनुपर्छ
त्यसैले यस विश्वइतिहासको कुनाकाप्चामा
जहाँ करुण क्रन्दन छ
जहाँ लामो सुस्केरा छ
जहाँ ठूलो पुकार छ
त्यैको एउटा सानो सँगालो हाम्रो देशको यो इतिहास हो
यो इतिहासको प्रथम अध्याय मेरा बाजेदेखि सुरु हुन्छ

**प्रथम अधयाय**

उहिले-उहिले एउटा गाउँमा मेरा बाजे हुनुहुन्थ्यो
उहाँले आफ्ना खेल्ने दिनहरू ढुङ्गा बोक्नेसँग
साट्नुभएको थियो
जवानीको जीवन खेतका माटाका डल्लासँग
तौलनुभएको थियो
र बुढेसकालको आयु जमिनदारको हन्टरसँग नाप्नुभएको थियो
अनि एक दिन भनेजत्तिकै बाली तिर्न नसकेकाले
उहाँको सानो छाप्रामा जमिनदारका
गाई, बाखा र भेडाहरू कराइरहेका थिए
र उहाँको लाचार परिवार पानी परिरहेका रात
घाँसको चौरमा मौन थियो
(साँच्चै, यस्तै छ एउटा किसानको इतिहास
एउटा बाजेको इतिहास)
जति दिन उपवास बसेर गान्धीको नाउँ अखबारमा
कोरिएको थियो
त्यसभन्दा धेरै दिन उपवास बस्नुपरेर
मेरो बाजेको नाउँ यमराजको अखबारमा कोरिएको थियो
(यत्ति हो मेरा बाजेको इतिहास
र हाम्रो इतिहासको एक अध्याय
जुन मेरा बुबाको जन्मिदाखेरिको रुवाइमा
करुण क्रन्दनको रूप लिए
दोस्रो अध्याय थप्न जन्मिन्छ )

**दोस्रो अध्याय**

… दुःख भरिएको भाका बोकेर
मेरो बुबाको जन्म भएको थियो
(र मानवइतिहासको दुःखको पोकामा एउटा दुःख
थपिएको थियो )
उहाँले मातृत्वको छाया त्यस बखत
पाउनुभएको थियो
जब दूध सुकेर मेरी बजैले उहाँलाई
औंला चुसाउनुभएको थियो
जब छाप्राको सानो संसार छाड्नुपरेर
बाजेले चौरमा शरण लिनुपरेको थियो
उहाँले घाँस खाएर आफ्नो वीर्यका थोपाहरू
जम्मा गर्नुभएको थियो
त्यसैले आज उहाँको छोरो पशुझैं हाड, घोटिरहेछ
अनि एक दिन बिरामी भएर काम गर्न नसक्दा
जमिनदारको जति हन्टरका दागहरू
उहाँका जीउमा थिए
आज त्यही नै मेरो नीला-नीला नसाहरूमा
परिणत भएको छ
बरखोयांस्कको झैं जाडोमा एउटा सानो लगौंटीमा
जाडोलाई पोको पारी उहाँले न्यानो बटुल्नुभएको थियो
र सहाराको झैं गर्मीमा पसिनाको खोलामा नुहाई
उहाँले शीतलता प्राप्त गर्नुभएको थियो
चन्दनको धूवाँले नेहरूको लास सिँगारिएको दिन
उहाँको चुलो चिसै थियो
र यसै गरी फेरि एउटा किसानको आयु रित्तिन्छ
मेरा बुबाको जीवन टुङ्गिन्छ
हाम्रो इतिहासको दोस्रो अध्याय सिद्धिन्छ

**तेस्रो अध्याय**

…अहिले वर्तमान जिन्दगीमा म छु
समुद्रमा फ्याँकिएको गहुँझैं निरर्थक जिन्दगी बोकेर
म चामल भरिएको बोरा लाद्छु
खाली बोरा भएर
दस दिनसम्म भोको बसेर एक दिन
रु. १० को सिक्का कमाएको थिएँ
जस्मा अङ्कित थियो …
'सबैका लागि खाद्य '
एक दिन ज्वरोले पीडित भएर
अस्पताल गएको थिएँ
तर असपतालका ढोका बन्द थिए
किनभने त्यो दिन थियो 'विश्व स्वास्थ्य दिवस'
रकेटमा बसेर अमेरिकनहरू
चन्द्रमाका लागि उडेको दिन
मेरो छाप्रो पनि हुरीको रकेटमा बसेर
उडेको थियो
मैले पसिना ओछ्याएर बनाएकको सडकमा
अस्ति मेरो वीर्यका जीवीत थोपाहरू
मोटरको पाङ्ग्रातल छ्यालब्यालिएका थिए

र आजभोलि त्यही मन्दिरका खुला ढोकाहरू
मेरा लागि बन्द छन्
जसलाई बनाउन मेरो रगत बलिदान
भएको थियो
किनभने म तल्लो जातको छु रे
(साँच्चै, यस्तै छ एउटा तल्लो जातको इतिहास
एउटा मान्छेको इतिहास
एउटा मजदुरको इतिहास )
शर्षिक विहीन मेरो वंशको यो अधुरो इतिहास
म समर्पण गरिरहेछु आफ्नो छोरालाई
किनभने मेरो प्यारो छोराले
यसमा अरू अध्याय थप्नेछ
रिक्सा चलाएर
पसिना ओछयाएर
रगत सिध्याएर

**५ पुरुषोत्तम सुवेदी**

**क) युद्ध**

भित्तामा एकाग्र कुरेर बसेका छन् माउसुली
आदिम कुनै राजकुमार झैं तीरधनुष भिरेर
कम्पायमान युगका नगराहरू बजेका छन्
चराहरू आतंकित आकाश ढाकेर उडेका छन्
म युद्धको उद्‌गण्डता सम्झेर बसेको छु ।

युद्ध आखिर मर्ने र मार्ने खेल नै हो
दुब्ला मारिन्छन्, अशक्त हारिन्छन्
बलियाबाट विजयका डंका मारिन्छन्
प्रथम र द्वितीय महायुद्ध कुन नारामा लडियो ?
कैयौ मुक्तियुद्धझैं त्यो मुक्तिदाता पनि होइन
कुनै उन्माद झैं आयो, सकियो, गयो ।
स्नेहपुञ्ज छेउमा कतै मस्त निदाएको छ
कुनै कडा चट्टानबाट निर्मल पानी निस्केझैं
हाँसोका स्निग्ध फोहराहरू लुटाइएका छन्
कालो छायाँ शिरबाट हटाउन लालायित
स्नेहका थप्पडबाट बेहोश
उनको अनुहार हेरिउन्जेल म आस्तिक हुन्छु ।

एक्लै बस्दा पनि कसैले हेरिरहेझैं लाग्छ
हेराइका आतंकबाट आतंकित
मनलाई झुटो सान्त्वना दिनपुग्छु म
समय आखिर घुस खाएर पनि आफ्नो बनिदिंदैन ा
-पहिले धर्म र पापको निर्णय हुनुपर्छ
धर्म थोरैको मित्र, धेरैको सहयोगी पाप
मनमा तौलेको छु त्यसको यथार्थ तौल ।

युद्धको अस्तित्व छातीभरी छामिरहेछु
महिलेझैं युद्धमा अब लोभ्याउने शक्ति छैन
युद्ध अव प्रयोगशालबाट लडिन्छन्
कीटाणु युद्धका जिवाणुहरू पालिएका छन् कैदमा

अब भीम र दुर्योधनको गदायुद्ध हेर्न पाइन्न
दुर्योधनको अधर्म तिघ्रामा अब धर्म गदा बजि्रँदैन
दिन र रातमा धर्मयुद्ध गरिँदैन ।
किनकि अब धर्मयुद्ध गरिँदैन ।

एकाग्र कुरेर बसेका माउसुली भित्तामा
पुतलीको शिकारमा एकाग्र-मस्त
अघि बढ्दा कैयौ पटक भित्ताबाट खसेका छन्
खस्नासाथ आधा शरीर भागेका छन्
न त खण्डित हुँदा मर्छन्, न त पुरै शरीर जित्छन्
जितेमा लड्छन् नत्र सम्झौता टेबुलतर्फ बढ्छन्
तर पनि मौका बेमौका युद्ध गर्छन्
तुरुन्तै शुरूआत, तुरून्तै सन्धि
युद्ध-आफै युद्धबाट पराजित छ ।

**ख) समय**

निस्तबध रात आज हिजोभन्दा फेरिएको छैन
हत्यारा झुन्डहरूको खासखुस अझै थामिएको छैन
समय-पीडाले आक्रान्त मान्छेपन चिच्च्याउँदैछ अझै
सहर यातना अझै थपिरहेछ नग्न छाती
मातातीर्थका स्नेहशीलामा मन समर्पित छ ।

मुक्तिका गीत सुनौं कि बाँच्नुका रीत भोगौं ?
रजस्वला धर्ती वा शुष्क आकाश रोजौं ?
टुक्राटुक्रा शरीरको एक हिस्सा तिमीलाई
अभिशप्त आदम म बैंसका खालहरूमा च्याँखे
नियतिका हिउँदे बगरमा म शीताङ्ग चिसो रात ।

सारा खुसीहरू कल्पना नचाएर पनि अधुरो
सारा दुःखहरू छातीमा सुताएर पनि अतृप्त
मैले केवल मातृत्वको पीडा भोग्न पाइनँ
रातरातहरू अनिद्राका यातनासँग साट्न पाइनँ
उम्मेदहरूको टाउकामा उमेरहरू टेक्दै गएँ
मन र तनका सन्तुलन गुमाउँदै गएँ ।

एक छेउमा प्रणयका उन्मादहरू हात थाप्छु
अर्को किनारामा वियोगका वैधव्यहरू सुसाउँछु
अनन्त तारेभीरहरू नाघेको छु दुस्साहसका पाइलामा
आस्थाको हत्यापछि माटो भेट्छु कोलम्बस यायाबरी
युगयुग सपनामा भेटिरहेछु, बिपना मान्छे हारिरहेछु
मेरी छोरीलाई कुन माटो दिऊँ दाइजोमा ?

प्रत्येक सिता भातमा दासताका इस्तिहार कोर्छु
प्रत्येक थोपा रगतमा सम्भावित हत्याका मिसिल पल्टाउँछु
सडकको गतिशीलताको परिचय खोइ ?
न कमिलाका ताँतीमा लघुता, न त हात्तीका पाइलामा गहनता
निनिमेष पर्खिरहेछु समयका आस्मिक सवारीहरू
समय ! तिमी अर्को वर्ष मसँग भेट है !

**ग) सडक सपनाको कलिपत शिलालेखमा**

सत्ताको गमलाका सिस्नाहरू नदेखाऊ
म मान्छे आवाज कुर्लिरहेछु क्षितिज हेरेर
मृत्युमा जीवन रोप्नेहरूको यो अविरल यात्रा
हाँसेका बालकहरूबाट तृप्त यो पितृ-आनन्द
आकाश ढाकेर हामी सडक हिँडिरहेछौं ।

वनझाँकी-दीक्षित यी फुच्चे मूर्तिदेवहरू
कहिलेसम्म पलाउने बारुद यो मकै बोटमा ?
जिन्दाबादका हातहरू चिथोर्ने समय पीडाहरू गए
फूलमा रगत छर्ने रात्रि उत्कर्ष पनि गए
सडकमा हामी मान्छे पहाड दौडिरहेछौं ।

एक सूर्य आकाशमा बहुसूर्य ज्योतिहरू
टुकी बालेर आरती गर्नेहरूका आस्थामा चम्क
मान्छे जीवन देऊ मान्छे हातहरूमा सल्कँदै
आकाशमा हुर्कने विप्लवहरूका गर्भिणी आमाहरू
सडक सपनाको कल्पित शिलालेखमा
हातहरू राख, प्रसवपछिका उत्कर्षको
मान्छे सपना र आँखा सडकैसडक दौडिरहेछन् ।

सडकहरू डुडेर मनको सवारीमा
बहुसूर्यहरूको एउटै आकाश
प्रतिस्पर्धा अस्ताचलतिर पटकपटक साँझमा
सडक सपनाको कल्पित शिलालेखमा
आकाशमा विप्लव हुर्किरहेछ ।

क्षतविक्षत सानो वृत्तमा बाँधिएका दोपाया/चौपाया
आक्रमण जारी छ - प्रतिरोध जारी छ
जमिनमाथि खुट्टा टेकिएका छन्
आकाशमा विस्कुन सुकिरहेछ ताराहरूको
पदचाप रोकेर मान्छे सडकैसडक दौडिरहेछ ।

रातो धर्सा र रातो टीकाहरूको यो महायात्रा
मान्छे सपनामाथि दौडिरहेछ
मायायुद्धका राक्षसहरू पनि कतै छन्
मान्छे जिजीबिषाको रक्तउन्माद यो हठ
सडक रङ्गाउँदै बगिरहेछ/भागिरहेछ ।

□□